महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

तुल्सिपुर उपमहानगरपालिका, दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १६२ मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
तुल्सिपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दाङ।

कैफियत सहितको राय

हामीले तुल्सिपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. तुल्सिपुर उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू. १७ करोड ३६ लाख ५८ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ३ करोड ७४ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९ करोड ४८ लाख ६३ हजार, नियमित गर्नुपर्ने रू. ३ करोड ९४ लाख २७ हजार र पेश्की रू. १९ लाख ३ हजार रहेको छ ।पालिकाको गतवर्ष ३३ करोड ६७ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ५१ करोड ४ लाख ५५ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. तुल्सिपुर उपमहानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

तुल्सिपुर उपमहानगरपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
१०१	६९	१७३६५८	०	०	०	१०१	६९	१७३६५८	३७४६५	३९४२७	९४८६३	०	०	१३४२९०	१९०३

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दाङ	३३६७९७	०	०	३३६७९७	०	१७३६५८	५१०४५५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : तुल्सीपुर उप महानगरपालिका, दाङ , तुलसीपुर उपमहानगरपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Mohan Paudel	२०७८-६-२०	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Bhaskar Raj Gautam	२०७७-४-१	२०७८-५-१६
लेखा प्रमुख	Basudev Adhikari	२०७७-४-१	
		बेरुजु रकम	१७३,६५८,२१८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७,९०,२८,४३५.३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१,००,७०,४२,६५७	**चालु खर्च**	९५,३७,८५,४३५.७२
प्रदेश सरकारबाट अनुदान	८,४९,१०,०००	**पूँजीगत खर्च**	६०,५२,४५,७५३.७७
राजश्व बाँडफाँट	२२,७०,५३,५८२.१२	**वित्तीय/अन्य व्यवस्था**	५३,६७,८५,०१०.५२
आन्तरिक आय	२५,६५,३६,७७५.७५		
अन्य आय	४२,३७,४८,५५१.४१		
कुल आय	१,९९,९२,९१,५६६.२८	**कुल खर्च**	२,०९,५८,१६,२००.०१
बाँकी मौज्दात		१८,२५,०३,८०१.५७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस तुलसीपुर उप महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु तुलसीपुर उप महानगरपालिकाको उद्देश्य रहेको छ । यस तुलसीपुर उप-महानगरपालिका अन्तर्गत १९ वडा, ९९ सभा सदस्य, ३८४.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा १ लाख ४९ हजार जनसंख्या रहेको छ ।	
२			**वित्तीय अवस्था** शुत्र सफ्टवेयरबाट जारी भएको भुक्तानी र प्राप्तिको विवरण यस प्रकार छ।	

प्राप्ती भुक्तानी हिसाव

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१,९५,७१,६१,९५६.७५	१,४६,२६,००,२७७.५९		१,४६,२६,००,२७७.५९	१,३४,३६,८१,८६९.११		१,३४,३६,८१,८६९.११
क. प्राप्ति(संचितकोषमा आम्दानी बाँधिने)		१,९४,७१,०६,६५७.७५	१,४४,०२,०९,७४१.४१	०	१,४४,०२,०९,७४१.४१	१,३२,४९,९०,०२५.१४	०	१,३२,४९,९०,०२५.१४
११००० कर	११	३४,५१,०४,२१०	३६,६४,७५,९९३.९०	०	३६,६४,७५,९९३.९०	२५,५९,१८,०१५.७६	०	२५,५९,१८,०१५.७६
१३००० अनुदान		१,१३,६४,५२,६५७	९४,११,१७,१७८	०	९४,११,१७,१७८	१,०२,३४,८५,१००	०	१,०२,३४,८५,१००
संघीय सरकार	१२	१,००,७०,४२,६५७	८६,३४,१७,६५७	०	८६,३४,१७,६५७	९५,५९,७८,०००	०	९५,५९,७८,०००
प्रदेश सरकार	१२	८,४९,१०,०००	७,३९,३२,५००	०	७,३९,३२,५००	६,२५,५६,०००	०	६,२५,५६,०००
अन्तरिक श्रोत	१२	४,४५,००,०००	३७,६७,०२१	०	३७,६७,०२१	०	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			बैदेशिक श्रोत	१२	०	०	०	०	२७,३६,१००	०	२७,३६,१००	
			जनसहभागिता		०	०	०	०	२२,१५,०००	०	२२,१५,०००	
			१४००० अन्य राजस्व		१६,७५,५०,०००.७५	१३,२६,१६,५६९.५१	०	१३,२६,१६,५६९.५१	४,५५,८६,९०९.३८	०	४,५५,८६,९०९.३८	
			३३००० दायित्व		२९,७९,९९,७९०	०	०	०	०	०	०	
			ख. अन्य प्राप्ति		१,००,५५,२९९	२,२३,९०,५३६.१८		२,२३,९०,५३६.१८	१,८६,९१,८४३.९७		१,८६,९१,८४३.९७	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०	
			कोषहरु		१,००,५५,२९९	०	०	०	०	०	०	
			धरौटी		०	२,२३,९०,५३६.१८	०	२,२३,९०,५३६.१८	१,८६,९१,८४३.९७	०	१,८६,९१,८४३.९७	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			भुक्तानी (ग+घ)		२,१२,२१,३३,०३२	१,५८,७६,८२,९२९.५१		१,५८,७६,८२,९२९.५१	१,२३,३९,१४,०७७.६७		१,२३,३९,१४,०७७.६७	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		२,११,२०,७७,७३३	१,५६,८७,५८,९७८.६५		१,५६,८७,५८,९७८.६५	१,२२,७०,२६,५७६.६७		१,२२,७०,२६,५७६.६७	
			२१००० पारिश्रमिक / सुविधा	१८	५३,२९,५३,४०६	४९,२१,२१,७०७.११	०	४९,२१,२१,७०७.११	४४,४८,८९,१६६.२६	०	४४,४८,८९,१६६.२६	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	३८,३७,२८,२७०	३०,०६,६२,८२८.२६	०	३०,०६,६२,८२८.२६	१६,४४,६३,४७३.४९	०	१६,४४,६३,४७३.४९	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय									बेरुजु रकम
			२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	१८	४८,९७,०५२.१६	४८,९७,०५२.१६	०	४८,९७,०५२.१६	३५,००,०००	०	३५,००,०००	
			२५००० सहायता (Subsidy)	१८	८६,८५,०००	८३,५६,८७१	०	८३,५६,८७१	१३,९०,४६,३९८.७५	०	१३,९०,४६,३९८.७५	
			२६००० अनुदान	१८	१,४७,५८,०००	१,२४,२९,३१०	०	१,२४,२९,३१०	०	०	०	
			२७००० सामाजिक सुरक्षा	१८	१४,५९,०३,०७६	१३,४२,७६,२८९.३५	०	१३,४२,७६,२८९.३५	१,५३,६०,७५४.४०	०	१,५३,६०,७५४.४०	
			२८००० अन्य खर्च	१८	५९,४२,३४१	५९,३८,४३०	०	५९,३८,४३०	२८,१४,९४९	०	२८,१४,९४९	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१,००,८८,७९,८५०.८४	६०,५२,४५,७५३.७७	०	६०,५२,४५,७५३.७७	४५,३०,९८,४१७.१६	०	४५,३०,९८,४१७.१६	
			३२००० वित्तीय सम्पत्ति	१८	१५,००,०००	०	०	०	०	०	०	
			३३००० दायित्व	१८	४८,३०,७३७	४८,३०,७३७	०	४८,३०,७३७	३८,५३,४१७.६१	०	३८,५३,४१७.६१	
			घ. अन्य भूक्तानी		१,००,५५,२९९	१,८९,२३,९५०.८६		१,८९,२३,९५०.८६	१,२३,३९,१४,०७७.६७		१,२३,३९,१४,०७७.६७	
			कोषहरु		१,००,५५,२९९	०	०	०	०	०	०	
			धरौटी		०	१,८९,२३,९५०.८६	०	१,८९,२३,९५०.८६	६८,८७,५०१	०	६८,८७,५०१	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			ङ. यो वर्षको बचत (न्युन)		(१६,४९,७१,०७५.२५)	(१२,५०,८२,६५१.९२)		(१२,५०,८२,६५१.९२)	१०,९७,६७,७९१.४४		१०,९७,६७,७९१.४४	
			च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२,२३,७८,५१४.५८		२,२३,७८,५१४.५८	५,९६,३२,२७६.७६		५,९६,३२,२७६.७६	
			वर्षान्तको बाकी रकम (ङ + च)		(१६,४९,७१,०७५.२५)	(१०,२७,०४,१३७.३४)		(१०,२७,०४,१३७.३४)	१६,९४,००,०६८.२०		१६,९४,००,०६८.२०	
			बैंक तथा नगद बाकी	२४		(१०,२४,४६,३३७.३४)		(१०,२४,४६,३३७.३४)	१८,८८,७६,९९१.४२		१८,८८,७६,९९१.४२	

कार्यालयले तयार गरेको आय व्यय र सूत्र प्रणालीबाट तयार आम्दानी खर्चको विवरण अनुसार देहायको कैफियत देखिएका छन् ।

क) सुत्र प्रणाली अनुसारको प्राप्ति भुक्तानी हिसाव अनुसार गत वर्ष २०७७ आषाढ मशान्तको मौज्दात रु १६,९४,००,०६८/२० रहेकोमा यो वर्ष २०७७ श्रावणको शुरु मौज्दात जिम्मेवारी रु २,२३,७८,५१४/५८ सारेकोले रु १४७०२१५५३।६२ घटि जिम्मेवारी सारेको देखिएको कारण उल्लेख नगरेकोले यकिन गर्नु पर्दछ ।

ख) कार्यालयले तयार गरेको एकिकृत आय व्यय विवरणमा २०७७ आषाढको मौज्दात रु.२७,९०,२८,४३५।३० रहेकोमा सूत्र प्रणालीमा २०७७ आषाढको मौज्दात रु १६,९४,००,०६८।२० देखिएकोले प्रणालीमा उल्लेखित र एकिकृत आय व्ययमा उल्लेखित मौजदातमा रु १०९६२८३६७।७१ फरक देखिएकोमा कार्यालयले कारण उल्लेख गरेको देखिएन । कार्यालयले यसको फरफारक गर्नु पर्दछ ।

ग) एकिकृत आय व्यय विवरणमा यस बर्षको कुल आय रु.१,९९,९२,९१,५६६।२८ रहेकोमा सुत्र प्रणालीको प्राप्ति तथा भुक्तानीको विवरणमा आफैले गरेको प्राप्ति अनुसार रु.१,४६,२६,००,२७७.५९ देखाएकोले कार्यालयको आम्दानीमा रु.५३,६६,९१,२९९।४१ फरक देखिएकोले यकिन गर्नुपर्दछ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**शिक्षा आन्तरिक नियन्त्रण**	
३.१			कार्यालयले विद्यालयमा निकासा हुने रकमको स्पष्ट विवरण खुल्ने गरी विद्यालयगत निकासा रजिष्ट्रर राख्नुपर्नेमा राखेको छैन। विद्यालयहरुको लागि वास्तविक रुपमा निकासा हुनुपर्ने रकम र भुक्तानीको यथार्थ विवरण खुल्ने गरी निकासा रजिष्टर अद्यावधिक गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३.२			उपमहानगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम कार्य भए नभएको अनुगमन गर्ने, सोको प्रतिवेदन तयार गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने गरेको छैन। सार्वजनिक विद्यालयहरुको अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।	
३.३			स्थानीय तहले निजी विद्यालय व्यवस्थापनको लागि अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयहरुको अनुगमन गर्ने तथा निर्देशिकाले तोके अनुसार अध्ययन शुल्क निर्धारण गर्ने गरेको छैन। तोके बमोजिम निर्देशिका तयार गरी निजी विद्यालयको शुल्क निर्धारण गर्ने र सो अनुसार भए नभएको अनुगमन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
३.४			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ अनुसार स्थानीय तहले अनुगमन मापदण्ड निर्धारण गरी मातहतका विद्यालयहरुको अनुगमन गर्नुपर्दछ। सोको लागि कार्यालयले अनुगमन मापदण्ड तय गरेको छैन। अनुगमन मापदण्ड तय गरी सोको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।	
३.५			**कार्यक्रम खर्च :-** नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्विन पुस्तीकामा उल्लेख भए अनुसार फ्ल्यास रिपोर्टका आधारमा विद्यार्थि संख्याको आधारमा पाठ्यपुस्तक छात्रवृत्ति रकम दिवा खाजा, निरन्तर विद्यार्थि मूल्याङकन र बालविकास अनुदान रकम भुक्तानी दिनुपर्ने कानूनी व्यवस्था छ । कार्यालयले तोकिएको समय भन्दा ढिला गरी यसबर्ष पाठ्यपुस्तक अनुदान रु.१,७१,५९,९८३।, दिवा खाजा बापत रु. १,५६,२९,४००।, छात्रवृत्ति तर्फ रु.३६,८३,४००। र अन्य शिर्षकमा समेत अनुदान निकासा गरेको छ। कार्यालयले तयार गरेको फ्ल्यास रिपोर्ट र दिवा खाजा हाजिरी लेखापरीक्षण समक्ष पेश भएन। फ्ल्यास रिपोर्ट र हाजिरी वेगर खर्च लेखेको रकम एकीन गर्न सकिएन। कार्यालयले विद्यालयगत विद्यार्थी संख्या र हाजिरी एकिन गरी खर्च फरफारक गर्ने र बाँकी रकम सम्बन्धित सञ्चितकोषमा दाखिला गर्नुपर्दछ।	
४			**सम्पत्ति उपयोग र संरक्षण आन्तरिक नियन्त्रण**	
४.१			उपमहानगरपालिकाले साविक गाउँपालिकाबाट सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने, साविक संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गर्ने तथा साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गर्नुपर्नेमा सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । अभिलेख अद्यावधिक गरीनु पर्दछ ।	
४.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा आंशिक रुपमा लगत राखेको छ । लगत अद्यावधिक गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.३			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७(१) बमोजिम सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग, सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राख्ने, सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गर्ने, संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना गर्ने र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था भए पनि कार्यालयले अिभलेख राखेको तथा सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन । ऐन बमोजिम सार्वजनिक सम्पत्तको संरक्षण गरिनु पर्दछ ।	
५			**पेश्की व्यवस्थापन आन्तरिक नियन्त्रण**	
५.१			आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम खरिद सम्झौता अनुसार आपूर्तक, सेवा प्रदायक वा निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दा बाणिज्य बैङ्कबाट जारी गरेको बैङ्क जमानत लिई सम्झौताका शर्त र तरिका अनुसार समयमा नै पेश्की फछ्र्यौट गर्नुपर्दछ। कार्यालयले आपूर्तक, सेवा प्रदायक तथा निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसारको कागजात एकिकृत गरी राखेको छैन। यसबाट सम्झौताको शर्त अनुरुप पेश्कीको उपयोग भयो भनी एकिन गर्न सकिएन। सम्झौताका शर्त बमोजिमका कागजात व्यवस्थित गरी राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
५.२			आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम तोकिएका प्रकृया पुरा गरी लिएको पेश्की समयमा नै फछ्र्यौट गर्नुपर्दछ। विभिन्न तालिम तथा कार्यक्रममा कार्यालयले कर्मचारी तथा अन्य संघ संस्थाहरुलाई दिएको पेश्की नियमावलीको प्रावधान अनुरुप तोकिएको अवधिमा फछ्र्यौट गरेको छैन। नियमावली अनुसार समयमा नै पेश्की फछ्र्यौट गर्न कार्यालयले ताकेता गर्ने र समयमा पेश्की फछ्र्यौट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फछ्र्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र अद्यावधिक गरी पेश्की विवरण दुरुस्त गर्नुपर्दछ।	
६			**सेवा प्रवाह**	
६.१			सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ को नियम ३८ अनुसार सरकारी सेवा र सुविधालाई प्रभावकारी बनाई प्रशासन तन्त्रलाई सेवाप्रदायकको रुपमा रुपान्तरण गर्न तथा प्रचलित कानून बमोजम अधिकार प्राप्त अधिकारीले सम्पादन गर्नुपर्ने काम कारबाहीलाई प्रभावकारी तथा गुणस्तरीय ढङ्गबाट सम्पादन भए वा नभएको कुराको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सम्पादित कार्यहरु तालुक निकायबाट अनुगमन गरी निर्देशन दिने र सो निर्देशन सम्बन्धित कार्यालयहरुले पनि कार्यान्वयन गर्नुपर्दछ । कार्यालयमा तालुक निकायबाट अनुगमन हुने भएतापनि सो अनुगमनबाट देखिएका विषयहरुमा लिखित निर्देशन दिने र सो अनुसार कार्य गर्ने गरेको देखिएन। ऐनको व्यवस्था अनुरुप सम्पादन भएको कार्यहरुको समय समयमा अनुगमन हुनुपर्दछ।	
६.२			सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण, खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष ६७७५ घरनक्सा दर्तापास, १०३८२ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १९,८४,५३३।- खर्च गरेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई विविध खर्च नियन्त्रण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
८			**खरिद व्यवस्थापनः**	
८.१			**खरिद सम्झौता कार्यान्वयनः** कार्यलयले निर्माण कार्यहरु गराउँदा निर्माण कार्य सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न हुने, सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्ने, निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गर्ने नगरिएको, सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा पेश गर्ने र त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	
८.२			**खरिद सम्झौता कार्यान्वयनमा गुणस्तर परीक्षणः** कार्यालयले निर्माण कार्य वा खरिद कार्य कार्यान्वयन गर्दा गुणस्तर कायम हुने गरी गराएको हुनु पर्दछ । कार्यालयले सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण तथा निर्माणमा गुणस्तर परीक्षण योजना तयार गरी गुणस्तर परीक्षण र निरीक्षण हुने गरेको नदेखिएकोले यसमा सुधार गरिनु पर्दछ ।	
८.३			**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सार्वजनिक परीक्षण गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ ।	
९			**आन्तरिक नियन्त्रण प्रणालीः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९.१			**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले देहाय अनुसारका कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा तयारी गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने कार्य पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयारी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयारी कार्य पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गर्ने कार्य वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गर्ने कार्य जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने कार्य सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गर्ने कार्य वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गर्ने कार्य मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गर्ने कार्य नगदी रसिद नियन्त्रण खाता राख्ने कार्य	
९.२			**म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा कार्यलयले देहायका अभिलेखहरु राखेको देखिएन । अतः उल्लिखित अभिलेखहरु राखि सुधार गरिनु पर्दछ । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन	
१०			**बजेट तथा कार्यक्रम व्यवस्थाः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.१			**बजेट सीमा र अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गरि समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा व्यवस्था छ । तर कार्यालयले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा पठाउने नगरेको र राजश्व परामर्श समितिले बजेट वर्ष पछिका २ वर्षको अनुमान गर्ने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ ।	
१०.२			**अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आ व २०७७।७८ को वार्षिक कार्यक्रममा पूँजिगत खर्च तर्फ सडक यातायात गुरु योजना सडक यातायात पुर्वाधार विकास, यान्त्रिक उपकरण खरिद परियोजना, क्रसर उद्योग र पेट्रोल पम्प सन्चालनका लागी बजेट व्यवस्था शिर्षकमा रु १५ करोड तथा लागत सहभागितासमेतका नगरस्तरिय योजना तथा कार्यक्रमहरु शिर्षकमा रु ३ करोड ५९ लाख ५ हजारसमेत रु १८ करोड ५९ लाख ५ हजार अबण्डा बजेट राखि खर्च गर्ने गरेको देखियो । बजेट विनियोजन गर्दा योजनागतरुपमा स्पष्ट बजेट व्यवस्था गरि खर्च गर्ने गरिनु पर्दछ ।	
११			**संगठन व्यवस्थापन तथा सर्वेक्षणः**	
११.१			**आवश्यकता भन्दा बढि दरबन्दि राखि तलव खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । कार्यालयले साविक सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न पदका २३१ संख्याको दरबन्दी तालिका प्रमाणित भएको देखिएकोमा संगठन तथा कर्मचारी व्यवस्थापन सर्वेक्षण नै नगरि २०७६।१।१९ मा संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत लोकसेवामा १८३ जना माग गरेको देखियो । पालिकाको माग अनुसार मन्त्रालयद्वारा ७ ८ ९ र १० औं तहका ८० दरबन्दि लोक सेवामा माग नपठाएकोले १०३ जनाको दरबन्दि माग गरेकोमा कार्यपालिकाको मिति २०७६।२।१६ को निर्णय अनुसार चौथो, पाचौं र छैठौं तहका ५५ दरबन्दि घटाएर माग संशोधन गरी ४८ दरबन्दी मात्र माग कायम गर्न मिति २०७६।२।१६ मा लेखि पठाएकोमा माग संशोधन नगरी पूर्व माग बमोजिम १०३ दरबन्दि पूर्ती गरेकोले पालिकाको आवश्यकता भन्दा ५५ संख्यामा बढि कर्मचारी रहेको देखियो । यसबाट पालिकालाई आवश्यकता भन्दा रु २,५९,९८,९६०।२० थप व्यभार हुन गएको छ । कर्मचारी कार्यालयको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमामात्र स्वीकृत दरवन्दी अनुसार पदपूर्ति गरिनु पर्दछ । बढि दरबन्दी रहेका पदहरु अन्यत्र पालिका वा निकायमा मिलान गरी उपमहानग पालिकाको कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाइनु पर्दछ ।	
११.२			**सेवा करारः** कार्यालयले कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत गरेर मात्र सेवा करारमा लिईनु पर्दछ । तर कार्यालयले करार सेवामा कर्मचारी राख्दा कामको तथा सेवा करारबाट कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गराउने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.३			**तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ()अनुसार तलवी प्रतिवेदन पारीत नगरि तलव भत्ता खर्च लेख्न नहुने व्यवस्था छ । तर कार्यालयले गतवर्ष देखिनै तलवी प्रतिवेदन पारीत नगराई तलवी भत्ता खर्च लेखेको देखियो । अत तलवी प्रतिवेदन पारीत नगरी तलब भत्ता खर्च लेख्ने कार्य नियन्त्रण गरिनु पर्दछ ।	
११.४			**सेवा सुविधा कानून निर्माणः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । कार्यालयले कर्मचारीहरुको स्तरबृद्धि सम्बन्धि कानून बनाएको देखियो । संघीय निजामती सेवा ऐनको तर्जुमा नहुँदै स्थानीय तहका कर्मचारीहरुको स्तरबृद्धि सम्बन्ध कानून बनाएकोले उक्त कानून कार्यान्वयन गरिनु नियमसम्मत देखिंदैन । अतः यसमा सुधार गरिनु पर्दछ ।	
११.५			**योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयलर् त्यस अनुसारका योजना छनौट नगरी टुक्रे तथा अनुत्पादक र प्रतिफल नदिनेसमेतका योजनाहरु छनौट र कार्यान्वयन गर्न् गरेकोप देखियो । यसमा सुधार गरिदु पर्दछ ।	
१२			**राजश्व आन्तरिक नियन्त्रणः**	
१२.१			कार्यालयले उपमहानगरपालिकाको क्षेत्र भित्रका सबै राजश्व श्रोतहरुको उचित लेखाङ्कन गरी सो अनुसार राजश्वको अनुमान गर्नुपर्दछ। कार्यालयले पालिका भित्रका भवन टहरा जग्गा पोखरी रोयल्टी विज्ञापन लगायतको विवरण अद्यावधिक गरेको छैन । यसमा सुधार गर्नुपर्दछ।	
१२.२			कार्यालयले घरभाडा, व्यावसायिक कर लगायतका राजश्व शिर्षकहरुको लगत अद्यावधिक गरेको छैन। लगत अद्यावधिक गरी उठ्न बाँकी राजश्वको अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
१२.३			कार्यालयले महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत राजश्व आम्दानीको शिर्षकगत खाता म.ले.प.फा.नं. १०४, राजस्वको आर्थिक विवरण र सोको फाँटवारी म.ले.प.फा.नं.११०, करदाताको लगत म.ले.प.फा.नं. १११ जस्ता स्वीकृत म.ले.प.फा नं.हरु प्रयोगमा ल्याएको छैन। सुचना प्रविधिमा आधारित राजश्व अभिलेखलाई व्यवस्थित गर्दै स्वीकृत फारामहरु प्रयोगमा ल्याइ राजश्व अभिलेखलाई व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
१३			**वित्तिय विवरण परिक्षण**	
१३.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी तालुक निकायमा प्रगति पठाएको छैन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोष स्थापना गर्नुपर्नेमा कार्यालयले कल्याणकारी कोष खडा गरे पनि यस वर्षको रकम कोषमा जम्मा नगरी चालु खर्च खातावाट खर्च खातावाट लेखेको छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम २६५ बमोजिम नगरपालिका तर्फका स्थायी कर्मचारीको १ महिनाको तलव वरावर रकम कल्याणकारी कोषमा दाखिला गरिनु पर्दछ ।	
१४			**कानुन निर्माण एवम् व्यवस्थापन**	
१४.१			**कानून निर्माण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म २८ ऐन, नियमावली, कार्यविधिहरू निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको छ । प्रकाशित कानूनहरुको कार्यान्वियन हुनुपर्दछ ।	
१४.२			न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको ७८ गरी कुल ९८ विवाद दर्ता भएकोमा ४६ वटा फछ्र्यौट भई ३२ विवाद फर्छ्यौट हुन बाँकी रहेको विवरण पेश भएको छ। गत बर्ष बाँकी रहेका मुद्धाहरुको लगत कार्यालयले अद्यावधिक गरेको छैन। न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट गर्न कारवाही गरी टुङ्गो लगाईनु पर्दछ ।	
१५			**कोभिड व्यवस्थापन**	
१५.१			कार्य योजना -विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ ।	
१५.२			कोभिड नियन्त्रण तथा रोकथामको लागि कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल तयार तयार गर्ने र तीन तहका सरकारका निकायहरुको निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वयन गर्न समन्वय गर्नु पर्नेमा हेल्थ प्रोटोकल तयार गरेको र अन्तर सरकार विच समवन्य भएको देखिएन । यसमा सुधार हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५.३			प्राप्त विवरण अनुसार कार्यलयमा हालसम्म भेरोसेल ५०५८८ डोज, कोभिशिल्ड १३९५० डोज, जेन्सन १७०० डोज, अष्ट्राजेनिका १८३२० डोज र मोडेर्ना २४५०० डोज समेत १,०९,०५८ डोज अर्थात २१६४१६ भाइल खोप प्राप्त भएको र ५११८५ जनालाई पहिलो मात्र खोप, ९६७८० जनालाई दोश्रो मात्रा र २८२८ जनालाई तेश्रो मात्र खोप समेत १०४७९३ जनालाई २०१५७३ भाइल खोप लगाएको विवरण उपलव्ध गराएकोले प्राप्त खोप र लगाईएको संख्या विच फरक परेकोले कार्यालयको तथ्याँकिय प्रणाली भरपर्दो देखिएन । तथ्याँक व्यवस्थित गरी राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
१६			**बजेट, नीति तथा कार्यक्रम र स्थानीय सरकार सन्वालन ऐन कार्यान्वयनः**	
१६.१			**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा दफा ११, दफा २४(४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ । · सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा · अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण · प्रदेश कानुनको अधिनमा रही एफ.एम सञ्चालन सम्बन्धी कार्य, · स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति,मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वयन र नियमन, · आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन, · मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन, · सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन, · स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन, · वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन, · स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन, · खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन, एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, · स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, · स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन, स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन, · खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य, · जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार, · खानी तथा खनिज पदार्थ सम्बन्धी सूचता तथा तथ्याङ्क संकलन, · आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको, · खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन तथा मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन, · वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वयन, · प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, · यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा, · संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन, · संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन, · स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन, · संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन, स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति मापदण्ड ,योजना कार्यान्वयन, · राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको संचालन, व्यवस्थापन, मर्मत संभार, समन्वय, साझेदारी र सहकार्य · दफा२४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार, · दफा८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वयन	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.२			**निति तथा कार्यक्रम कार्यान्वनः** पालिकाको सभाको अधिवेशनमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु मध्ये देहायका कार्यक्रमहरु कार्यान्वियन भएका छैनन । ØØ निजि अस्पताल स्वास्थ्य क्लिनिक र औषधि पसलहरु लाइ नीतिगत नियमन गरि सहकार्य । ØØ धुम्रपान तथा मद्यपान मुक्त टोल घोषणा । ØØ जग्गा बाँझो राख्नेलाइ जरिवाना । ØØ माटो परिक्षण प्रयोगशाला स्थापना । ØØ कृषि उत्पादनको लागी कोल्ड स्टोर तथा गोदाम घरको स्थापना ØØ कृषि तथा पशुपन्छि गणना कार्यक्रम संचालन । Ø Ø थप सुविधा सहितका १० वटा बालविकास केन्द्र स्थापना । ØØ एक वडा एक नमुना विद्यालय विकास कार्यक्रम । ØØ स्थानीय भाषा र परिवेशमा आधारित पाठ्यक्रम लागु । ØØ सुपथ मुल्य पसल खोल्नका लागी सहकारी संस्थाहरुलाइ प्रोत्साहन गर्न नगरपालिकाबाट शेयर लगानी तथा अनुदान प्रदान ØØ निर्माणाधिन दुइ वटा औद्योगिक ग्रामलाइ संघ प्रदेश सरकार र निजि तथा सहकारी क्षत्रको सहकार्यमा सम्पन्न गरि संचालन ØØ एक शैक्षिक संस्था एक सामुदायिक उद्यम कार्यक्रम संचालन ØØ नगर क्षेत्र भित्र २० माइक्रोन भन्दा कमको प्लाष्टिक झोला प्रयोगको कार्यलाइ निषेध ØØ योजना छनौटमा ट्के आयोजन छनौट गरने कार्यलाइ निरुत्साहित ØØ साविक तुलसीपुर नगरपालिकाले विक्रि वितरण गरेका बसपार्क स्थित घडेरी समस्या समाधान ØØ उपमहानगरपालिका अन्तरगतका सवारीसाधनहरु मर्मतकार्यका लागि आफ्नै वर्कशाला स्थापना ØØ मालपोत र नापी कार्यालयलाइ आन्तरिकीकरण गरी सञ्चालन ØØ जलबायु परिवर्तन र विपत ब्यवस्थापनको योजना बनाइ समुदाय मार्फत कार्यान्वयन ØØ विपत पूर्व सूचना प्रणालीको विकास गरी कार्यान्वय ।	
१६.३			**बजेट कार्यान्वयनः**- स्थानीय तहको सभामा प्रस्तुत आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम कार्यान्वयन गरिएको हुनु पर्दछ । तर कार्यालयले यो वर्षको स्वीकृत बार्षिक बजेट कार्यक्रम मध्ये चालुतर्फका ६८ कार्यक्रमका ४ करोड ९५ लाख ४३ हजार र पूँजीगततर्फका २० कार्यक्रमको रु ३४ करोड ८७ लाख ५० हजारकोसमेत रु ३९ करोड ८२ लाख ९३ हजारका ८८ कार्यक्रम कार्यान्वयन गरेको देखिएन। अतः सभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गरिनु पर्दछ।	
१७			**कोभिड विशेष कृषि कार्यक्रमः**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७.१</td><td></td><td></td><td>कोभिड विशेष कृषि कार्यक्रम: कोभिडको महामारीका कारण कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरणकालागी ग्रामिण रोजगारी सिर्जना र आय आर्जनमा सघाउने उद्देश्यले प्रदेश सरकारले कोभिड विशेष कृषि कार्यक्रम सन्चालन गर्न स्थानीय तहलाइ सशर्त अनुदानमा बजेट व्यवस्था गरि साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रिमा अनुदान, एक स्थानीय तह एक उत्पादन कार्यक्रम र कृषि पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम स्थानीय तहबाट गराउने उद्देश्यले स्थानीय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ कार्यान्वयनमा रहेको देखियो । यस कार्यक्रम निम्नानुसार अन्तरगत रु ५४ लाख ५० हजार विनियोजन भई खर्च रु ३९ लाख २२ हजार ७५ (७२ प्रतिशत) खर्च गरेकोमा देहायका व्यहोराहरु देखिएका छन् ।
<table>
<tr><th>खर्च शिर्षक</th><th>बजेट रु</th><th>खर्च रु</th></tr>
<tr><td>एक स्थानीय तह एक उत्पादन कार्यक्रम अनुदान</td><td>१७,००,०००/-</td><td>८,०२,९७५/-</td></tr>
<tr><td>कोभिड प्रभावित भइ गाउँ फर्केका युवालाई अनुदान</td><td>२०,००,०००/-</td><td>१४,३०,०००/-</td></tr>
<tr><td>साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान</td><td>१७,५०,०००/-</td><td>१६,८९,१००/-</td></tr>
<tr><td>जम्मा</td><td>५४,५०,०००/-</td><td>३९,२२,०७५/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७.२</td><td></td><td></td><td>कार्यसम्पन्न र नापीको मूल्याङ्कनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च लेख्दा खर्चको बील भरपाई र खर्च पुष्ट्याई हुने प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसार सिन्चाईकालागी पानी तान्ने २७ वटा मोटरपम्प खरिद गरी १३ न वडा कार्यालयलाई हस्तान्तरण गरि वडा कार्यालयमा जिन्सी आम्दानी जनाएको देखियो । तर उक्त मोटरपम्प सम्बन्धित स्थानहरुमा जडान गरि कार्य सम्पन्न गरेको देखिएन । अतः उल्लिखित मोटरपम्पहरु जडान गरेको नापीको मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन तयार नगरेकोले जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>भौ न र मिति</th><th>खरिद संख्या</th><th>खर्च रु</th></tr>
<tr><td>५०-२०७८।३।२४</td><td>१४ वटा</td><td>४,७४,६००/-</td></tr>
<tr><td>५२-२०७८।३।२४</td><td>१३ वटा</td><td>४,७०,०८०/-</td></tr>
<tr><td>जम्मा</td><td>२७ वटा</td><td>९,४४,६८०/-</td></tr>
</table></td><td>९४४,६८०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.३	२२		**एक स्थानीय तह एक उत्पादनः** कार्यालयले अनुदान ग्राहीहरुलाई कार्यक्रम अन्तरगत वितरण गरेको अनुदान प्रभावकारी भएको हुनु पर्दछ । कार्यालयले नगरक्षेत्रमा रहेका पशुपालक कृषकहरुलाई व्यवसायको यान्त्रीकिरण एवं स्तर उन्नतीकालागी ५० प्रतिशत अनुदानमा भट्टे कृषि सहकारी संस्था, गौरी भगवली भैंसी पालन कृषक समुह, त्रिशक्ति भैंसिपालन समिति र ग्रामीण किसान सहकारी संस्थाहरुसंग आवद्ध कृषकहरुमा चामाकटर १३ जनालाई रु २,५३,५००/- र ग्राण्डर (GMC) ३१ जनालाई रु ५,४९,४७५/- गरि ४४ जनालाई वितरण गरी कूल रु ८,०२,९७५/- खर्च लेखेको देखियो । तर अनुदान पाउने कृषकहरुको पशुपालन गरेको सङ्ख्या तथा निजहरुको सम्पर्क मोवाइल नम्बर उल्लेख नगरेकोले उपयोगको विश्लेषण गरेको देखिएन । यसमा सुधार गरि अनुदानलाई प्रभावकारी बनाइनु पर्दछ ।	
१७.४			**सम्झौता र कार्यविधि कार्यान्वयनः** यसमा निम्न ब्यहोराहरु छन् । **क) अनुदानग्राहीसंगको सम्झौता कार्यान्वयनः** कार्यालयले अनुदानग्राहीसंग गरेको सम्झौताका शर्तहरुको कार्यान्वयन पूर्णतः कार्यान्वयन भएको हुनु पर्दछ । अनुदानग्राहीसंगको सम्झौताको दफा ७ मा अनुदानग्राहीले नियमित रुपमा प्रगति विवरण लागयत तथ्यांङ्कहरु उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । तर अनुदानग्राहीहरुले त्यस अनुसार तथ्याङ्क तथा प्रगति विवरणहरु पेश गर्ने गरेको देखिएन र कार्यालयलेसमेत त्यस अुनसार माग गर्ने गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । **ख) प्रगति विवरणः** स्थानीय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ६ को उपदफा २ र ३ अनुसार स्थानीय तहहरुले कार्यक्रमको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित जिल्ल स्थित कृषि ज्ञान केन्द्र वा एकिकृत कृषि तथा पशुपंछि विकास कार्यालय मार्फत मन्त्रालयमा पठाउने व्यवस्था रहेकोमा त्यस अुनसार पठाउने गरेको देखिएन । यसम सुधार गरिनु पर्दछ । **ग) अनुगमन र मूल्यांकनः** उक्त कार्यविधिको दफा ६(३) अनुसार स्थानीय तहले कार्यक्रम सन्चालनकोलागी आवश्यक प्राविधिक सहयोग र अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने गराउने व्यवस्था छ । त्यस्तै सोही कार्यविधिको दफा ११ मा मा सम्बन्धित स्थानीय तहले कार्यक्रम सन्चालन र सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन र उपलब्धी मापन गरि प्रतिवेदन गर्नुपर्ने, चौमासिक र वार्षिक रुपमा कार्यक्रमको प्रगति विवरण तयार गरि मन्त्रालयमा पेश गर्नु पर्ने, कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य प्रदेश सभाको विषयगत विषयगत समिति तथा सम्बन्धित क्षेत्रका माननीय सदस्यहरु, मन्त्रालय, निर्देशनालय र मातहत कार्यालयबाट समेत गरिने र यस बमोजिम निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरि दिएको निर्देशनको स्थानीय तह र अनुदानग्राहीले पालना गर्नु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको देखिएन । अतः निर्देशिका अनुसार कार्यक्रमको अनुगमन मूल्याङ्कन गरि कार्यक्रमलाई प्रभावकारी बनाईनु पर्दछ ।	
१७.५			**कार्यक्रमको दिगोपना र निरन्तरता :** कार्यालयद्वारा सन्चालित कार्यक्रमहरु निरन्तर र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनु पर्दछ । कार्यालयले कोभिड विशेष कार्यक्रम अन्तरगत यो वर्ष विभिन्न कृयाकलाप सन्चालन गर्न रु ५४ लाख ५० हजार विनियोजन भएकोमा अनुदानग्राहीहरुलाई रु ३९ लाख २२ हजार ७५ खर्च गरेको छ । तर कार्यक्रमको निरन्तरता र दिगोपना हुने गरी कार्यान्वयन गरेको देखिएन । अत: अनुदान कार्यक्रमको दिगोपना र निरन्तरता हुनेगरि प्रभावकारी बनाइनु पर्दछ ।	
१८			**मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.१			मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगत कार्यक्रम सन्चालनकालागि पूँजीगततर्फ रु २८ लाख, चालुतर्फ रु ४८ लाख ५० हजार र प्रशासनिक सन्चालनतर्प रु ३ लाख ५० हजारसमेत विनियोजन रु ८० लाख भएकोमा खर्च रु ७६ लाख ९३ हजार भएको देखिएको छ । **अनुगमन तथ मूल्याङ्कनः** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सन्चालन कार्यविधि, २०७५ को दफा २.१ मा निर्देशक समितिले आफ्नो स्थानीय तहमा सन्चालित कार्यक्रम वा परियोजना स्वीकृत कार्यक्रम अनुसार कार्यान्वयन भए नभएको अनुगमन गरी त्यसको प्रतिवेदन स्थानीय तहमा दिनु पर्ने र अनुगमनको मासिक प्रतिवेदन व्यवस्थापन समिति र समन्वय इकाइमा पठाउनु पर्ने व्यवस्था रहेको छ । तर त्यस अनुसार अनुगमन प्रतिवेदन बनाएको छैन र बार्षिक खरिद योजना तयार गरेको पनि देखिएन । बार्षिक प्रगति प्रतिवेदन तयार नगरेकोले भौतिक र आर्थिक प्रगतिको विश्लेषण गर्न सकिएन । यसमा सुधार गरिनु पर्दछ ।	
१८.२			अनुगमन भत्ताः शिक्षालयमा आफैंले सन्चालन गरेका विभिन्न तालीम कार्यक्रमको अनुगमन गरेको उल्लेख गरी अनुगमन भत्ता खर्च लेखेको हुनु हुँदैन । तर शिक्षालयमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम अन्तरगत सन्चालित विभिन्न तालिमहरु अनुगमन गरेको उल्लेख गरि अनुगमन भत्ता भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु	९७,०००

भौ न र मिति	भुक्तानी पाउनेको नाम	तालीमको नाम	रु
७-२०७८।२।३	शिक्षालय प्रमुख श्री बसन्त कुमार आचार्यसमेत ७ जना	प्लम्बिङ्गसमेत	२३०००
३५-२०७८।३।२७	ऐ समेत ४ जना २।३ पटकको	डेरी उत्पादन	९०००
३७-२०७८।३।२७	ऐ समेत ४ जना ३।३ पटकको	कपाल काट्ने	१२०००
३९-२०७८।३।२७	ऐ समेत ५ जना ३।३ पटकको	झोला बनाउने	१३०००
५१-२०७८।३।२७	ऐ समेत ५ जना २।३ पटकको	च्याउ खेती	१२०००
४३-२०७८।३।२७	प्रदिप वलीसमेत ४ जना तर निजहरुले बुझेको नदेखिएको	मोटरसाइकल मर्मत	१००००
४५-२०७८।३।२७	ऐ समेत ४ जना ३।३ पटकको तर निजहरुले बुझेको नदेखिएको	ईंटा टायल बनाउने	१२०००
४७-२०७८।३।२७	संगम भण्डारीसमेत ४ जना २।१ पटकको	प्लम्बिङ्ग तालीम	६०००
	जम्मा		**९७०००**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>भरपाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च लेख्दा वील भरपाई र खर्च प्रमाणित हुने प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगतका विभिन्न तालीमहरु तुल्सिपुर बहुप्राविधिक शिक्षालय (मेट्रो कलेज) द्धारा सन्चालन गराई देहाय अनुसारका विभिन्न पक्षहरुलाई भुक्तानी तथा वितरण गरेको देखाइ खर्च लेखेकोमा सम्बन्धित पक्षले प्राप्त गरेको नदेखिएकोले प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>भौ न र मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>खर्च विवरण</th><th>खर्च रु</th></tr>
<tr><td>१३-२०७७।७८</td><td>श्रीधर कुमार राजभण्डारी</td><td>कार्यक्रम अन्तरगतको बैठक भत्ता नगर प्रमुख श्री घनश्याम पाण्डे र उप प्रमुख माया शर्मासमेत १७ जनालाई बैठक भत्ता वितरण गरेको जनाई श्रीधर कुमार राजभण्डारीलाई भुक्तानी दिएकोमा सम्बन्धितहरुले बुझेको नदेखिएकोले श्रीधर कुमार राजभण्डारीबाट असुल गर्नुपर्ने देखिएको</td><td>९६९००</td></tr>
<tr><td>१९-२०७८।३।१६</td><td>मेट्रो कलेज</td><td>गरिव, विपन्न तथा अविभावक विहीन असहाय विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गर्न ३०० थान शर्ट पेन्ट र स्कुल ब्याग खरिद गरेकोमा सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको नदेखिएकोले विद्यार्थीहरुले बुझेको प्रमाण पेश गर्नु पर्ने रु</td><td>३८९३५०</td></tr>
<tr><td>७-२०७८।२।३</td><td>मेट्रो कलेज</td><td>प्लम्बिङ्ग, कपाल काट्ने र मोटरसाइकल मर्मत तालिमका प्रशिक्षकहरु जिवराज अधिकारीसमेत ६ जनालाई मासिक रु २० हजारले ३ महिनाको प्रशिक्षण भत्ता, संयोजक हेमा शर्मासमेत ३ जनालाई संयोजक भत्ता, सहभागीहरु मेघराज कँडेलसमेत ५१ जनालाई सहभागी भत्ता वितरण गरेकोमा सम्बन्धितहरुले प्राप्त गरेको नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने</td><td>५४१९००</td></tr>
<tr><td>४५-२०७८।३।२७</td><td>मेट्रो कलेज</td><td>ईंटा टायल बनाउने तालीमका सहभागी रेशम के सीसमेत ८ जनालाई सहभागी भत्ता र प्रशिक्षक खगेन्द्र अधिकारीलाई १ महिनाको पारिश्रमिक वितरणको भरपाई नभएको रु</td><td>२००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१०४८१५०</td></tr>
</table></td><td>१,०४८,१५०</td></tr>
<tr><td>१८.४</td><td>४१</td><td>२०७८-३-२७</td><td>बढि भुक्तानीः कार्यालयले खर्च रकम भुक्तानी गर्दा खर्चका वीलभरपाईको आधारमा भुक्तानी गरेको हुनु पर्दछ । च्याउखेती तालिम कार्यक्रमको खर्च तुल्सिपुर बहुप्राविधिक शिक्षालय (मेट्रो कलेज) लाई रु ३५७८०६ भुक्तानी गरेकोमा संलग्न खर्चका भरपाईहरु अनुसार पारिश्रमिक रु ४५००० प्रशिक्षार्थी खाजाखर्च रु ९७५० अनुगमन भत्ता रु १२००० हलभाडा रु ७५०० एग्रो हवलाई रु २१३९९६ एग्रो नेपाललाई रु ५५६० बहु उद्देश्यीय कृषि तथा च्याउ खेती विउ रु ११००० र संकेत डिजिटल खर्च रु १००० समेत रु ३०५८०६ मात्रको वील भरपाई भएकोले बील भरपाई भन्दा रु ५२००० बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु</td><td>५२,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.५			**पेश्की बाँकीः** कान्तपुर बहुप्राविधिक शिक्षालय (मेट्रो कलेज) लाई मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम अन्तरगतका मोटरसाइकल मर्मत, प्लम्बिङ्ग तालिम तथा कपाल काट्ने तालीम तथा व्यवसाय सन्चालन सामाग्री सहयोग कार्यक्रमकोलागी रु ५ लाख बजेट खर्च लेखि पेश्की दिएको देखियो । उल्लिखित कार्यक्रम सन्चालन गर्न आवश्यक सामाग्रीहरु खरिद, प्रशिक्षक तथा पशिक्षार्थीहरु लगाएत खर्चका भुक्तानी तत् तत् गोश्वारा भौचरबाट दिएको देखिएकोमा आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट नगरी बाँकी नै राखेकोले उक्त रकम मेट्रो कलेजबाट असुल गर्नु पर्ने देखिएको रु	५००,०००
१९			**आयठेक्का व्यवस्थापनः यसमा देहायका व्यहोराहरु देखिएका छन्**	
१९.१			**आय ठेक्काः** कार्यालयले तयार गरेको विवरण अनुसार पालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ विक्रिकालागी देहाय अनुसार ठेक्का बन्दोवस्त गरी आन्तरिक आय असुल गरेको देखियो । पालिकाले उल्लिखित ठेक्कामा नदिजन्य पदार्थ उत्खनन् गरि विक्रि वितरण गरेको परिमाणको अभिलेख निर्माण व्यवसायी तथा कार्यालय दुवैले राखेको नदेखिएकोले उत्खनन् परिमाणको विश्लेषण गर्न सकिएन ।	

ठे न	कार्य क्षेत्र	व्यवसायीको नाम	कबोल अङ्क रु	मु अ कर रु	सम्झौता मिति	पहिलो किस्ता रु	दोश्रो किस्ता रु	दाखिला मिति
५-२०७७।७८	ग्वारखोला बायोखोला	स्मृति विशाल कन्स्ट्रकसन	१२२५५९९	१५९३२८	२०७७।८।३०	६१२८००	६१२८००	२०७८।३।२४
६-२०७७।७८	ग्वारखोला ललौरा भोजपुर	उज्वल वर्षा निर्माण सेवा	६३६३१७७	८२७२१५	२०७७।११।२३	३१८१६००	३१८१६००	२०७८।३।३१
८-२०७७।७८	पातुखोला सुकौरा	सानदार निर्माण सेवा	८१२५६००	१०५६३३०	२०७७।११।९	४०६२८००	४०६२८००	२०७८।४।१४
९-२०७७।७८	गहते खोला पक्किपुल	उज्वल वर्षा निर्माण सेवा	२३००००१	२९९०००	२०७७।१०।९	११५०००१	११५०००१	२०७८।३।३०
१-२०७७।७८	कवाडी खेटोपहार	अक्सि विल्डर्स	२००१०००	२६०१३०	२०७७।६।११	१०००५००	६००३००	२०७८।३।३१
	विज्ञापन कर संकलन	जेन्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स	११२०२११	१४५६५०	२०७७।८।९	०	११२०२११	२०७८।३।३१
		जम्मा	२११३५५८८	२७४७६५३		१०००७७०१	१०७२७७१२	

उल्लिखित अनुसार ठेक्का बन्दोवस्त गरि राजश्व असुली गरेकोमा निम्न व्यहोराहरु देखिएका छन्।

क) कवाडी कर संकलनःकवाडि तथा जीवजन्तुको हाडखोरको उपयोग कर संकलन ठे न १-२०७७।७८ को ठेक्का सकार गर्ने व्यवसायी अक्सि विल्डर्सको कबोल अङ्क रु २० लाख१ हजारमा स्वीकार गरेकोमा ठेक्का सूचनामा पहिलो किस्ता ५०प्रतिशत सम्झौताको बखत, दोश्रो किस्ता ३० प्रतिशत २०७७ पौष मशान्तमा र अन्तिम किस्ता २० प्रतिशत २०७७ चैत्र मशान्तसम्ममा बुझाउनु पर्ने उल्लेख रहेको र तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त रकम बैंक ग्यारेन्टी जफत गरि किस्ता रकम असुल गरिने उल्लेख रहेको छ । व्यवसायीले दोश्रो किस्ता रु ६००३००/- र अन्तिम किस्ता रु ४००२००/- तोकिएको समयमा दाखिला नगरेकोले कार्यालयले बैंक जमानत जफत गरि असुल गर्नु पर्नेमा जफत नगरी व्यवसायीलाई अनुचित सुविधा दिएको देखियो । कार्यालयले व्यवसायीसंगको सम्झौतामा ढिलागरी किस्ता दाखिला गरेमा जरिवाना लाग्ने सम्बन्धी शर्त नराखेकोले जरिवानासमेत असुल गरेको देखिएन ।

त्यस्तै उक्त ठेक्काको सम्झौता अवधि २०७७।६।११ मा भएको सम्झौता अनुसार २०७८ आषाढ मशान्तसमम रहेकोमा व्यवसायीले २०७८।३।१३ मा बैशाख १७ देखि आषाढ ७ सम्म लकडाउन भएकोले लकडाउन अवधिको कर छुट माग गरेकोमा कार्यापालिकाको २०७८।३।१६ को निर्णयबाट रु ३३४४००/- छुट दिएकोले दोश्रो र तेश्रो तथा अन्तिमकिस्ताको रु १० लाख ५ ०० मध्ये मिति

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			२०७८।३।३१ मा रु ६६६१००/- दाखिला गरेको देखियो ।लकडाउनले कवाडी तथा आखेटोपहार संकलनमा खासै प्रमाव नपर्ने र सम्झौता अनुसार समयमा ठेक्का रकम दाखिला पनि नगर्ने व्यवसायीलाई कार्यपालिकाले अनुचित सुविधा दिएकोले यसलाई नियन्त्रण गरिनु पर्ने देखिन्छ । **ख) विज्ञापन कर संकलनः**कार्यालयले पालिका क्षेत्रको विज्ञापन कर संकलनकालागी गरेको सूचना अनुसार ठेक्का सकार गर्ने व्यवसायी जेन्सन कन्स्ट्रक्सन एण्ड जेन्सन सप्लायर्सको कबोल अङ्क रु ११ लाख २० हजार २११ मा स्वीकार गरेकोमा ठेक्का सूचनामा पहिलो किस्ता ५०प्रतिशत सम्झौताको बखत, दोश्रो किस्ता ३० प्रतिशत २०७७ पौष मशान्तमा र अन्तिम किस्ता २० प्रतिशत २०७७ चैत्र मशान्तसम्ममा बुझाउनु पर्ने उल्लेख रहेको र तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त रकम बैंक ग्यारेन्टी जफत गरि किस्ता रकम असुल गरिने उल्लेख रहेको छ ।व्यवसायीले २०७८ श्रावण मशान्तसम्म मान्य अवधि रहेको रु ५६०१०६/- को बैंक जमानत पेश गरेको छ । तर सम्झौतामा व्यवसायीले ढिला गरि राजश्व रकम दाखिल गरेकमा जरिवाना लाग्ने शर्तसमेत समावेश नगरेको तथा व्यवसायीले पहिलो किस्ता रु ५६०११०/- को को बैंक जमानत पेश गरेकोलेसम्झौताको समयमा नबुझाए पनि सम्झौता गरेको र दोश्रो तथा तेश्रो किस्ता समेत समयमा नबुझाएको र पहिलो किस्ताको जमानतसमेत जफत गरेको देखिएन । व्यवसायीले पहिलो किस्ताको रु ५६०११०/- मिति २०७८।३।२४ मा र दोश्रो किस्ताको रु ५६०११०/- मिति २०७८।३।३१ मा दाखिला गरेको देखिएकोले कार्यालयले व्यवसायीलाई अनुचित सुविधा दिएकोले यसलाई नियन्त्रण गरिनु पर्ने देखिन्छ । **ग) नदीजन्य पदार्थको घाटगद्दीः**नदीजन्य पदार्थ विक्रिकालागी व्यवसायीहरुसंग भएको सम्झौताको दफा ६,१०,११ र १३ अनुसार नदीजन्य पदार्थको संकलन, भण्डारण र घाट गद्दीको व्यवस्था संकलन स्थलबाट ५०० मिटरको दूरीमा गरिने व्यवस्था भएकोमा लेखापरीक्षणको क्रममा घाटगद्दी गर्ने नगरेको र उत्खन्न स्थल तथा घाटगद्दी स्थलमा परिमाण नाप तथा विश्लेषण गर्ने नगरेको जानकारी गराएकोले उत्खनन् परिमाणको नाप तथा विश्लेषण हुन सक्ने अवस्था रहेन । अतः उत्खनन् स्थलभन्दा ५०० मिटरको दूरीमा घाटगद्दी गराउने तथा परिमाण नाप गर्ने व्यवस्था गरि उत्खनन् कार्यको नियमन र नियन्त्रणलाई प्रभावकारी बनाइनु पर्दछ । **घ) नदीजन्य पदार्थ विक्री अभिलेखः**नदीजन्य पदार्थ विक्रिकालागी व्यवसायीहरुसंगको सम्झौताको दफा २८ अनुसार बोलपत्रदाताले ढुङ्गा गिटीसम्त नदीजन्य पदार्थ विक्रिको अभिलेख राखी साको परिमाण खुल्ने तेरिजसमेत तयार गरि पालिकाको राजश्व शाखामा साप्ताहिक रुपमा अनिवार्य रुपमा पेश गर्नुपर्ने उल्लेख छ । ठे न ५, ६, ८ र ९-२०७७।७८ बाट क्रमशः २ हजरा घ मी, १६हजार घ मी, १० हजार घ मी र ६ हजार घ मी समेत ४ ठेक्काबाट ३४ हजार घ मी नदीजन्य पदा्थ उत्खनन् गरि विक्री गर्न ठेक्का बन्दोबस्त गरेकोमा उत्खनन् परिमाको तेरिज पठाउने गरेको देखिएन र कार्यालयलेसमेत माग गरि विश्लेषण गर्ने गरेको देखिएन । अतः सम्झौता अनुसार उत्खनन् परिमाणको विवरण माग गरि नियमन र नियन्त्रण गरिनु पर्दछ । **ङ) दोश्रो किस्ता दाखिलाः** कार्यालयले नदीजन्य पदार्थ विक्रीकालागी व्यवसायीहरुसंग गरेको सम्झौतामा पहिलो किस्ता ५० प्रतिशतले हुने रकम सम्झौताका बखत र अन्तिम किस्ता ५० प्रतिशत २०७७ चैत्र मशान्तसम्ममा बुझाउनु पर्ने र नबुझाएमा बैक जमानत जफत गरि असुल गरिनु व्यवस्था रहेको छ । तर उल्लिखत अनुसार व्यवसायीहरुले तोकिएको समय भन्दा ३ महिना भन्दा बढि ढिला गरि दाखिला गरेकोमा बैक जमानत जफत गरि असुल गर्ने गरेको देखिएन । त्यस्तै सम्झौतामा ढिला गरि राजश्व दाखिला गरेमा जरिवाना लाग्ने शर्तसमेत राखेको देखिएन । यसबाट व्यवसायीलाई अनुचित लाभ पुगेको देखियो । अतः सम्झौताको शर्त कार्यान्वियन गराउने तथा ढिला दाखिला गरेमा जरिवाना गर्ने शर्त समेत सम्झौतामा राखि आय संकलनलाई प्रभावकारी बनाइनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.२			**मु.अ.कर दाखिला खाताः** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबृद्धि कर लाग्ने वस्तु विक्रिमा मुल्य अभिबृद्धि कर लगाउन पाउने व्यवस्था रहेको छ । त्यस अनुसार विज्ञापन करको आय ठेक्का र नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बिच भएको सम्झौतामा सेवा प्रदायकले बुझाउनुपर्ने मुल्य अभिबृद्धि कर (भ्याट) तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, शुल्क,दस्तुर सबै सेवा प्रदायकले कार्यालय र सम्बन्धित राजश्व कार्यलयमा बुझाउनुपर्ने ब्यवस्था गरेको छ । पालिका क्षेत्रको नदीजन्य पदार्थ विक्रिबाट संकलित मु.अ. कर पालिकाको नाममा दायित्व हुने र बेदर्तावालबाट संकलन गरि राजश्व शीर्षक न ३३३१७ मा दाखिला गर्नुपर्नेमा ३३३१४ मा दाखिला गरेको र आय ठेक्का स्वीकार गर्ने निर्माण व्यवसायीबाट प्राप्त मुल्य अभिबृद्धि कर रु २७,४७,६५३।- कार्यालयले स्थानिय तहकै नामबाट दाखिला गर्नु पर्नेमा निर्माण व्यवसायीले आफ्नै नाम, सम्पर्क मोबाइल नं. तथा भ्याट नं. उल्लेख राजश्व खातामा दाखिला गरेकोले व्यवसायीहरुलाई अनुचित लाभ हुन गएको देखियो । अत: उल्लिखित बमोजिम पालिकाको नामबाट राजश्व शिर्षक न ३३३१७ मा दाखिला भएको जनाई नाम समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु.	२,७४७,६५३

ठे न	कार्य क्षेत्र	व्यवसायीको नाम	कबोल अङ्क रु	मु अ कर रु	राजश्व खाता न	दाखिला मिति
५-२०७७।७८	ग्वारखोला बायोखोला	स्मृति विशाल कन्स्ट्रकसन	१२२५५९९	१५९३२८	३३३१३	२०७७।८।३०
६-२०७७।७८	ग्वारखोला ललौरा भोजपुर	उज्वल वर्षा निर्माण सेवा	६३६३१७७	८२७२१५	३३३१४	२०७७।११।२३
८-२०७७।७८	पातुखोला सुकौरा	सानदार निर्माण सेवा	८१२५६००	१०५६३३०	३३३१४	२०७७।११।९
९-२०७७।७८	गहते खोला पक्किपुल	उज्वल वर्षा निर्माण सेवा	२३००००१	२९९०००	३३३१४	२०७७।१०।९
१-२०७७।७८	कवाडी आखेटोपहार	अक्सि विल्डर्स	२००१०००	२६०१३०	३३३१४	२०७७।५।२०
	विज्ञापन कर संकलन	जेन्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स	११२०२११	१४५६५०	३३३१४	२०७७।८।९
		जम्मा	२११३५५८८	२७४७६५३		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.३			**निर्माण आयोजनाको मू अ कर दाखिलाः** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को उपदफा ३ अनुसार मूल्य अभिबृद्धि कर लाग्ने वस्तु विक्रिमा मुल्य अभिबृद्धि कर लगाउन पाउने व्यवस्था रहेको छ । त्यस अनुसार विज्ञापन करको आय ठेक्का र नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा अदी) उत्खनन्, संकलन तथा विक्री वितरण गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्न कार्यालय र सेवा प्रदायक संस्थाहरु बिच भएको सम्झौतामा सेवा प्रदायकले बुझाउनुपर्ने मुल्य अभिबृद्धि कर (भ्याट) तथा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने अन्य कर, शुल्क,दस्तुर सबै सेवा प्रदायकले कार्यालय र सम्बन्धित राजश्व कार्यलयमा बुझाउनुपर्ने ब्यवस्था गरेको छ ।कार्यालयले आय ठेक्का सकार नभएका नदी क्षेत्रबाट विभिन्न निर्माण आयोजनाहरुकालागी निर्माण व्यवसायीहरुलाई अमानतमा देहाय अनुसार विक्रि गरि असुल गरेको मु अ कर रु ३,८२,०१५।- राजश्व शिर्षक न ३३३१७ मा दाखिला नगरी व्यवसायीको आफ्नै नाम,प्यान न र सम्पर्क मोबाइल न उल्लेख गरि ३३३१४ मा दाखिला गरेको देखियो । अतः उक्त मु अ कर पालिकाको नामबाट राजश्व शीर्षक न ३३३१९ मा दाखिला समायोजन गरेको प्रमाण पेश गर्ने पर्ने अन्यथा व्यवसायीबाट असुल गर्नु पर्ने रु	३८२,०१५

सि न	निर्माण आयोजनाको नाम	माग गर्ने व्यवसायीको नाम	परिमाण	राजश्व रु	मु अ कर
१	विजौरी स्यालापानी सडक	खड्का कृष्ण/वाइवा/लामा जेभी	३००० घ मी	८४७६८०	११०१९९
२	वखरीय फालिटारा सडक	जलजला निर्माण सेवा	१५०० घ मी	४२३८४०	५५१००
३	लुक्लिपुर डाँडाखर्क सडक	विजेश्वरी निर्माण सेवा	९०० घ मी	२५४३०४	३३०६०
४	सघन शहरी भवन निर्माण	लोकमणी विल्डर्स	१५०० घ मी	४२३८४०	५५१००
५	कुइरेपानी सडक योजना	रोल्पा स्वच्छन्द निर्माण सेवा	१५०० घ मी	४२३८४०	५५१००
६	विजौरी स्यालापानी सडक	खड्का कृष्ण/वाइवा/तिरुपाते जेभी	२००० घ मी	५६५१२०	७३४५६
	जम्मा			२९३८६२४	३८२०१५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>

सटर तथा चमेनागृह बहालः कार्यालयले मातहतमा रहेको सटर कवल तथा वालउद्यान, शौचालय, चमेनागृह बहालमा लगाएकोमा देहायको व्यहोराहरु देखिएका छन ।

क) सटर बहालः कार्यालय मातहतका ८९ वटा सटरकवलहरु गत विगत वर्षहरुदेखि बहालमा लगाएको र सो मध्ये साझा बजार खण्डको ४ वटा बर्षभरिनै बहालमा नगएको जनाएको छ । बहालमा लगाएका ८५ वटा सटरकवलबाट र मासिक रु २८८९९५।- ले बार्षिक रु ३४६७९४० बहाल संकलन गरेको देखियो । लेखापरीक्षणको समयमा बहाल सम्झौता परिक्षणार्थ माग गरिंदा अधिकांश सटरहरु सम्झौता नै नगरी बहालमा लगाएको पाइयो र पेश भएको सटर नं ६ क बहालवाला गोपाल देवकोटाको २०७६।१०।५ को सम्झौता अनुसार बहाल अवधि २०७७ आषाढसम्म बहाल रहने उल्लेख भएकोमा तत्पश्चात नवीकरण गरेको पनि छैन र खारेज गरेको पनि देखिएन । अतः कार्यालयले लगाएका सटरहरु प्रचलित कानून अनुसार बहाल सम्झौता गराई अद्यावधिक गरिनु पर्दछ ।

ख) वाल उद्यान,शौचालय, चमेनागृह साझेदारीमा निर्माण तथा सन्चालन र बहालः कार्यालयले बालउद्यान शौचालयसमेत साझेदारीमा निर्माण तथा सन्चालनकालागी २०७३।८।१४ मा प्रकाशित सूचना अनुसार साझेदारले रु ५३५००० कार्यालयले रु ३१५००० लगानी गरि रु ८५०००० मा चमेनागृहसमेतको सुधार गरी कार्यालयलाई साझेदार व्यवसायीले वार्षिक रु ३६५५५५। को मासिक दामाशाहीले राजश्व बुझाउने गरि २०७३।१०।२८ मा सम्झौता गरि सम्झौता अवधि २०७८ माघ मशान्तसम्म रहने उल्लेख रहेको देखियो । तर बहालवालाबाट मासिक रुपमा भाडा असुल नगरि २०७६ बैशाख देखि २०७७ माघसम्म (२०७६।१२।११ देखि २०७७ आषाढसम्मको छुट गरि) रु ५८१०५० मिति २०७७।१२।२३ मा दाखिला गरेको देखियो । त्यस्तै २०७७ फाल्गुण र चैत्रको बहाल २०७८।६।७ मा दाखिला गरेको तथा २०७८ बैसाख देखि आषाढसम्मको भाडा ०७८ श्रावणमा दाखिला गरेको र तत्पश्चातको बहाल लेखपरीक्षाण अवधि २०७८ माघ मशान्तसम्म पनि दाखिला गरेको नदेखिएकोले सम्झौता अनुसार बहाल दाखिला गरेको देखिएन । कार्यालयलेसमेत सम्झौता कार्यान्वियनकालागी ताकेता गरेको नदेखिएकोले यसमा सुधार गरिनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>

ठेक्का सकार नभएकोः कार्यालयले नदिजन्य पदार्थ विक्रिको ठेक्का सकार नभएकोले उक्त क्षेत्रको नदिजन्य पदार्थ विक्रिकालागी वैकल्पिक व्यवस्थाद्धारा विक्रिको व्यवस्था गरिनु पर्दछ । कार्यालयले नदिजन्य पदार्थ बिक्रिकालागी सूचना प्रकाशन गरेकोमा देहाय अनुसारको ठेक्का सकार नभएकोमा अमानत वा अन्य व्यवस्थाबाट बिक्रिको व्यवस्था नगरेकोले कार्यालयलाई रु १ करोड ५८ लाख ९ हजार राजश्व संकलन हुन सकेको देखिएन । अतः ठेक्का सकार नभएको क्षेत्रको नदिजन्य पदार्थ विक्रिकालागी अन्य विधिबाटसमेत विक्रि गरि पालिकाको आय बृद्धि गराइनु पर्ने देखिन्छ ।

<table>
<tr><th>सि न</th><th>खोला क्षेत्र</th><th>ठे न</th><th>परिमाण</th><th>भ्याट बाहेक न्यूनतम अङ्क</th></tr>
<tr><td>१</td><td>पालुखोला</td><td>७-२९७७।७८</td><td>१७१००</td><td>४८३१७७६</td></tr>
<tr><td>२</td><td>बबई दोभान क्षेत्र</td><td>१०-२९७७।७८</td><td>१२२५०</td><td>३१७१७३६</td></tr>
<tr><td>३</td><td>संग्राम खोला पत्रेखोला</td><td>११-२९७७।७८</td><td>४१२५</td><td>११६५५६०</td></tr>
<tr><td>४</td><td>बबई जीतपुर घाट</td><td>१२-२९७७।७८</td><td>१३५००</td><td>३८१४५६०</td></tr>
<tr><td>५</td><td>बबई चौपारिय घाट</td><td>१३-२९७७।७८</td><td>१००००</td><td>२८२५६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५६९७५</td><td>१५८०९२३२</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>

सुरक्षित नागरिक आवास कार्यक्रमः

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०.१	३३३	२०७८-३-२४	**निकासा र खर्च:** गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी कन्टिन्जेन्सि रु २,२४,०८०।-समेत रु १,१४,२८,०२८/- खर्च लेखेको छ । खर्चमध्ये १६९ घरपरिवारलाई दुवै किस्ताको रु ५० हजारले रु ८४ लाख ५० हजार र १५३ घरपरिवारलाई पहिलो किस्ता रु १८ हजारले रु २७ लाख ५४ हजार भुक्तानी दिएकोमा देहायको व्यहोराहरु देखिएका छन् । **क) सुविधा:** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन । **ख) किस्ता भुक्तानी:** कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर लाभग्राहीलाई पालिकाले कार्यविधि अनुसार १६९ घरपरिवारलाई दुवै किस्ता एकै पटक भुक्तानी दिएको र आर्थिक वर्षको अन्तमा १५३ जनालाई पहिलो किस्ता रु १८०००/- का दरले अनुदान दिएको देखियो । अत कार्यविधि अनुसार निर्धारित किस्तामा लाभग्राहीलाई अनुदान दिई अनुदानको उपयोगलाई प्रभावकारी बनाइनुग पर्ने देखिन्छ । **ग)अनुदान समय;** पालिकाले अनुदानग्राहीलाई घर निर्माणकालागी अनुदान उपलब्ध गराउँदा घर निर्माण गर्ने मौसमसमेतको आधारमा अनुदान किस्ता उपलब्ध गराएको हुनु पर्दछ । पालिकाले अनुदानग्राहीलाई सामान्यत घर नबनाईने र खेतीपाती लगाइने वर्षायामको समयमा १५३ परिवारलाई पहिलो किस्ता रु १८०००/- का दरले निकासा गर्दा लाभग्राहीले घर नै नबनाइ अन्य प्रयोजनमा खर्च गर्नसक्ने जोखिम रहने भएकोले यसमा सुधार गरिनु पर्दछ ।	
२०.२			**खर्चको प्रमाणः** आर्थिक कार्यविधि नियमावली तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च लेख्दा खर्चका वील भरपाई र खर्च पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १५३ जना लाभग्राहीलाई सुरक्षित आवास कार्यक्रम अन्तरगत पहिलो किस्ता रु १८ हजारले अनुदान दिएकोमा निर्माण कार्यको नापीको मूल्याङ्कन तथा कार्य सम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने देखिएको रु	२,७५४,०००
२१			**निशुल्क पाठ्यपुस्त वितरणः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.१			**विद्यालयलाई पाठ्यपुस्तक वितरण खर्चः** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तक निकासा दिनुपर्ने ८२ वटा विद्यालयहरुकालागी यो वर्ष रु १,७१,५९,९८३ /- निकासा दिएको देखियो । पालिकाबाट निकासा पाउने गरूजजुर मा वि रक्षाचौर, जनश्रम मा वि खाद्रे, मा वि तुल्सीपुर सेन्टर, मा वि कालाखोला, मा वि अस्वारा, अमर मा वि उरहरी, महेन्द्रम मा वि, वालमितेरी मा वि भोजपुर,जनकल्याण मा वि दुधराक्ष र जनता संस्कृत मावि विजौरी गरी १० विद्यालयलाई नमूना छनौट गरि वितरित निःशुल्क पाठ्यपुस्तकको विवरण परिक्षण गर्दा देहायको व्यहोराह देखियो । यस्तै व्यहोराहरु अन्य विद्यालयमासमेत हुने भएकोले कार्यालय स्वयंले यकिन गरि सुधार गर्नु पर्दछ । **क)** पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदकालागी दिएको निकासा रकम खर्च पश्चात विद्यालयबाट ;सम्बन्धित विद्यार्थीले वा निजका अभिभावकहरुले पुस्तक बुझेको भरपाईहरु माग गरि फरफारक गर्ने गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण गरेको देखिएन । **ख)** सवै विद्यालयले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा विद्यार्थीको बुझेर लैजाने अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण गरेको देखिएन । **ग)** निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन । **घ)** पालिकले जनश्रम मा वि खाद्रेलाई रु ५७५२८४ मा वि कालाखोलालाई रु ३६०३६३ मा वि अस्वारा रु ५७५२८४ वालमितेरी मा विलाई रु ४७८२१२ जनकल्याण मा वि दुधरासलाई रु ४८४९५४ पाठ्यपुस्तक निकासा दिएकोमा विद्यालयले सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश गरेको छैन र पालिकाले समेत माग गर्ने गरेको देखिएन । अत पालिकाले पाठ्यपुस्तक निकासा दिएपश्चात सम्बन्धि विद्यार्थीहरुले पाठ्यपुस्तक प्राप्त गरे नगरेको यकिन गरि बढि निकासा असुल गर्नु पर्दछ ।	
२१.२			**पाठ्यपुस्तकमा बढी निकासाः** कार्यालयले विद्यालयहरुलाई पाठ्यपुस्तकको रकम निकासा गर्दा विद्यालयले विद्यार्थीलाहरुलाई पुस्तक खरिद गरि वितरण गरेको प्रमाणको आधारमा सोधभर्ना निकासा गरेको हुनु पर्दछ । कार्यालयले पाठ्यपुस्तक रकम निकासा दिएका मध्ये १० वटा विद्यालयको प्रमाण परिक्षण गर्दा अस्वारा अमर. महेन्द्र, बालमितेरी र जनकल्याण गरि ५ विद्यालयलाई बढि निकासा दिएको देखियो। यस्तै अन्य विद्यालयहरुमा समेत हुनसक्ने भएकोले कार्यालय स्वयमले यकिन गर्न लगाएकोमा कार्यालयले तयार गरि पेश गरेको विवरणमा विभिन्न ८२ विद्यालयहरु मध्ये वीरेन्द्र मा वि समेत ४३ विद्यालयहरुलाई (संलग्न अनुसूची १ बमोजिम) रु ७,६९,२८५।५६ बढी भुक्तानी गरेको देखियो । अतः उक्त रकम असुल गर्नु पर्ने देखिएको रु	७६९,२८५
२२			**सामाजिक सुरक्षा** कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रमाणित गरेको आर्थिक विवरण अनुसार रु. ३१,६७,७६,०००। सामाजिक सुरक्षा भत्ता वितरणमा निकासा तथा खर्च भएको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कारोबारको गोश्वारा भौचर सहितको स्रेस्ता लेखा परीक्षणमा उपलव्ध गराएको छैन । पञ्जिकरण शाखावाट निकासा दिंदा तयार गरेको विवरण र बैंकले भत्ता वितरण गरी कार्यालयलाई उपलव्ध गराएको रिभर्स फिडको विश्लेषणबाट सामाजिक सुरक्षा भत्ता वितरणको लेखापरीक्षण सम्पन्न गरि देखिएका व्यहोराहरु निम्नानुसार छन्	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२.१			**तथ्यांक अध्यावधिक** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा नं. १२ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ।	
२२.२			**सार्वजनिक सुनुवाई** - गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ।	
२२.३			**मौज्दात रकम**- सामाजिक सुरक्षा भत्ता वितरण गर्दा भत्ताको प्रकार अनुसारको लाभग्राही लगत अद्यावधिक गर्ने कार्य बर्ष भरीनै हुने व्यवस्था छ । कार्यालयले दोस्रो र तेस्रो चौमासिकको भत्ता वैंक मार्फत वितरण गर्दा प्रथम चौमासिकमा वितरण गरेको संख्या र लगत कट्टा गर्नुपर्ने र थप हुने लाभग्राहीको संख्या यकिन गरेर मात्र पहिलो दोस्रो तथा तेस्रो किस्ता निकासा दिनु पर्नेमा बैंकलाई दिएको निकासा रकम र संख्या तथा वितरण संख्या र रकममा अन्तर देखिएको छ । बैंकहरुले आर्थिक वर्ष समाप्त भएको लामो समय पछि मात्र बितरण नभई फिर्ता गर्नु पर्ने रकम फिर्ता गरेको देखियो ।बास्तविक लाभग्राहीको लगत अद्यावधिक गरेर बैंकहरुलाई पेश्की निकासा दिनुपर्ने र पहिले दिएको पेश्की फर्छ्यौट भएपछि मात्र थप पेश्की दिई वितरण गरिनु पर्नेमा पेश्की नजनाई निकासा दिएको छ ।कार्यालयले तिन चौमासिकमा १९ वडाको लागि १३ बैंकलाई रु३१,६७,७६,०००।- निकासा दिएकोमा बैंकहरुले भत्ता वितरण गरी कार्यालयलाई पठाएको रिभर्स फिड अनुसार रु २९१०९६८७६। वितरण गरी रु २५६७९१२४। मौज्दात बाँकी रहेको देखिन्छ । बैंकहरुसंग वाँकी रहेको रकम यकिन गरी संचित कोष फिर्ता गर्नु पर्नेमा गरेको नदेखिएकोले हिसाव यकिन गरी फिर्ता गर्नुपर्ने देखिएको रु	२५,६७९,१२४

चौमासिक विवरण	संख्या	निकासा रकम	वितरण गरेको संख्या	वितरण गरेको रकम	वितरण नभएको रकम
पहिलो चौमासिक	१३२१८	११३०६४०४१	११५३२	९९३६१२७१	१३७०२७७०
दास्रो चौमासिक	१३५२९	१००८७०३२७	११६९२	१०१२३५३५४	-३६५०२७
तेस्रो चौमासिक	१३८१६	१०२८४१६३२	१२२७२	९०५००२५१	१२३४१३८१
कूल जम्मा	४०५६३	३१६७७६०००	३५४९६	२९१०९६८७६	२५६७९१२४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**उपभोक्ता सम्बन्धी कार्** सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्ता संग कार्य गराउन सकिने व्यवस्था छ ।तुलसीपुर उपमहानगरपालिकाले उपभोक्ता समिति मार्फत गराएको कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३.१			**नर्म्सको प्रयोग** – कार्यालयको स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागि लाग्ने परिमाण अनुसारको सामाग्री प्रयोग हुनुपर्दछ। सिचाई नर्म्स अनुसार सुपरस्ट्रक्चर पि.सि.सी अरसिसि १:२:४ कार्यको लागि एक घन मिटरमा ६.४ व्याग, पि.सि.सी १:१.५:३ कार्यको ८ व्याग र रबर मेसोनरी १:४ को लागि ३.१८ व्याग सिमेन्ट लाग्ने देखिन्छ। कार्यालयले निम्न उपभोक्ता समिती मार्फत निर्माण कार्य गराएकोमा नर्म्स भन्दा घटी बढिको मात्रमा सिमेन्ट खरिद गरेको विल पेश गरी प्राविधिक विलको आधारमा भुक्तानी भएको छ । नर्म्स भन्दा घटी बढि मात्रामा सिमेन्ट खरिद भएको देखाई भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।जसका केही उदाहरण निम्नानुसार छन्:	

योजनाको नाम	१:२:४ को कार्य घ मी	१:१.५:३ को कार्य घ मी	१:४ को कार्य घ मी	खरिद संख्या	नर्म्स अनुसार खर्च हुने परिमाण	बढि खरिद परिमाण
शिव पशुपति टोल विमल शर्माको घरदेखि अमर रावतको घर सम्म पक्की नाला निर्माण	५६.०१	-	-	७१०	३५९	३५१
हेम नगर हरिपौडी सडक नाला निर्माण	-	१०३.१६	९.५	१०००	८५६	१४४
मनकामना टोल पक्की नाला निर्माण	१८२.८८	-	-	२०१६	११७१	८४५
राधाकृष्ण टोलमा पक्की नाला निर्माण	१०९.५	-	-	१११०	७०१	४०९
चन्द्रगंज सिंचाई कुलो निर्माण	८५.६	-	-	८८०	५४८	३३२
कटकुईयाँ पक्की नाला निर्माढ	२०४.३४	-	-	१९२९	१३०८	६२१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन २०६३ को नियम ४४ मा उपोक्ता समितिवाट निर्माण कार्य गराउँदा मितव्ययिता गुणस्तरीयता वा दिगोपनमा अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्यनै रोजगारी सृजना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्ता संग कार्य गराउन सकिने व्यवस्था छ । त्यस्तै खरिद नियमावलीको नियम ९७९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्ट्रिव्युटर विटुमिन व्वाईलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाईने व्यवस्था छ । साथै उपभोक्ता सतमतिले पाएको काम आफैले सम्पन्न गनपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टमा गराउन नसकिने व्यवस्था रहेको छ ।
त्यस्तै कार्यालयले नर्मसको प्रयोग गरी लागत अनुमान तयार गर्ने र निर्माण कार्य गर्दा सोही नर्मस अनुसार परिमाणको सामग्रीको समेत प्रयोग गरी गुणस्तरीय काम हुनुपर्दछ । सडक कालोपत्रे गर्दा विटुमिनको प्रयोग प्राइमकोटको लागि प्रति वर्गमिटर .९७ के.जी÷लिटर, ट्याक्ट कोटको लागि प्रति वर्गमिटर १.२२ के.जी÷लिटर र प्रिमेक्स कार्पेटको लागि प्रति बर्गमीटर १.५४ के.जी÷लिटर र शिलकोटको लागि ०.९६ लाग्ने गरी लागत अनुमान तयार गरेकोमा नमुना छनौटको आधारमा परीक्षण गर्दा यसवर्ष उपभोक्ता मार्फत कालोपत्रे गरेको सडक मध्ये निम्न सडकहरुको पेश भएको विल भरपाई तथा प्राविधिक मूल्यांकनको विश्लेषण गर्दा विटुमिन लागत अनुमानमा राखे भन्दा फरक परिमाणमा खरिद गरी प्रयोग गरेको छ । उपभोक्तावाट काम गराउँदा मितव्ययी नहुने रोजगारी सिर्जना नगर्ने प्राविधक पक्ष रहेको हेभी ईक्युपमेन्ट प्रयोग हुने तथा लागत अनुमानमा उल्लेख भए भन्दा घटी बढी परिमाणको बिटुमिन प्रयोग भएको देखिएकोले ऐन नियमको पालना नहुनुका साथै निर्माण सम्पन्न भएका सडकहरु गुणस्तरीय छ भनी आश्वस्त हुन नसकिएको रु.
<table>
<tr><th rowspan="2">भौ नं मिति</th><th rowspan="2">योजनाको नाम</th><th colspan="4">प्राविधिक मूल्याँकन अनुसार भएको काम</th><th rowspan="2">लागत अनुमान अनुसार हुनुपर्ने परिमाण</th><th rowspan="2">खरिद विल अनुसारको परिमाण</th><th rowspan="2">घटी /बढी परिमाण</th><th rowspan="2">भुक्तानी रकम</th></tr>
<tr><th>प्राईम कोट बमी</th><th>ट्याक्ट कोट बमी</th><th>प्रिमेक्स कार्पेट बमी</th><th>शिल कोट बमी</th></tr>
<tr><td>१०- ०७७।६।१५</td><td>कौवापुर क्वाङ्गी सडक कालोपत्रे</td><td>१४८२.७५</td><td>१४८२.७५</td><td>१४८२.७५</td><td>१४८२.७५</td><td>६९५४</td><td>३९००</td><td>३०५४</td><td>२३८१७६३</td></tr>
<tr><td>१७५-०७७।९।५</td><td>भुयार मन्दिर देखि महिमा बस्नेतको घर सम्म कालोपत्रे</td><td>१२९३.६</td><td>१२९३.६</td><td>१२९३.६</td><td>१२९३.६</td><td>६०६७</td><td>३८४१</td><td>२२२६</td><td>२८५६६८६</td></tr>
<tr><td colspan="9">जम्मा</td><td>५२३८४४९</td></tr>
</table></td><td>५,२३८,४४९</td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td>अनुपातिक कट्टी – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान रु २४१५८९३।६६ रहेको चेतना टोल विकास संस्था देखि अन्नपूर्ण टोल जोडने बाटोमा पक्की नाला निर्माण कार्यको लागि उपमहानगरपालिकाले रु १६९११२६ र उपभोक्ता समितिले रु ७२४७६८। व्यहोर्ने गरी सम्झौता गरेकोमा रु २२८६३५९। मात्र कार्य गरेकोले सम्झौतामा उल्लेख भए अनुसार सम्पन्न कामको उपभोक्ता सहभागिता कट्टा गरी रु १६००४५१। मात्र भुक्तानी दिनुपर्नेमा भौ नं ६९९ ०७८।३।६ बाट रु.१६९११२६।- भुक्तानी दिएकोले बढि भुक्तानी दिएको रु ९०६७५। असूल हुनुपर्ने रु.</td><td>९०,६७५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३.४			**नापी तथा कार्यसम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम २३ मा खरिद सम्झौता अनुसार सार्वजनिक नियकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी दिंदा प्राविधिक नापजाँचमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले छोटे सिंचाई कूलोको रु १२३९१२०। को लागत अनुमान तयार गरी कार्यालयले रु ९२९३४०। र उपभोक्ता समितिले रु ३३७६६०। व्यहोर्ने गरी सम्झौता भएको योजनाको नापि किताव र कार्यसम्पन्न प्रतिवेदन वेगर भौ नं ७२६-०७८।३।७ बाट रु ९२९३४०। भुक्तानी दिएकोले नापि किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु	९२९,३४०
२४			**भाडा कर** – अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका, २०७५ अनुसार निर्देशिकाको राजश्व बर्गिकरण व्याख्यामा उल्लेख भए अनुसार बित्तिय संकेत नम्वर ११९३१ सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर संघीय सरकारको संचित कोषमा जम्मा हुनुपर्दछ । निर्देशिका अनुसार सवारी साधन बाहल कर संघीय संचित कोषमा जम्मा गर्नुपर्ने देखिएकोमा कार्यालयले सवारी साधनको भाडा कर बापत उप-महानगरपालिका कोष पूँजीगत, स्थानीय पूर्वाधार साझेदारी, उप-महानगरपालिका चालु लगायत शिर्षकमा कट्टा गरेको रु. २८७५९६०।- उप-महानगरपालिकाको संचित कोषमा मौज्दात राखेको देखिएकोले संघिय संचित कोषमा जम्मा गर्नुपर्ने रु.	२,८७५,९६०
२५			**एम्बुलेन्स खरिद** - उपमहानगरपालिका मार्फत एम्वुलेन्स संचालन गर्न एम्बुलेन्स खरिद कार्यको लागि सिप्रदी ट्रेडिङसंग मिति २०७४।१०।८ मा सम्झौता भएको र २०७४।११।१६ मा रु ७००००००। पेश्की दिएको कार्यालयले तयार गरेको टिप्पणी आदेशबाट देखिन्छ । कार्यालययले सिप्रदी ट्रेडिङसंग भएको सम्झौता, शर्त, थप टिप्पणी आदेश तथा निर्णय सम्बन्धी कागजातहरु लेखापरीक्षणमा पेश भएको छैन ।कार्यालयको मौखिक भनाई अनुसार सिप्रदी ट्रेडिङसंग सम्झौता भई खरिद कार्य अगाडी बढाएको स्थानीय तहलाई एम्वुलेन्स संचालनको अनुमति नभएकोले २ वटा एम्वुलेन्सको मात्र भन्सार छुटको अनुमति प्राप्त भई सिप्रदी ट्रेडिङले उपलब्ध गराएको र अन्य ६ वटाको भन्सार छुट नभई लामो समयसम्म भैरहवा भन्सार कार्यालयमा रहेको जानकारी प्राप्त भएको छ । लामो समय सम्म भन्सारमा थन्किएका एम्वुलेन्स विग्रीन लागेकोले कार्यालय आफैले भौ नं ३५९, ५८८ र ९५३ समेतवाट रु ५१४८६९५। खर्च गरी प्राप्त गरेको छ । स्थानीय तहलाई एम्वुलेन्स संचालनको अनुमति नभएको तथा सप्लायर्सले सम्झौता अनुसार आपूर्ति नगरेकोमा कारवाही भएको छैन भने सिप्रदी ट्रेडिङले लिएको पेश्की हालसम्म पनि फर्छ्यौट भएको छैन । निर्णय गर्ने पदाधिकारीले समयमा निर्णय नगर्दा खरिद गरेको सामग्री लामो समयसम्म भन्सार कार्यालयमा राखेकोले कार्यालयले डेमरेज शुल्क वापत रु. ६६३९०६। तिरेकोले थप व्ययभार परेको रु	६६३,९०६
२६			**सवारीसाधन खरिद** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ४ थान मोटरसाईकल खरिदमा रु. १०,६८,६00।- समानिकरण अनुदानबाट खर्च गरेको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७	११६०	२०७८-३-३०	**स्मार्ट कृषि गाउँ**- प्रदेश सरकारको आर्थिक सहयोगमा अक्कासी स्मार्ट कृषि गाउँ अन्तर्गत बाख्रा र वंगुर व्यवसाय संचालनका लाग प्रदेश सरकारले उल्लेख गरेबमोजिम अनुदान दिने निर्णय बमोजिम कूल बजेट ६० लाखमा रु ५० लाख भेटनरी अस्पताल तथा पशु सेवा केन्द्रले र बाँकी १० लाख समूह वा स्थानीय तहले व्यहोर्ने रहेकोमा र सो कार्यक्रम लागि प्रदेश सरकारवाट प्राप्त अनुदान ५० लाख र समूहले १० लाख व्यहोर्ने गरी पशुसेवा बिज्ञ केन्द्र र समूह विच २०७७।११।२ मा सम्झौता भएको पाईयो । समुह र पशुसेवा केन्द्रले लागत व्यहोर्ने गरी सम्झौता भएको योजनामा कार्यपालिकाको २०७७।११।१३ को निर्णय अनुसार रु १० लाख अनुदान दिने निर्णय गरेको गरेको पाईयो । जस अनुसार ३० वटा वाख्राको खोरको लागि २४३०४२६। र २६ वटा वंगुरको खोरको लागि २२०१६७१। को लागत अनुमान तयार गरी रु १० लाख उपमहानगरपालिकाले अनुदान दिने भनी २०७७।११।२ समूहसंग सम्झौता गरेको आधारमा भौ नं ११६०-०७८।३।३० बाट रु १००००००। अनुदान खर्च लेखेको छ । पशु सेवा विज्ञ केन्द्र र समूहको लागत सहभागितामा संचालन हुने र नगरपालिकाले व्यहोर्ने रकम उल्लेखनै नभएकोमा कार्यपालिकाको निर्णय अनुसार अनुदान दिन मिल्ने देखिएन । निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असूल हुनुपर्ने रु	१,०००,०००
२८			**पूजीगतवाट बाट चालु प्रकृतिको खर्च** - गाउँपालिकाले विनियोजन गरेको पुँजीगत बजेटबाट पुँजीगत प्रकृतिका दिर्घकालिन तथा रोजगार सिर्जना गर्ने योजनामा खर्च गर्नुपर्दछ । नमुना छनौटका आधारमा परीक्षण गर्दा कार्यालयले पुँजिगत शिर्षकमा बहुबर्षिय र क्रमागत योजनामा विनियोजन गरेको बजेटबाट प्रशिक्षण शिविर सुत्केरी प्रोत्साहन पोषण कार्यक्रम लगायतमा निम्नानुसार खर्च लेखेको छ। चालु प्रकृतिको निम्नानुसार खर्च पुँजीगत बजेटबाट भुक्तानी लेखेको उचित नदेखिएको रु	७००,९८५

भौ नं मिति	खर्च विवरण	रकम
१२६- ०७७।८।३	योग ध्यान प्राणायाम तथा पञ्चकुण्डिय गायत्री महायज्ञ प्रशिक्षण शिविर	७४३३७
१९५- ०७७।९।७	कानूनी अध्ययन केन्द्रको लागि पुस्तक खरिद	६१५५५
२०७- ०७७।९।८	सुत्केरी प्रोत्साहन पोषण कार्यक्रम खर्च	२०००००
५०६- ०७७।१२।१४	तुलसीपुर मेट्रो कलेजको बिबिध खर्च	३६५०९३
जम्मा		७००९८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९	1001	२०७८-३-२५	**कार्यक्रममा दोहोरोपना** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भाग २ स्थानीय तहका पदाधिकारीहरुले कार्यसम्पादन गर्दा सहयोग पुग्ने र विचार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले विजौरी आयुर्वेद अस्पताल सुधार कार्यको लागि डोको कन्सल्ट्यान्ट संग रु १५३२५९८। मा मिति २०७९।१२।३० भित्र सम्पन्न गर्ने गरी २ वर्ष अवधि राखि मिति २०७७ चैत्र ९ मा सम्झौता गरेको छ । उक्त निर्माण कार्यको लागत अनुमान र स्वीकृती सम्बन्धी कागजात लेखापरीक्षणमा पेश भएन । साथै उक्त अस्पतालले आफ्नै बजेटवाट अन्तरंग र बहिरंग मर्मतको लागि यसवर्ष ४०७५६१४। खर्च गरेकोमा उपमहानगरपालिकाले पनि सोही भवनको ओपिडि मर्मत भनी भौ नं १००१-२०७८।३।२५ बाट रु १५४९८११। खर्च लेखेकोले काममा दोहोरापना छैन भनि आश्वस्त हुन सकिएन । काममा दोहोरोपना नभएको प्रमाण पेश हुनुपर्ने रु	१,५४९,८११

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**आन्तरिक लेखापरीक्षण** आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा गठन भई आन्तरिक लेखापरिक्षक पदपुर्ति भएता पनि चौमासिक रुपमा लेखापरीक्षण भएको छैन । चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्;	
३०.१			सार्वजनिक खरिद ऐन, २०६३ को ८(२) मा खरिद कार्य प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१ख) अनुसार, एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रुपैयाँ भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । कार्यालयले यस बर्ष पोखरेल टेड सेन्टरबाट रु.७३८४३७ को १.५ एच.टि.पि पाइप र १० एच.डि.पि पाइप खरिद गरेको छ। प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिद नियम सम्मत नदेखिएको रु.	७३८,४३७
३०.२			क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क.(१) अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकीए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने र दफा ८(२) बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने उल्लेख छ। कार्यालयले विभिन्न कन्स्टक्सन कम्पनीवाट गरेका कार्यहरुको लागत अनुमान तयार गरेको छैन । लागत अनुमान तयार गरी निर्माण कार्य गर्नुपर्दछ। ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले जे.सि.वि कटिङ्ग तथा मर्मत कार्य बापतको भुक्तानी गर्दा भए गरेको कामको नापजाँच नगरी काम गरेको घण्टाको हिसावले भूक्तानी गरिएको छ । यसरी घण्टाको आधारमा भुक्तानी गर्दा काम गरेको घण्टा मापनको आधार तयार गरेको छैन। ऐनमा व्यवस्था भए भन्दा फरक तवरले भएको भुक्तानी नियम सम्मत नदेखिएको रु.	२,०३५,७३५

क्र.स.	गो.भौ नं. र मिति	निर्माण सेवा	रकम
१	१९९, २०७७।०९।०८	भैरव निर्माण सेवा (४८ घण्टा १८००)	९७,६३२
२	१९९,	सफा कन्स्टक्सन प्रा.लि. (४३.३ घण्टा २०००)	९७,८५८
३	१९९,	सफा कन्स्टक्सन प्रा.लि. (४३.३ घण्टा २०००)	९७,८५८
४	१९७, ०७७।०९।०८	सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स	९७९९९।९७
		सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स	९५,९९९।९७
५	३३८, २०७७।१०।१४	सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स (४८ घण्टा १७६९।९११)	९३,९९९।१३६
६	३३८, २०७७।१०।१४	सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स (४८ घण्टा १७६९।९११)	९३,९९९।१३६
७	३९०, २०७७।११।०९	पि.ओली निर्माण सेवा प्रा.लि. (४९.५ १७७०)	९९,००४।९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

८	४२७, २०७७।११।१८	सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स (२६४ घण्टा २०००)	५२८,०००।००
९	४७३, २०७७।१२।१०	सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स	१४८,०००।००
१०	४९९, ०७७।१२।२३	सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स (४९ घण्टा १७६९.९१)	९८,०००।००
		सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स	९४,०००।००
		सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स	९६,०००।००
		सुर्यवंशी कन्स्टक्सन एण्ड सप्लायर्स	४८९,२४१।००
		जम्मा	२०,३५,७३५।०

३०.३

क) उपभोक्ता समिती मार्फत कार्य :- सार्वजीक खरीद ऐन २०६३ को दफा ४४ तथा सार्वजनीक खरीद नियमावली २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । नमुना छनौटका आधारमा परीक्षण गर्दा कार्यालयले निम्नानुसारका निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा निर्माणको लागि आवश्यक सरिया खरिद कार्य समेत लागत अनुमानमा समावेश गरी उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराएको छ। उपभोक्ता समिति माफर्त भएको यस प्रकारको खरिद प्रतिस्पर्धि तथा मितव्ययी नहुने हुदा यस प्रकारको खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ । साथै लागत अनुमानमा उल्लेख भए बमोजम उपभोक्ता समितिले खरिद गरेको विलमा कुन आकार र गुणस्तरको सरिया खरिद भएको उल्लेख नगरी खर्च लेखेको छ। उपभोक्ता समिती मार्फत निर्माण कार्य गराएकोमा नापि किताबमा उल्लेखित परिमाण भन्दा बढी परिमाणमा सरिया खरिद गरेको विल पेश गरी प्राविधिक विलको आधारमा भुक्तानी भएको छ । नर्म्स भन्दा बढि मात्रामा सरिया खरिद भएको देखाई भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

क्र.स.	गो.भौ.नं., मिति	आयोजनाको नाम	नापी कि. अनुसार प्रयोग भएको कि.ग्रा	विल पेश (कि.ग्रा.)	वढि भएको	दर	रकम
१	१६०, ०७७।०८।२४	एकता टोल विकास संस्थामा कल्भर्ट निर्माण उ.स.	५२९.६३	१३४८	८१८.३७	७३	५९७४१
२	३५४, ०७७।१०।२१	चन्द्रगन्ज सिचाई कुलो निर्माण उ.स.	३४५६.२७	४७९३	१३३६	७३	९७५८१
३	३२१, ०७७।१०।१२	कृष्णनगर टोल सुर्खेत सडक देखि वडा कार्यालय आउने वाटोमा पक्की नाला निर्माण उ.स.	४५८१.८	६३७८	१७९६.२	७३	१३११२२
४	३२३, ०७७।१०।१२	राधाकृष्ण टोलमा पक्की आर. सी.सी. नाला निर्माण उ.स.	५८१२.८७	८४५०	२६३७.१	७३	१९२५१०
५	४१३, ०७७।११।१२	वडा नं. ८ मनकामना टोल देखि कटकुया जाने वाटोमा पक्किनाला	८८८८.५	१२८२६	३९३७.५	७३	२८७४३७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

६	४२१, ०७७।११।१७	अश्वारा खानेपानी भवनको पर्खाल निर्माण उ.स.	५४६.७१	१०४१	४९४.२९	७३	३६०८३
७	४५३, ०७७।११।२५	अटो भिलेज देखि कैलाशनगर पक्की नाला उ.स.	२३७२.६२	२८३०	४५७.३८	७३	३३३८८
८	६१३, ०७८।०२।२४	भुयारथान भवन निर्माण उ.स.	२२५८.८६	३७६१	१५०२	७३	१०९६४६
९	७०२, ०७८।०३।०६	सक्षम टोलको पश्चिम क र ख लाइन पक्की नाला निर्माण उ.स.	२८११.४२ पान।	३७८५	९७३.५८	७३	७१०७१
१०	०७, वडानं.१२ ०७७। १२।०३	पुकार पसल पक्कीनाला निर्माण उ.स.	१८१४	२०६९	२५५	७३	१८६१५
				जम्मा			१०,३७,१९४।

ख)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) अनुसार स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीवाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । ८ औं नगरसभामा भएको खर्च रु.१६०१२५। झरेन्द्र खरेललाई भुक्तानी गरेकोमा सोको प्रतिवेदन तयार गरेको छैन। ऐनको व्यवस्था बमोजिम खर्चलाइ मितव्ययी र पारदर्शी बनाउनुपर्दछ।

ग)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) अनुसार, सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कृषि शाखाले निम्न फर्मबाट निम्नानुसारको बिउ विजन खरिद सानेपानी कृषि सहकार संस्था लि.बाट रु.३५२,८००।०० मा उन्नत तोरीको विऊ खरिद गरी ५० प्रतिशत अनुदानमा कृषकलाइ वितरण गरेकोमा खुल्ला रुपमा दरभाउ पत्र माग गरी खरिद गरेको छैन। प्रतिस्पर्धालाइ सिमित पार्ने गरी दरभाउपत्र बेगर भएको यस प्रकारको खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ।

गोश्वारा भौचर मिति	फर्मको नाम	विउ किसिम	विउ किसिम	रकम
४४८-२०७७।७।१३	ग्राण्ड एग्रोटेक एण्ड सप्लायर्स	गहुँ	६६४०	४९८०००
	मोर्डन एग्रो टेक्नोलोजी	गहुँ	६६४० के.जी	४९८०००
	लुम्बिनी एग्रोटेक एण्ड सप्लायर्स	गहुँ	६६४०	४९८०००
१६९-२०७७।७।१३	हरितक्रान्ती कृषि सहकारी संस्था लिमिटेड	गहुँ	१२२५०	९१८७५०
६४-२०७७।७।५	सानेपानी कृषि सहकारी संस्था लि.	तोरी	नखुलेको	३५२८००
६९६-२०७७।९।१२	कुलराज	च्याउ	३००० प्या	२४००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				१०४४-२०७७।१०।२६	स्वर्गद्धारी प्राविधिक परामर्श केन्द्र प्रा.ली	च्याउ	१५०० प्या.	१२००००		
				१११९	विटि एग्रोभेट	तरकारी कम्पोजिट	नखुलेको	११६८००		
				विभिन्न	विटी एग्रोभेट			३६२७५३		
				३८६	पृथ्वी एग्रोभेट सेन्टर			२९४३३७		
३०.४			अन्य कार्यालयको खर्च – कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सीमा भित्र रही खर्च गर्नुपर्दछ । यसवर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि देहाय बमोजिम भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.							२६२,२४४

गो.भौ.न., मिति	रकम भक्तानी	रकम भक्तानी	रकम भक्तानी	रकम भक्तानी
१३, ०७७।०८।१६	३८,४७४।	३८,४७४।	३८,४७४।	३८,४७४।
१४८, ०७७।१०।२६	९,३६५।	९,३६५।	९,३६५।	९,३६५।
४९, ०७८।२।२५	१४९,७२५।	१४९,७२५।	१४९,७२५।	१४९,७२५।
१५,४५ र ४६	४५,०००।	४५,०००।	४५,०००।	४५,०००।
६४ र ७९	१९,६८०।	१९,६८०।	१९,६८०।	१९,६८०।
जम्मा				२६२,२४४।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०.५			निर्माण व्यवसायीको प्रयोग– सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका वडा कार्यालयका योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग काम गराई निर्माण व्यवसायीको विल राखी भुक्तानी लिने गरेको छ। उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेकोमा निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको रु.	१,०६९,३७०

वडा नं., गो.भौ.न., मिति	उपभोक्ता समिति	निर्माण व्यवसायी	रकम
४, १४, ०७८।०३।२३	वडाका सम्पूर्ण सडकहरुको कटिङ नाला निर्माण उ.स.	भैरव निर्माण सेवा	४११,८८५।
		सुर्यवसी कन्स्टकसन एण्ड सप्लायर्स	५०,०००।
३, १७, ०७८।०२।१२	सार्किवास देखि किमूगैरा वाटो स्तरौन्नती उ.स.	मध्यपश्चिम कन्स्टकसन प्रा.लि.	१०७,३९५।२०
८, ०६, ०७७।१०।११	वटाहरु कटिङ, ग्ा्रभेल र मर्मत उ.स.	दमारचौर कन्स्टकसन प्रा.लि.	५००,१७०।
	जम्मा		१०६९३७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१	2473	२०७८-३-३०	**सवारी नविकरण** सरकारी सवारी साधनहरुको यातायात नविकरण बापत कार्यालयले रु.३,५८,७८०। खर्च गरेको छ। खर्चसंग सम्बन्धित सवारी नविकरण विलहरुको परिक्षण गर्दा कार्यालयले रा.१.प ९१७९ को मोटरसाइकलको बक्यौता समेत रु.३१५०० र रा.१.प २५ को मोटरसाइकलको बक्यौता र जरिवाना समेत रु.२३०६०। समेत रु.५४५६०। नविकरण र कर शुल्क बापत गरेको छ। निजी सवारीको सवारी नविकरण र कर बापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु	५४,५६०
३२	1839	२०७८-३-९	**पाइप नापि जडान** कार्यालयले वडा नं. ७ स्थित रामजानकी टोलका २५ घर धुरीको लागि ps-6 Ns 75mm को ९५० मिटर पाइप रु.२०७।९२ को दरले रु.१९७५२४। मा खरिद गरेकोमा नापि जडान भएको प्रमाण पेश हुनुपर्ने रु	१९७,५२४
३३	2460	२०७८-३-३०	**विद्युत खर्च भुक्तानी** कार्यालयले विद्युत बापतको रकम भुक्तानी गर्दा विद्युत् खपत युनिट वा बत्ति संख्याको आधारमा विद्युत् प्राधिकरणले निर्धारण गरेको दररेटमा भुक्तानी गर्नुपर्दछ। विद्युत प्राधिकरणको च.नं.९८४-२०७८।३।३० को पत्र अनुसार कार्यालयले उपमहानगरपालिकाको सडक बत्ति बापतको महसुल बापत रु.३०,००,०००। भुक्तानी गरेकोमा खपत भएको विद्युत युनिट तथा सडक बत्ति संख्या नखुलाई भुक्तानी गरेको छ। खपत युनिट र वत्ति संख्याको आधार बेगर विद्युत खर्च भुक्तानी गरेको रु	३,०००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**खर्च शिर्षक** महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम बिनियोजित बजेट सम्बन्धित खर्च शिर्षक अन्तर्गत रहि खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले सो विपरित निम्न खर्चहरु फरक खर्च शिर्षक र तथा फरक खर्च खाताबाट खर्च लेखेको नियम सम्मत नदेखिएको रु.	९४८,९०८

विवरण	खर्च लेखेको शिर्षक	खर्च लेख्नुपर्ने शिर्षक	रकम
अनुगमन मूल्याङकन खर्च	पदाधिकारी सेवा सुविधा	भ्रमण खर्च	२५०००
विमा नविकरण	मेसिनरी तथा औजार मर्मत	विमा नविकरण	१४३३४८
सञ्चार महसुल	विपत जोखिम न्यूनिकरण	सञ्चार महशुल	६६०००
घरभाडा	मसन्द तथा कार्यालय सामाग्री	घरभाडा	१०००००
करार कर्मचारी तलब	सेवा र परामर्श	अन्य सेवा शुल्क	१३१८७०
सवारी मर्मत	सवारीमा जिपिएस जडान	सवारी मर्मत	३६९३९०
सवारी मर्मत	विपत जोखिम न्यूनिकरण	सवारी मर्मत	११३३००
जम्मा			९४८९०८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**इन्धन मर्मत तथा फोहोर व्यवस्थापन** **क) इन्धन खर्च**- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.३४,६६,२९७। र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ। **ख) सवारी मर्मत खर्च** - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु.32,57,849।- र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। **ग) ईन्धन सुविधाः** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद 2 बुदा नं ७.१(क)। अनुसार कार्यालय प्रमुखले इन्धन सुविधा बापत मासिक ७० लिटर र ९० भन्दा बढी दरबन्दी भएका कार्यालयमा पूलमा रहेका अधिकतम ४ सवारीहरुले मासिक ७५ लिटरको दरले इन्धन खर्च पाउने उल्लेख छ। कार्यालय प्रयोजनमा रहेका २ सवारीहरुको इन्धन खर्च परीक्षण गर्दा ऐनले निर्धारण गरेको सिमा भन्दा ३२९५ लिटर डिजेल बढी खर्च लेखेकोले बार्षिक औषत मूल्यको आधारमा रु.९६.६२५ को दरले रु.३१८३७९। बढी व्ययभार पारेको छ। ऐनले निर्धारण गरेको सिमा भित्र रहि इन्धन खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। **घ) फोहोरमैला व्यवस्थापनः** फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा नियमावलीमा कुहिने र नकुहिने फोहोर श्रोतमा नै (घरमा) बर्गिकरण गर्ने तथा सोही बमोजिम ढुवानी तथा सम्बन्धित ल्याण्डफिल साइटमा विसर्जन गर्नुपर्ने व्यवस्था छ ।उपमहानगरपालिकाले यस बर्ष फोहरलाई मोहरमा बदल्ने र दीर्घकालिन ल्यान्डफिल साइडको व्यवस्था तथा फोहर वर्गिकरण र व्यवस्थापन अन्तर्गत रु.९९९९९९१। र अस्थायी ल्यान्डफिल साइडको मर्मत तथा व्यवस्थापनमा रु.५८,०१,०४८। समेत रु.१५८०१०३९। खर्च गरेको छ। उपमहानगरपालिकाले फोहोरलाई श्रोतमा बर्गिकरण गरी ढुवानी तथा विर्सजन गरेको अभिलेखबाट देखिएन । उपनगरपालिकाबाट फोहर व्यवस्थापन (विर्सजन) को लागि ल्याण्डफिड निर्माण गरी प्रयोगमा ल्याएको नपाइएकोले फोहोर व्यवस्थापन (Solid waste management) मा उपनगरपालिकाको अवस्था कमजोर देखियो । नियमानुसार फोहोरको बर्गिकरण, ढुवानी र विर्सजन गर्ने गरी फोहोर व्यवस्थापन गर्ने तर्फ उपनगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ । **ङ) भ्रमण तथा अनुगमन मूल्याङ्कन खर्च**- भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु.४२,३८,२०३।– तथा संघिय तथा प्रदेश हस्तान्तरित कार्यक्रमबाट सञ्चालित विभिन्न कार्यक्रम र पालिकाका विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सी रकमबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । नियमावलीको नियम २१ बमोजिम कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछी अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद गराई भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीबाट भ्रमण प्रतिवेदन प्राप्त गरे पश्चात भुक्तानी गर्नुपर्नेमा गरेको छैन। अद्यावधिक भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोले दोहोरो पर्ने गरी खर्च भए नभएको एकिन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौटका आधारमा परीक्षण गर्दा स्वर्गद्वारी ह्यूम पाईप तथा बिद्युत पोल उद्योगबाट निम्नानुसार पटक पटक गरी सिमा भन्दा बढीको खरिद गरेको देखियो । साथै खरिद भएका बिभिन्न साईजका ह्यूय पाईप मध्ये केहीको जिन्सि दाखिला नगरेको र खरिद भएका पाईप कहाँ कहाँ जडान गरियो नापी मूल्याँकन समेत तयार गरेको देखिएन ।नियमावली विपरित खरिद गरेको नियमसम्मत नदेखिनुका साथै खरिद पाईपको प्राविधिक मूल्याँकन समेत पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१०९४-०७८।३।२९</td><td>४९७४४८</td><td>४९६९१२</td><td>वडा नं १५ का वडाध्यक्ष लक्ष्मण चौधरीले बुझिलगेको</td></tr>
<tr><td>११०२-०७८।३।३०</td><td>२७१५९५</td><td>२७१५१७</td><td>जिन्सी दाखिला नभएको</td></tr>
<tr><td>११०९-०७८।३।३०</td><td>११७९२९</td><td>११७७३४</td><td>वडा नं १२ का वडा अध्यक्ष सूर्य डाँगीले बुझिलगेको</td></tr>
<tr><td>१११४-९७८।३।३०</td><td>२५७३०१</td><td>२५०७६६</td><td>जिन्सी दाखिला नभएको</td></tr>
<tr><td>१११८-०७८।३।३०</td><td>४९३१६०</td><td>४९०८२१</td><td>जिन्सी दाखिला नभएको</td></tr>
<tr><td>११२९-०७८।३।३०</td><td>४९७८०५</td><td>४९६००२</td><td>जिन्सी दाखिला नभएको</td></tr>
<tr><td>११४३-०७८।३।३०</td><td>४९५६१६</td><td>४९३९३६</td><td>जिन्सी दाखिला नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२६१७६८८</td><td></td></tr>
</table></td><td>२,६१७,६८८</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>नापी जडान
कार्यालयले पाइप तथा फिटिंङ्गस खरिद गर्दा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावस्यक भएमा मात्र खरिद गर्ने तथा नापी जडान देखिए अनुसार जिन्सी खातावाट मौज्दात घटाउनु पर्दछ । कार्यालयले आर्थीक वर्षको अन्तमा तकियापुर खानेपानी तथा सरसफाईको लागि देव प्लाष्टिक ईण्डष्ट्रिजबाट एचडिईपी ९० एमएम पिएन ६ को ३५०० मिटर पाईप खरिद गरी भौ नं. ११३१-०७८।३।३० बाट रु. ९८४७९५। खर्च लेखेको छ ।खरिद भएको पाईप योजनामा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>९८४,७९५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८			**स्रोत अनुमान समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट सिमा निर्धारण गर्नुपर्ने तथा समितिले प्रत्येक वर्षको बैसाख १० गते भित्रै सम्पन्न गर्नुपर्ने व्यवस्था छ । ऐनले तोकेको सिमाभित्र समितिले कार्य सम्पन्न गरेको छैन ।कार्यालयले स्रोत अनुमान समितको बैठक २०७७।३।५ रु. ३,३९,९६,१५,०००।- को बजेट सिलिङ तयार गरेको पाईयो बजेट प्रस्तुत गर्नु ९ दिन अगाडी स्रोत अनुमान समितिको बैठक बसेको नियम सम्मत देखिएन ।बजेटको सिमा निर्धारण र पारित बजेट विच अन्तर देखिएकोले सिमा निर्धारण यथार्थपरक देखिएन ।	
३९			**बजेट तर्जुमा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ ।बजेट तर्जुमा समितिको बैठक २०७८।३।६ देखि ३।२४ सम्म ९ पटक बसे पनि बजेट तर्जुमा समितिले तयार गरेको बजेट तथा निर्णयहरु लेखापरीक्षणमा पेश भएन ।	
४०			**बजेट तथा अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरिसक्नु पर्ने र दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । पालिकाले २०७6।3।१० मा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरी 2077 असार २६ मा पारित गरेको छ । बजेट प्रस्तुत गर्दा रु २ अर्व ३४ करोड ३७ लाख ६४ हजारको आय अनुमान गरेकोमा आय भन्दा रु ३० लाख बढी अर्थात २ अर्व ३४ करोड ६७ लाख ६४ हजारको व्यय अनुमान पेश गरेको छ ।त्यस्तै बजेट कार्यान्वयनको लागि 2077।४।९ मा प्रमुख प्रशासकिय अधिकृतलाई पारित बजेट भन्दा रु.२३,४६,८६,२६७।- घटी अर्थात रु. २,११,२०,७७,७३३।- गर्ने अख्तियारी प्रदान गरेको छ । आय भन्दा बढीको बजेट पारित गर्ने तथा पारित बजेट भन्दा घटीको अख्तियारी दिएकोले बजेट तथा अख्तियारी यथार्थपरक देखिएन । यसमा सुधार हुनुपर्दछ ।	
४१			**प्रकोप व्यवस्थापन कोष**	
४१.१			**प्रकोष व्यवस्थापन कोष** - कार्यालयले शुत्र प्रणालीमा प्रकोप व्यवस्थापन कोषको आम्दानी खर्च लेखाङ्कन गरेको छैन। कार्यालयले आम्दानी खर्च लेखाङ्कन नगरेकोले लेखापरीक्षणको क्रममा बंङ्क नगदी किताब तयार गर्न लगाउदा रु.४८,२०,०२२। आम्दानी भइ खर्च भएको विवरण पेश गरेको छ। कार्यालयले तयार गरेको बैङ्क नगदी किताबको यथार्थता जाँच गर्न सो कोषको बैङ्क स्टेटमेन्ट भिडान गर्दा बैङ्कमा रु.३२,८२,१०४।१७ आम्दानी भई रु.२८,८५,४४८।१७ खर्च र रु.३,९५,६५६। मौज्दात रहेको देखिन्छ। बैङ्क र कार्यालयले तयार गरेको विवरण अनुसार रु.१५,३७,९३९.८३ रकम फरक परेकोले आम्दानी खर्च एकिन गर्न सकिएन। यस सम्बन्धमा कार्यालयले एकिन गरी यथार्थ कारोवारको प्रमाण पेश गर्नुपर्ने रु.	१,५३७,९३९.८३
४१.२			क्वारेन्टाइन खर्च ४३४-२०७७।८।११ आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुर्‍याइ लेखा अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ। कार्यालयले श्री जनता संस्कृत मा.वि विजौरीमा क्वारेन्टाइन व्यवस्थापन खर्च बापत गत बर्षका विल भर्पाइ रु.२१६५७६। समेत रु.५६५७४८। खर्च गरी वडा नम्बर ७ का वडा सचिव विनिता अधिकारीलाई सोधभर्ना खर्च लेखेकोमा क्वारेन्टाइनमा बस्ने व्यक्ति संख्या र बसेको दिन खुलेको छैन। क्वारेन्टाइनमा बस्ने जम्मा व्यक्ति संख्या र अधिकतम बसाइ अवधि नखुलाई गत बर्षका विल भर्पाइ संलग्न गरी भएको यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.३			कार्यालयले विपत् व्यवस्थापन कार्यको लागि विपत् व्यवस्थापन कोष अन्तर्गत रही खर्च गर्नु पर्दछ। यस बर्ष कार्यालयले चालु खर्च तर्फ बिपत व्यवस्थापन शिर्षक कायम राखी रु.९५,५०,४६२।६५ खर्च गरेको छ। विभिन्न योजनाहरु कटौति गरी विपत् व्यवस्थापन कोष स्थापना गरेको अवस्थामा पुन चालु खर्च खातामा छुट्टै खर्च शिर्षक कायम गरी खर्च लेख्नु उचित देखिदैन। विपत् व्यवस्थापन कोष अन्तर्गत रही बजेट खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
४२			**प्रधानमन्त्री रोजगार** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा भवन मर्मत, बाटो मर्मत तथा सोलिङ वाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४३५ जनालाई रोजगारी उपलब्ध गराई रु.१,१०,४७,२५६। ज्याला भुक्तानी गरेको छ । लक्षित वर्गलाई औसतमा ४९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
४३	466	२०७७-८-१६	**हाजिरी जडान** कार्यालयले उपमहानगरपालिका अन्तर्गतका १९ वडा पशु सेवा शाखा र स्वास्थ्य प्रवर्द्धन शाखामा समेत २१ थान विद्युतिय हाजिरी मेसिन खरिद र जडान खर्च समेत रु.४७४६००। सफ्टेक इन्फोसिस प्रा.ली काठमाडौलाई भुक्तानी गरेकोमा वडा नं.१३, १४ र १५ मा हाजिरी मेसिन जडान भएको छैन। प्रति मेसिन रु.२२६००। को दरले ३ वडा कार्यालयहरुमा हाजिरी मेसिन जडान भएको प्रमाण पेश हुनुपर्ने रु.	६७,८००
४४	1839	२०७८-३-९	**डम्पिङ साइट तटबन्द** तुल्सिपुर उपमहानगरपालिकाको अस्थायी डम्पिङ साइटमा तार जाली र ढुङ्गा भर्ने कार्य र तटबन्धन निर्माणमा कार्यालयले रु४९६९१२। खर्च गरेकोमा सोको नापि जडान प्रमाण भएको प्रमाण पेश हुनुपर्ने रु.	४९६,९१२
४५			**घरभाडा** कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सीमा अन्तर्गत रही खर्च गर्नुपर्दछ । यसवर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने नेपाल एयरलायन्स कार्यालयको लागि मासिक रु.१२,१००। को दरले बार्षिक रु.१,४५,२००। घरभाडा भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.	१४५,२००
४६			**सुरक्षित आप्रवासन कार्यक्रम** - नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत दाङ जिल्लाको बबई गाउँपालिकामा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा रहेको छ। सुरक्षित वैदेशिक रोजगार सम्बन्धि समुदाय सचेतिकरण कार्यक्रम, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धि कार्यक्रममा सहयोग पुर्‍याउने गरी यस कार्यक्रमको लागि अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाल छनौट भई कार्य गरेको छ। सुरक्षित आप्रवासन परियोजना (सामि) परियोजना कार्यान्वयन निर्देशिका, २०७६ अनुसार स्थानीय तहले भुक्तानी गर्ने रकममा शिरोभार खर्च कट्टि गर्ने सम्बन्धमा कुनैपनि व्यवस्था गरेको छैन। कार्यालयले यस बर्ष अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाललाई ३% शिरोभार खर्च रु.५६३८३। थप गरी रु.२१,८७,४९३। भुक्तानी गरेको छ। निर्देशिका विपरित शिरोभार खर्च भुक्तानी असुल हुनुपर्ने रु.	५६,३८३
४७			**पेश्की बाँकी**	१,९०२,७९३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७(4) अनुसार पेश्की लिने व्यक्ती वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार निम्न कर्मचारी र संस्थालाई गएको पेश्की फछ्यौट हुनुपर्ने रु.	

क्र.स	विवरण	पेश्की रकम
१	त्रिवेणि खुटी पिउने पानी उपभोक्ता तुलसीपुर -९	३०६८६९
२	नेपाल विधुत प्राधिकरण	१८३३२४
३	राप्ती सल्यानी खुकुरी तथा कृषि औजार उद्योग	१५००००
४	नगर स्वास्थ्य केन्द्र पर्सेनी	१०००००
५	उरहरी स्वास्थ्य चौकी	५५२००
६	नगर स्वास्थ्य केन्द्र डुरुवा	३३२००
७	नगर स्वास्थ्य केन्द्र तकियापुर	४००००
८	नगर स्वास्थ्य केन्द्र प्रतापकोट	१४४००
९	नगर स्वास्थ्य केन्द्र रानागाउ	२८८००
१०	नगर स्वास्थ्य चौकी विजौरी	२८८००
११	पवननगर स्वास्थ्य चौकी	४००००
१२	लक्ष्मिपुर नगर स्वास्थ्य केन्द्र	२८८००
१३	स्वास्थ्य चौकी हलवार	३९२००
१४	हेमनगर नगर स्वास्थ्य केन्द्र	६९२००
१६	तिला ढकाल	२७००००
१८	नवराज जैसी (पाण्डे)	१५०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१९	तिला ढकाल	५०००००
	जम्मा	१९०२७९३

मोबिलाइजेशन पेश्की आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले निम्न फर्महरुलाई रु.९२८०१५५।– मोविलाइजेशन पेश्की दिएकोमा सो पेश्की नियम 52(3) अनुसार म्याद नाघेको छैन । तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

क्र.स	फर्मको नाम	पेश्की रकम
१	राष्ती विल्डर्स	६७००००
२	राना ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि.	५६७७५५
३	थोदुङ कन्स्ट्रक्सन प्रा.लि.	२१५००००
४	थोदुङ कन्स्ट्रक्सन प्रा.लि.	४७५००००
५	तिरूपाते-विजेश्वरी जे.भि.तुलसीपुर	११४२४००
	जम्मा	९२८०१५५

४८

योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोराहरु

क) निर्माण कार्यको गुणस्तर – खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनुपर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि यो वर्ष गाउँपालिका कोष पूँजीगतवाट रु. ६० करोड ५२ लाख ४६ हजार पुँजीगत खर्च गरेकोमा अधिकाशं योजनाको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ।

ख) कन्टिन्जेन्सी खर्च अभिलेख - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।

ग) ठेक्का बन्दोबस्त आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम (७) कार्यालयले बार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र तयार गर्ने जस्ता कार्यहरु प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको विवरण अनुसार प्रथम चौमासिकमा २, दोश्रो चौमासिक अवधिमा २३ र तेश्रो चौमासिकमा ५१ समेत यो वर्ष ७६ ठेक्का बन्दोवस्त गरी ९ ठेक्का पुर्ण गरेको विवरण पेश भएको छ। कार्यालयले बजेट शिर्षक अनुसारको ठेक्का लगत राखेको देखिएन। अत नियमावली अनुसार तोकिएको अवधिमा ठेक्काबन्दोबस्त तथा स्वीकृती समेतका कार्यहरु गरीनु पर्दछ।

खरिद कार्यक्रम	जम्मा		प्रथम चौमासिक		दोश्रो चौमासिक		तेश्रो चौमासिक		आषाढ महिना	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
सबै	७६	४४६९८६	२	१११९३	२३	४६९९७	५१	३८८७९६	९	१४६३५०

घ) अद्यावधिक बिबरण - कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। अन्य फारामहरुको अतिरिक्त पूर्वाधार विकास सम्बन्धि काम गर्ने कार्यालयहरुले ठेक्का सम्बन्धि विवरण म.ले.प.फा.नं. 507 अद्यावधिक राख्नुपर्दछ । कार्यालयले स्वीकृत ढाँचामा विवरण राखेको छैन । लेखापरीक्षणको क्रममा ठेक्कासँग सम्बन्धित आवश्यक सूचना प्राप्त गर्ने प्रयोजनको लागि फाराम उपलव्ध गराएकोमा उक्त फाराम पूर्ण रुपमा भरी उपलव्ध नगराएकोले सञ्चालित ठेक्काहरुको भेरियसन स्वीकृती, म्याद थपको अवस्था, विमा व्यवस्था, कार्य सम्पादन जमानतको म्याद, पेश्कीको म्याद तथा मूल्य समायोजन सम्बन्धि विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचामा विवरण अद्यावधिक राख्न कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

ङ)योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
१८	१९	८१	६०	१५१	३२९

उपरोक्त विवरण अनुसार कार्यालयले यस बर्ष ३२९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

४९

बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु

क) चौमासिक खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा पूँजिगत खर्चमा रु.60 करोड 52 लाख 45 हजार मध्ये तेश्रो चौमासिकमा रु.34 करोड 76 लाख १4 हजार (57.43%) र आषाढ महिनामा रु.२४ करोड १० लाख ९२ हजार (३९.८३%) खर्च गरेको विवरण पेश भएको छ। आर्थिक बर्षको अन्त्यमा मात्र अधिक कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्ने समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनुपर्दछ।

ख) क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका निमित्त क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। कार्यालयको चालु खर्च, पूर्जिंगत खर्च र क्षेत्रगत बजेट खर्च एकआपसमा भिडान हुनुपर्दछ। यस पालिकाको २०77।78 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको विवरण पेश गरेको छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम

१	आर्थिक विकास	१०६४०७५२८	७७३७४८२१.०	४.९३
२	पूर्वाधार विकास	८८९२८७९२६	५०३४८९०४६.४	३२.०९
३	सामाजिक विकास	७५४५३४४२५	६७३०७२४६७.३	४२.९०
४	बातावरण तथा विकास	२१५२००००	२०९९९०३८.४	१.३४
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	५१७२९०७६	४४६९४८९१.०	२.८५
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	२८८५९८७७८	२४९१२८७१४.६	१५.८८
जम्मा		२११२०७७७३३	१५६८७५८९७८.७	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४२.९.% र बातावरण तथा विकासमा सबै भन्दा कम १.३४% खर्च भएको छ ।

ग)खर्च बिश्लेषण - पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. २५ करोड ६५ लाख ३७ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. १ अर्ब ३१ करोड ९० लाख ६ हजार समेत रु. १ अर्ब ५७ करोड ५५ लाख ४३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ९५ करोड ३७ लाख ८५ हजार र पूँजिगत तर्फ रु. ६० करोड ५२ लाख ४६ हजार समेत रु १ अर्ब ५५ करोड ९० लाख ३१ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १६.४५ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु. २ करोड २९ लाख ५७ हजार खर्च भएको छ । जुन आन्तरिक आयको ८.९५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.१८ प्रतिशत चालु र ३८.८२ प्रतिशत पूँजिगतमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

घ)**लक्ष्य प्रगति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। ऐन बमोजिमको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**सार्बजनिक खरिद सम्बन्धमा देखिएका व्यहोराहरु** **क) खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ । **ख)सोझै खरिदः–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा विभिन्न फर्महरुसँग पटक पटक गरी रु.९०,४१,३४०। को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ । **ग) जिन्सी अभिलेख** कार्यालयले साङ्ग्रिला सफ्ट्वयर प्रयोग गरी जिन्सी अभिलेख राखेको छ। सफ्टवेयरमा राखिएका जिन्सी अभिलेखहरु आर्थिक बर्षको अन्त्यमा कार्यालय प्रमुख र शाखा प्रमुखबाट प्रमाणीत गरी बाँकी जिन्सी आगामी आ.बको लागि अल्या आम्दानी जनाउनुपर्नेमा जिन्सी किताब प्रमाणीत गर्ने गरेको छैन । यसबाट अघिल्लो बर्ष बाँकी रहे बराबरको जिन्सी सामाग्री आगामी बर्षको लागि आम्दानी जनाएको छ भनी आश्वस्त हुन सकिएन। आर्थिक बर्षको अन्त्यमा जिन्सी किताब प्रमाणीत गरी जिन्सी अभिलेख व्यवस्थापन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। **घ) जिन्सी सफ्टवेयर** कार्यालयले यो बर्ष साङ्ग्रीला सफ्ट्वयर प्रयोग गरी जिन्सी अभिलेख राखेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनियता एवं आधिकारिकताका सम्बन्धका विषयमा कार्यालयले ध्यान दिई नेपाल सरकारले प्रयोगमा ल्याएको पाम्स सफ्टवयरमा जिन्सी अभिलेख राख्नुपर्दछ।	
५१			**अनुगमन भत्ता** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम २० कि.मि. भित्र र एकै दिन फर्किन सकिने स्थानमा भ्रमण जादाँ २५ प्रतिशत खाजा खर्च दिने व्यवस्था छ। साथै प्रदेश सरकारद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम अनुगमन भत्ता खर्च लेख्न मिल्ने व्यवस्था छैन। कार्यालयले विभिन्न योजनाहरुको अनुगमन गरेको भनी योजना संख्याको आधारमा भुक्तानी गरेको छ। योजना अनुगमन गर्दा अनुगमन गरिएका योजनाहरुको बस्तुस्थीती, कमि कमजोरी, सुधारको लागि दिएका निर्देशनहरु समेत देखिने गरी प्रतिवेदन तयार गर्ने र सोको आधारमा अनुगमन भत्ता खर्च लेख्नुपर्नेमा सो बेगर अनुसुची ३ बमोजिम अनुगमन गरेको योजना संख्या उल्लेख गरी अनुगमन भत्ता खर्च लेखेको नियम सम्मत नदेखिएको रु.	३५२,७५०
५२			**बैठक भत्ता खर्च** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलब्ध गराउन नमिल्ने र बुदा नं.१च बमोजिम कार्य प्रकृति अनुसार मितव्ययी ढंगले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारका बोलपत्र खोल्दा, निम्नानुसारको संख्यामा कर्मचारी तथा पदाधीकारीहरुलाई बोलपत्र खोलुवा मुचुल्का बैठकमा उपस्थित भएको आधारमा एकै दिन खोलएका विभिन्न क्याटलग सपिङ र सिलबन्दी बोलपत्रको छुट्टा छुट्टै बैठक संख्या देखाई अनुसुची ४ बमोजिम भत्ता भुक्तानी गरेको छ। नियमित पदले गर्नुपर्ने काम र एकै दिनमा खोलिएका मुचुल्काहरुको समेत छुट्टाछुट्टै बैठक देखाई भत्ता खर्च लेखेकोले कर कट्टि गरी रु.६०३५००।- भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.	६०३,५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>बढी भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को ५१ १ मा कारोवारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुर्याई लेखा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पर्यावरणीय दिगो विकास एवं अनुसन्धान केन्द्रको लागि भौतिक सामग्री तथा बन्यजन्तु उपचारको लागि ट्रस निर्माण कार्यको रु ८५७६६३। र सामग्री खरिद रु १३५३३७। को लागत अनुमान तयार गरी कार्यालयले कन्टेन्जेन्सी बाहेक रु ७६५१७८। निर्माण कार्यको र रु १३५३३७। खरिदको समेत रु ९००५१५। भुक्तानी गर्ने बाँकी सो संस्थाले व्यहोर्ने सम्झौता गरी कार्यान्वयन गराएकोमा भौ नं १ ०७८।१।५ बाट खर्च लेख्दा रु ९६३२१०। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु ६२६९५। असूल गरी बेरुजु दाखिला गर्नुपर्ने रु</td><td>६२,६९५</td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>निर्माण व्यवसायीको प्रयोग – सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ।निम्नानुसारको योजना कार्यान्वयन गर्न उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गरि लिएकोमा आफैले काम नगरी निर्माण व्यवसायी मार्फत गराएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>गाउँपालिकाले व्यहोर्ने अनुदान कन्टेन्जेन्सी सहित</th><th>श्रम सहभागिता</th><th>विल पेश गरेको निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायीको विजक मार्फत भुक्तानी माग रकम</th><th>भुक्तानी</th></tr>
<tr><td>बल्ले किमगैरा सडक</td><td>१०९६२८५</td><td>९९३०००</td><td>१३३०७५</td><td>एकराज निर्माण तथा सप्लायर्स</td><td>१०९१८०५</td><td>९६३२१०</td></tr>
<tr><td>बनगाउँ सिंचाई डिप बोरिङ</td><td>२१२८०८१</td><td>१९८६०००</td><td>२०१६६१</td><td>प्रजेश ड्रिलिङ कन्स्ट्रक्सन</td><td></td><td>१९२६४२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२८८९६३०</td></tr>
</table></td><td>२८८,९६३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३.३			स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ को बुँदा ९ मा भौतिक पूर्वाधार विकास सम्बन्धि आयोजना सञ्चालन गर्न सकिने र यसरी सञ्चालन गर्दा तोकिएको क्षेत्रमा प्राथमिकता दिनुपर्ने व्यवस्था छ । कार्यविधि नियमावली अनुसार स्मृती प्रतिष्ठान तथा शलिक निर्माण जस्ता आयोजना छनौट गरी कार्यान्वियन गर्न सकिने देखिंदैन । निर्वाचन क्षेत्र नं ३ अन्तगर्गत यस कार्यक्रममा उपमहानगरपालिकाले निम्न योजना कार्यान्वियन गरेकोमा कार्यविधि नियमावलि अनुरुपको योजना छनौट र स्वीकृत भई कार्यान्वयन भएको देखिएन। कार्यविधि अनुसार कार्यक्रम छनौट गरी कार्यान्वियन गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।	

योजनाको नाम	लागत अनुमान	गाउँपालिकाले व्यहोर्ने अनुदान कन्टेन्जेन्सी सहित	श्रम सहभागिता	सम्पन्न काम	भुक्तानी
मदन आश्रित स्मृत सभागृह भवन निर्माण	८३८६३२१	७५४७६८९	८३८६३२	८३९४१४९	७३२१२५८
पुष्पलाल शालिक निर्माण	११९६९९०	९९३०००	१५३७८०	११९६९९०	९६३२१०
जम्मा					८२८४४६८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४			**वडा कार्यालयको राजश्व असुली र दाखिलाः** **वडा आम्दानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यस्को भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सोको १० प्रतिशत जरिवाना गरि सोसमेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरि दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाहीसमेत गराउने व्यवस्था छ । त्यस्तै सोही बमोजिम प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २४ को उपदफा २ मा १० दिनसम्म ढिलो गरेको भए १० प्रतिशत र १० दिन भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवान र विभागीय कारवाहीसमेत गरिने उल्लेख छ । कार्यालयले तयार गरि लेखापरीक्षणार्थ पेश गरेको राजश्व आम्दानी तथा दाखिला विवरण अनुसार तोकिएको समयमा नगद दाखिला हुने नगरेकोमा जरिवाना तथा कुनै कारवाही गर्ने गरेको देखिएन । पालिका कार्यालयले वडाहरुमा अफलाईनबाट आम्दानी रसिद काटिने जनाएको भएता पनि पालिकाको आय शाखाबाट आम्दानी तथा बैक दाखिलाको दैनिक भीडान गर्ने गरेको नदेखिएकोले यथार्थ आम्दानी तथा दाखिला भिडान हुन सक्ने अवस्था देखिएन । पालिकाले तयार गरि पेश गरेको आम्दानी दाखिलाको विवरणमा केही नमूना छनौट गरि परीक्षण गरिएकोमा अनुसूची ५ मा उल्लेख भए अनुसार राजश्व आम्दानी ढिला दाखिला गरेको देखिएकोले सोही अनुसार अन्य वडा तथा कार्यालयमासमेत हुनसक्ने भएकोले कार्यालय स्वयमले यकिन गरि जरिवाना असुल गर्नु पर्दछ । साथै यसमा सुधार गरि देहाय अनुसारको जरिवाना असुल गर्नु पर्ने देखिएको रु	८५७,२५८
५५			**मजुवा खानेपानी आयोजना ठे न ११-२०७६।७७ एसियन बोरिङ्ग एण्ड ट्रेडिङ्ग कम्पनीः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.१			**आयोजना निर्माण ः** उपमहा नगरपालिकाले ठे न २२-२०७६।७७ मजुवा खानेपानी आयोजना निर्माणकालागी मिति २०७७।१२।३० मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी एसियन बोरिङ्ग एण्ड ट्रेडिङ्ग कम्पनीसंग मु अ करबाहेहको कबोल अंक रु ५५,३९,३१४।२० स्वीकार गरी २०७७।३।११ मा ठेक्का सम्झौता गरेकोमा मु अ करसमेत रु ४७,५९,०४५।- खर्चमा कार्यसम्पन्न प्रतिवेदन अनुसार मिति २०७७।१२।३० मा सम्पन्न गरेको देखियो । यसमा निम्न व्यहोराहरु देखिएका छन् **क) कार्य स्वीकार प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन बनाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य स्वीकार प्रतिवेदन बनाएको देखिएन । **ख) कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेमा त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । **ग) एज बिल्ट नक्शा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम १ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिमको एज विल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर निर्माण व्यवसायीले एज विल्ट नक्शा तयार गरी पेश गरेको देखिएन । अत: एजविल्ट नक्शा तयार गरि गुणस्तर कायम गरिनु पर्दछ ।	
५५.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । · **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने · **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने · **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने · **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य · **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने · **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
५५.३			**निर्माण कार्यको बिमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को अनुसार निर्माण व्यवसायीले दशलाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्नु परेमा निर्माण सामाग्री, प्रयोग गरिने मेशिनरी उपकरण लागयत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च तथा निर्माणकार्यमा संलग्न एव अनुगमन निरीक्षणमा रहने कामदार कर्मचारीको दुर्घटनाबाट हुने क्षतिसमेतको निर्माण कार्यको सम्झौता गर्दा निर्माण कार्यको त्रुटी सच्याउने अवधिसम्मको बिमा गराउनु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीले उल्लिखित अनुसार निर्माण कार्यको विमागराएको देखिएन । अत: नियमानुसार निर्माण कार्यको निर्धारित जोखिम र अवधिको बिमा गराई निर्माणस्थलमा हुने जोखिम न्यूनिकरण गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.४			**खरिदमा सम्झौताको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने र तोकिएको अवधिम कार्य सम्पन्न गर्ने नसक्ने भएमा अवधि समाप्त हुनुभन्दा २१ दिन अगावै निर्माण व्यवसायीले निवेदन दिनु पर्ने व्यवस्था छ । सम्झौताको अवधि थप सम्बन्धमा निम्न व्यहोराहरु देखिएकोले निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण नगरी निर्माण कार्यको अवधि थप गर्ने कार्यमा सुधार गरिनु पर्दछ । **क)** उक्त निर्माण कार्यको कार्य सम्पन्न गर्नुपर्ने शुरु अवधि २०७७।१०।1 सम्म रहेकोमा अवधि समाप्त हुनुभन्दा २१ दिन अगावै माग गर्नुपर्नेमा दर्ता न ७१७१ मिति२०७७।१०।१४ मा निर्माण व्यवसायीले आवश्यक अवधि नखुलाई निवेदन दिएकोमा कार्यालयले २०७७।१२।३० सम्म अवधि थप गरेको देखियो । नियमावली अनुसार अवधि थप माग गरेको देखिएन । **ख)** निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वियनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन ।	
५६			**जनता सस्कृत मा वि भवन निर्माण कार्य ठे न १७-२०७६।७७ फूलवारी कन्स्ट्रक्सनः**	
५६.१			**भवन निर्माण ः** उपमहा नगरपालिकाले ठे न १७-२०७६।७७ जनता संस्कृत मा वि भवन निर्माणकालागी मिति २०७७।८।२० मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी फुलबारी कन्स्ट्रक्सनसंग मु अ करबाहेकको कबोल अंक रु८६,६८,४९४।६० स्वीकार गरी २८ मई २०२० मा ठेक्का सम्झौता गरेकोमा मु अ करसमेत गतवर्ष रु ७६,४१,६५४।- भुक्तानी गरेकोमा यो वर्षको रु २०,४९,९२६।- समेत रु ९६,९१,५८०।- खर्चमा ब्यवसायीको निवेदन अनुसार २०७७।८।१२ मा सम्पन्न भएको जनाइ कार्यालयमा दर्ता गरेको र कार्यसम्पन्न प्रतिवेदन अनुसार मिति २०७७।८।१८ मा सम्पन्न गरेको देखियो । यसमा निम्न व्यहोराहरु देखिएका छन् **क) कार्य स्वीकार प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन बनाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य स्वीकार प्रतिवेदन बनाएको देखिएन । **ख) कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेमा त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । **ग) एज बिल्ट नक्शा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम १ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिमको एज विल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर निर्माण व्यवसायीले एज विल्ट नक्शा तयार गरी पेश गरेको देखिएन । अत: एजविल्ट नक्शा तयार गरि गुणस्तर कायम गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । · **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने · **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने · **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने · **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य · **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने · **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
५६.३			**निर्माण कार्यको बिमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को अनुसार निर्माण व्यवसायीले दशलाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्नु परेमा निर्माण सामाग्री, प्रयोग गरिने मेशिनरी उपकरण लागयत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च तथा निर्माणकार्यमा संलग्न एव अनुगमन निरीक्षणमा रहने कामदार कर्मचारीको दुर्घटनाबाट हुने क्षतिसमेतको निर्माण कार्यको सम्झौता गर्दा निर्माण कार्यको त्रुटी सच्याउने अवधिसम्मको बिमा गराउनु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीले उल्लिखित अनुसार निर्माण कार्यको विमागराएको देखिएन । अत: नियमानुसार निर्माण कार्यको निर्धारित जोखिम र अवधिको बिमा गराई निर्माणस्थलमा हुने जोखिम न्यूनिकरण गरिनु पर्दछ ।	
५७			**शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र (मेट्रो अस्पताल) ठे न १२-०७६।७७ निर्माण व्यवसायी एम के विल्डर्सः**	
५७.१			**भवन निर्माण ः** उपमहा नगरपालिकाले लागत अनुमान रु १,२९,९३,३५१।९२ भएको ठे न १७-२०७६।७७ शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र (मेट्रो अस्पताल) भवन निर्माणकालागी मिति २०७७।७।१ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी फुलबारी कन्स्ट्रक्सनसंग पी एसबाहेक र मु अ करसमेतको कबोल अंक रु ९४,०४,५३१।६० स्वीकार गरी २०७७।२।८ मा ठेक्का सम्झौता गरेकोमा संशोधित सम्झौता अङ्क रु ९६,३२,८४६।४८ कायम गरी २०७७।९।१५ सम्म म्याद थप गरेको देखियो । उक्त निर्माण कार्यको निर्माण व्यवसायीलाई मु अ करसमेत गतवर्ष रु ७६,४१,६५४।- भुक्तानी गरेकोमा यो वर्षको रु २०,४९,९२६।- समेत रु ९६,९१,५८०।- खर्चमा ब्यवसायीको निवेदन अनुसार २०७७।८।१२ मा सम्पन्न गरेको देखियो । यसमा निम्न व्यहोराहरु देखिएका छन्	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.२	५०	२०७८-२-२९	**निर्माण सम्पन्न पश्चात तयार हुनुपर्ने प्रतिवेदनहरुः** निर्माण कार्य सम्पन्न पश्चात देहायका प्रतिवेदनहरु तयारी सम्बन्धमा देहायको अवस्था देखिएका छन् । **क) कार्य स्वीकार प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन बनाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य स्वीकार प्रतिवेदन बनाएको देखिएन । **ख) कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेमा त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । **ग) एज बिल्ट नक्शा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम १ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिमको एज विल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर निर्माण व्यवसायीले एज विल्ट नक्शा तयार गरी पेश गरेको देखिएन । अत: एजविल्ट नक्शा तयार गरि गुणस्तर कायम गरिनु पर्दछ ।	
५७.३			**निर्माण कार्यको बिमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को अनुसार निर्माण व्यवसायीले दशलाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्नु परेमा निर्माण सामाग्री, प्रयोग गरिने मेशिनरी उपकरण लागयत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च तथा निर्माणकार्यमा संलग्न एव अनुगमन निरीक्षणमा रहने कामदार कर्मचारीको दुर्घटनाबाट हुने क्षतिसमेतको निर्माण कार्यको सम्झौता गर्दा निर्माण कार्यको त्रुटी सच्याउने अवधिसम्मको बिमा गराउनु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीले उल्लिखित अनुसार निर्माण कार्यको विमागराएको देखिएन । अत: नियमानुसार निर्माण कार्यको निर्धारित जोखिम र अवधिको बिमा गराई निर्माणस्थलमा हुने जोखिम न्यूनिकरण गरिनु पर्दछ ।	
५७.४			**खरिदमा सम्झौताको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएको वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने र तोकिएको अवधिम कार्य सम्पन्न गर्ने नसक्ने भएमा अवधि समाप्त हुनुभन्दा २१ दिन अगावै निर्माण व्यवसायीले निवेदन दिनु पर्ने व्यवस्था छ । सम्झौताको अवधि थप सम्बन्धमा निम्न व्यहोराहरु देखिएकोले निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण नगरी निर्माण कार्यको अवधि थप गर्ने कार्यमा सुधार गरिनु पर्दछ । **क)** उक्त निर्माण कार्यको कार्य सम्पन्न गर्नुपर्ने शुरु अवधि २०७७।७।१ सम्म रहेकोमा अवधि समाप्त हुनुभन्दा २१ दिन अगावै माग गर्नुपर्नेमा दर्ता न ४१६१ मिति२०७७।८।१८ मा निर्माण व्यवसायीले आवश्यक अवधि नखुलाई निवेदन दिएकोमा कार्यालयले २०७७।९।१५ सम्म अवधि थप गरेको देखियो । नियमावली अनुसार अवधि थप माग गरेको देखिएन । **ख)** निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वियनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन ।	
५८			**सडक मर्मतसम्भार वडा न ५ र ६ ठे न १४-२०७६।७७ भैरव निर्माण सेवा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५८.१	३१९	२०७७-१०-१२	**सडक मर्मतसम्भार ः** उपमहा नगरपालिकाले ठे न १४-२०७६।७७ वडा न ५ र ६ को सडक मर्मतसम्भारकालागी मिति २०७७।३।२० मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी भैरव निर्माण सेवासंग मु अ कर र पी एस बाहेकको कबोल अंक रु ५७,१०,५९१।२० स्वीकार गरी २०७७।२।२ मा ठेक्का सम्झौता गरेकोमा सडक बोर्डबाट निर्माण अवधि २०७७।७।३० सम्म विस्तार गरेको र व्यवसायीले मु अ कर र पी एस आईटमसमेत रु ६४,५२,९६८।- खर्चमा कार्यसम्पन्न प्रतिवेदन अनुसार मिति २०७७।७।२ मा सम्पन्न गरेको देखियो । यसमा निम्न व्यहोराहरु देखिएका छन् **क) कार्य स्वीकार प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन बनाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्य स्वीकार प्रतिवेदन बनाएको देखिएन । **ख) कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्नेमा त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ । **ग) एज बिल्ट नक्शा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम १ अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिमको एज विल्ट नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर निर्माण व्यवसायीले एज विल्ट नक्शा तयार गरी पेश गरेको देखिएन । अत: एजविल्ट नक्शा तयार गरि गुणस्तर कायम गरिनु पर्दछ । **घ) कार्यसम्पादन जमानतको अवधिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० अनुसार निर्माण व्यवसायीले सम्झौता बमोजिमको निर्मण कार्य सम्पन्न गर्नुपर्ने अवधि भन्दा एक महिना बढिको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था रहेको छ । उल्लेखित निर्माण कार्यको कार्यसम्पन्न अवधि २०७७।७।३० सम्म रह्कोले कार्यसम्पादन जमानतको मान्य अवधि २०७८।८।३० सम्म रहेको हुनु पर्दछ । ब्यवसायीले पेश गरेको सिभिल बैंकको रु ३ लाख १५ हजारको कार्य सम्पादन जमानतको मान्य अवधि २०७८।५।२२ सम्ममात्र रहेकोले ३ महिना घटिको रहेको देखियो । अतः निर्माण कार्यको कार्यसम्पन्न अवधि विस्तार गर्दा कार्य सम्पादन जमानतको अवधि समेत बढाएर अवधि थप गरिनु पर्दछ । **ङ) बीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा निर्माण व्यवसायीले निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था रहेको छ । तर निर्माण व्यवसायीले उल्लेखित निर्माण कार्यको वीमा गराएको देखिएन । अतः नियमानुसार निर्माण कार्यको बीमा गराई निर्माणस्थलमा हुने जोखिम न्यूनीकरण गरिनु पर्दछ ।	
५८.२			**पूर्व निर्धारीत क्षतिपूर्तीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीले सम्झौता बमोजिमको निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न नसकेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारीत क्षतिपूर्ती लगाउनु पर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले उक्त निर्माण कार्य निजको कार्यसम्पन्न भएको निवेदन अनुसार २०७७।८।४ मा सम्पन्न भएको जनाएकोले ४ दिन ढिला सम्पन्न गरेको देखियो । अतः निजसंगको सम्झौता अङ्क रु ६४५२९६८।०६ को ४ दिनको रु ३२२६।४८४ ले पूर्व निर्धारित क्षतिपूर्ती असुल गर्नु पर्ने देखिएको रु	१२,९०६
५९			**मा वि विजौरी भवन निर्माण कार्य ठे न ३-२०७७।७८ निर्माण व्यवसायी चन्द्रोदय निर्माण सेवाः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५९.१			**लागत अनुमान टुक्र्याएर ठेक्का बन्दोवस्तः** लागत अनुमान रु १४५०५२५६।२६ भएको मा वि विजौरीको भवन निर्माण कार्यको सबभन्दा घटी कबोल गर्ने चन्द्रोदय निर्माण सेवाको मु अ कर बाहेकको कबोल अंक रु ११६१७९६७।७ स्वीकृत गरि ३० पौष २०७८ सम्ममा सम्पन्न गर्ने गरि २०७७।११।१६ मा सम्झौता गरेकोमा यो बर्ष रु ६५,६९,७८७।- खर्च गरेको देखियो । सोहि विद्यालयको भवन निर्माण कार्य ठे न १७-२०७६।७७ बाट जनता संस्कृत मा वि विजौरीको गत वर्ष रु १४२८९५७५।०८ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी फुलवारी निर्माण सेवाको कबोल अङ्क रु ९८,००,३९८।- लाई गतवर्ष रु ७६,४१,६५४।- र यो वर्ष रु २०,४९,९२६।- समेत रु ९६,९१,५८०।- भुक्तानी दिएको छ । एउट भवन निर्माण कार्यको एकमुष्ट लागत अनुमान तयार गरि ठेक्का बन्दोवस्त गर्नु पर्नेमा कार्यालयले टुक्रा पारेर लागत अनुमान गरि ठेक्का बन्दोवस्त गरेको देखियो । यसम सुधार गरिनु पर्दछ ।	
५९.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । · **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने · **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने · **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने · **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य · **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने · **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
६०	3	२०७७-६-१४	**तुलसीपुर पेट्रोल पम्प** तुलसीपुर पेट्रोल पम्प संचालन कार्यविधि २०७७ तयार गरेको र उक्त कार्यविधिमा आफैले संचालन गर्ने वा तोकिए बमोजिम नियमानुसार सम्झौता गरि व्यवसायिक संस्थालाई दिने, उपमहानगरपालिका आफैले संचालन गरे जनशक्ति तथा आर्थिक व्यवस्था आफैले गर्ने र व्यवसायिक फर्मले गरे व्यवसायिक संस्थाले पूँजी र जनशक्ति व्यवस्था गर्ने तिर्नुपर्ने, कर दायित्व व्यवसायिक फर्मले तिर्ने पेट्रोल पम्प संचालन गर्न आवश्यक कर दर्ता कार्यालयको नाममा हुने पेट्रोल पम्प संचालन तथा व्यवस्थापन सम्बन्धमा उप महानगर र छनौट भएको व्यवसायिक संस्था विचको सम्झौता र शर्त बमोजिम हुने कुरा उल्लेख छ । उपमहानगरपालिकाले नेपाल आयल निगमबाट पेट्रोलपम्प संचालन गर्न २०७७।७।२५ मा अनुमति लिएको छ । कार्यालयले उक्त पेट्रोल पम्म बसपार्कमा राख्ने गरी अनुमति लिएकोमा उक्त वसपार्कको जग्गा २०७६।४।१६ को सूचना अनुसार बसपार्क पूर्वाधार शुल्क उठाउन २० वर्ष अवधिको लागि शारदा निर्माण सेवा संग सम्झौता गरेको देखिन्छ । २०७७।१२।२६ को कार्यपालिकाको निर्णय अनुसार आधुनिक पूर्वाधार युक्त बसपार्क गुरुयोजना भित्र समावेश हुने तुलसी पेट्रोल पम्म संचालन तथा व्यवस्थापनको लागि शारदा निर्माण सेवा संग सम्झौता गर्ने र २०७६ मा भएको सम्झौता अनुसार जग्गा भाडा रु ९१५०००। र बार्षिक रोयल्टी रु १ लाख दिने गरी मिति २०७८।४।१ मा निर्णय भएको छ । जग्गा भाडा सम्बन्धी सम्झौता पहिलेनै भईसकेकोमा सोही जग्गा भाडमा लिने शारदा निर्माण सेवालाई फाईदा पुग्ने गरी कार्यपालिकाले सम्झौता गरेको र कार्यविधि अनुसार निर्माण संचालन तथा तिर्नुपर्ने दायित्व शारदा निर्माण सेवाले व्यहोर्नु पर्नेमा पेट्रोल पम्प संचालन अनुमतिको लागि नेपाल आयल निगममा शारदा निर्माण सेवाले राखेको धरौटी रु ८०००००। कार्यलयले भौ नं ३-२०७७।६।१४ मा शोधभर्ना फिर्ता खर्च लेखेकोले यस्तो खर्च लेख्न मिल्ने नदेखिएको रु	८००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**बिटुमिन खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा अन्य कुराको अतिरिक्त खरिद आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले वडा नं १ देखि १९ सम्मका बाटो कालोपत्रे गर्न आ व २०७६।७७ मा रु ४३४६०३००। को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा एम ए डब्लु ईन्टरप्राईजेजले कवोल गरेको रु ५१२०५९५०। मा मिति २०७७।४।२३ भित्र आपूर्ति गर्ने गरी २०७७।२।१ मा सम्झौता भएकोमा सप्लायर्सले मिति २०७७।४।२२ मा आपूर्ति गरेको भनि भौ नं २०- २०७७।६।२० बाट रु ५१२०५९४९। भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्	
६१.१			**परिमाण यकिन नगरेको** - कार्यालयले लागत अनुमान तयार गर्दा वडा नं १ देखि १९ सम्मको बाटो कालोपत्रे गर्ने प्रयोजनको लागि ५७०००० केजी बिटुमिन खरिदको लागत अनुमान तयार गरेकोमा कुन-कुन वाटो कालोपत्रे गर्ने, कति किलोमिटर कालोपत्रे गर्ने र उक्त बाटोको लागि कति बिटुमिन आवश्यक हुने परिमाण निर्धारण गरी खरिद गर्नुपर्नेमा सो वेगर हचुवाको भरमा खरिद गरेको छ । कालोपत्रे गरिने सडकको परिमाण र सोको लागि आवश्यक पर्ने परिमाणमा मात्र विटुमिन खरिद गरिनु पर्दछ ।	
६१.२			**गुणस्तर** - ठेक्का व्यवस्थापन गर्दा तयार गरेको विड डकुमेन्टमा The supplier shall ensure that the goods and related service comply with the technical specification and other provision of the contract उल्लेख भएकोमा technical specification तयार गरेको देखिएन । साथै ८०/१०० भि जि १० बिटुमिन खरिद गरेकोमा बिटुमिन गुणस्तरीय भए नभएको प्रयोगशाला परीक्षण समेत गरेको देखिएन । खरिद भएको बिटुमिन गुणस्तरीय छ भनी आश्वस्त हुन सकिएन ।	
६१.३			**बिटुमिनको उपयोग** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा अन्य कुराको अतिरिक्त खरिद आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था अनुसार विटुमिन खरिद गर्नुपुर्व कालोपत्रे गरिने सडकको लागत अनुमान तयार गरी सो योजनामा प्रयोग हुने परिमाणको मात्र खरिद गर्नुपर्नेमा ५७०००० केजी अर्थात ३५२३ ड्रम बिटुमिन खरिद गरेको र जिन्सी शाखावाट प्राप्त अभिलेख अनुसार २२५१ ड्रम अर्थात ३६४२१२ केजी योजनामा प्रयोग भई १२७२ ड्रम अर्थात २०५८१० केजी मौज्दात रहेको पाईयो । आवश्यकता निर्धारण वेगर खरिद गरी रु १८४८८९४१। मूल्य बरावरको बिटुमिन कार्यालय परिसरमा सुरक्षित भण्डारण वेगरनै राखेकोले विटुमिनको गुणस्तरमा समेत ह्रास आउन सक्ने देखिएको मौज्दात परिमाणको विटुमिन योजनामा प्रयोग भएको प्रमाण पेश हुनुपर्ने रु	१८,४८८,९४१
६१.४			जिन्सी शाखावाट प्राप्त अभिलेख अनुसार २२५१ ड्रम अर्थात ३६४२१२ केजी योजनामा खर्च भएको देखिन्छ । उक्त परिमाणको विटुमिन कुन कुन योजनामा कति प्रयोग गरियो सोको विवरण माग गर्दा पटक पटकको अनुरोध पश्चात १२ योजनामा ३६०८४४ केजी प्रयोग भएको विवरण पेश गरेको छ ।जिन्सी शाखाले खर्च देखाएको भन्दा ३३६८ केजी अर्थात प्रति केजी रु ८९।८४ का दरले रु ३०२५८१। घटी प्रयोग गरेको सम्बन्धमा यकिन गरिनु पर्ने रु	३०२,५८१
६२			**श्रीमणी अभय पहुँच मार्ग NCB/TSMP/05-076/77** लागत अनुमान रु ६८११४६८८। रहेको श्रमणी अभय मार्ग निर्माण कार्यको लागि आ व २०७६।७७ मा ठेक्का व्यवस्था भएकोमा भैरव/ नारायण जे भी ले कवोल गरेको रु ६७१५०९८८।९८ मा म्याद थप समेत मिति २०७८।१२।३० मा सम्पन्न गर्ने गरी मिति २०७७।१।२८ मा सम्झौता भएको र ४ रनिङ विलवाट रु ५५२५७०४१। मू अ कर समेत भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२.१			**निर्माण स्थलको व्यवस्था** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थल व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुखविरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । उल्लेखित सडकको निर्माण कार्य सम्झौता अविध भित्र सम्पन्न नगरेकोमा पहिलो पटक म्याद थप गर्दा कोभिडको कारण र दोस्रो पटक म्याद थप गर्दा जग्गा विवादको कारण एलाईन्मेन्ट क्लियन नभएकोले काममा अवरोध रहेको कारण देखाएको र सोही आधारमा कार्यालयले २०७८ चैत्र मसान्त सम्म म्याद थप गरेको देखिएवाट पनि निर्माणस्थलमा भएको अवरोधको कारण समयमै कार्यसम्पन्न भएको देखिएन । ठेक्का व्यवस्थापन गर्दा निर्माण स्थलको व्यवस्था गर्ने तर्फ कार्यालयको ध्यान जानुका साथै सम्झौता अनुसारको समयभित्र कार्य सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।	
६२.२			**पेश्की जोखिम** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिंदा पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको जमानतका आधारमा पेश्की दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले पेश्की लिंदा नेपाल बंगलादेश बैंकको NB: 11:apg:00153/20 को रु. ६००००००। को मिति २०७७ कार्तिक १० सम्म म्याद रहेको जमानत पेश गरेको आधारमा २०७७।२।५ मा एकै पटक रु. ६००००००।- पेश्की दिएकोमा रु. २० लाख पेश्की फर्छ्यौट भई बाँकी ४००००००। को जमानत थप गर्न कार्यालयले २०७७।८।६ मा निर्माण व्यवसायीलाई पत्र लेखेकेमा जमानतको म्याद थप गरेको छैन । जमानतको अवधि थप नगरेकोले पेश्की रकम जोखिममा परेको रु.	४,०००,०००
६३			**प्रशासकिय भवन ठे नं TSMC/NCB/5/W/2076/77** लागत अनुमान रु ५७७५९०२९।७९। रहेको कार्यालयको प्रशासकिय भवन निर्माण कार्यको लागि आ व २०७६।७७ मा ठेक्का व्यवस्था भएकोमा सि एम/प्रेमधन/ स्लेट जे भी ले कवोल गरेको रु ३९०३६१७७।३९ मा मिति २०७९।२।२१ मा सम्पन्न गर्ने गरी मिति २०७७।२।२२ मा सम्झौता भएको र ४ रनिङ विलवाट रु २३१४५६६२। मू अ कर समेत भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:	
६३.१	264	२०७७-९-२७	सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा खरिद प्रतिस्पर्धा समित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । ठेक्का व्यवस्थापन भै निर्माण कार्य अगाडी बढेको प्रशासकिय भवनको बेश फाउण्डेशनको माटो खन्ने र व्यवस्थापन गर्न रु ४५५२५६। को लागत अनुमान तयार गरी ठेक्का सम्झौतामा संलग्न जे भी मध्येको प्रेमधन निर्माण सेवा संग कार्य गराई भौ नं २६४- २०७७।९।२७ बाट रु ४४२९९२। भुक्तानी दिएको छ । मूल लागत अनुमानमै समावेश भएको माटो खन्ने र व्यवस्थापन गर्ने कार्य कोटेशन मार्फत गराएको नियमसम्मत नदेखिएको रु	४४२,९९२
६३.२			**गुणस्तर** - प्रथम रनिङ विलको भौ नं ३५३- वाट रु. १३४७२३६५। भुक्तानी दिंदा प्रोभिजनल सम अन्तर्गत रहेको गुणस्तर परीक्षण कार्यको रु ३११९७। भुक्तानी दिएकोमा गुणस्तर परीक्षण गरेको प्रमाण तथा विल भरपाई पेश नभएकोले भुक्तानी भएको रकम असूल हुनुपर्ने रु	३१,१९७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>तुलसीपुर बहुप्राविधिक शिक्षालय
तुलसीपुर उपमहानगरपालिकाले सिटिईभिटी संग बहुप्राविधिक शिक्षालय संचालन अनुमति लिई बिभिन्न प्राविधिक विषयको कक्षा संचालन गरेको र उक्त शिक्षालयको भौतिक पूर्वाधार निर्माणको लागि यसवर्ष कलेज भवन निर्माणको लागि रु ५३४३४३६७। को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा थोदुङ कन्स्ट्रक्सनले कवोल गरेको रु ३९५८६४४७। मा मिति २०७९।६।९ मा सम्पन्न गर्ने गरी २०७८।२।३० मा सम्झौता भई रु ६९०००००। पेश्की दिएको छ । त्यस्तै पुन शिक्षालयको कम्पाउण्ड वाल निर्माण गर्न रु १३७१९५८८। को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा सुरज निर्माण सेवाले कवोल गरेको रु ८६५९२७२। मा २०७७।१२।३० मा सम्पन्न गर्ने गरी २०७७।५।३१ मा सम्झौता गरेको र कार्य सम्पन्न समेत भई २ रनिङ विल बाट रु ८५११०३९। भुक्तानी गरेको छ । बहुप्राविधिक शिक्षालय भवन निर्माण सम्बन्धमा थप देखिएका व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>लागत अनुमान टुक्र्याएको - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा खरिद प्रतिस्पर्धा समित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र खरिद नियमावलीको नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा सम्बन्धी व्यबस्था छ । एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गराउनु पर्नेमा दुई दुई पटक ठेक्का व्यवस्थापन गर्दा पनि मूल लागत अनुमानमा समावेश नगरी निम्नानुसारको काम उपभोक्ता समितिवाट गराएको मितव्ययी तथा नियसम्मत नदेखिएको रु
<table>
<tr><th>भौचर नं. मिति</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>कार्यालय</th><th>उपभोक्ता समिति</th><th>सम्पन्न काम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११७-०७७।७।२६</td><td>प्राविधिक शिक्षालयमा दुई कोठे भवन</td><td>१७६२८६९।६३</td><td>१३२२१५२</td><td>४४०७१७</td><td>१७५८२७८</td><td>१२७९१४६</td></tr>
<tr><td>२३४-०७७।९।१९</td><td>प्राविधिक शिक्षालयमा दुई कोठे भवन</td><td>२७२२८६७</td><td>२२४५००४</td><td>४७७८६३</td><td>२४१६५९८</td><td>१९९२४८५</td></tr>
<tr><td></td><td>प्राविधिक शिक्षालयमा वर्कसप भवन</td><td>१७६२२५८</td><td>१५८६०२३</td><td>१७६२२५</td><td>नापी मूल्याँकन पेश नभएको</td><td>१५१६७२७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>४७८८३५८</td></tr>
</table></td><td>४,७८८,३५८</td></tr>
<tr><td>६४.२</td><td>२३२</td><td>२०७७-९-१६</td><td>अग्रिम कर- आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दोस्रो ठेक्काको पहिलो रनिङ विलको भौ नं २३२-०७७।९।१६ बाट रु ४६८६२९२। भुक्तानी दिंदा विजक रकममा एक दशमल पाँच प्रतिशतका दरले रु ६२२०७। कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा रु ६७०८। मात्र कट्टा गरेकोले नपुग रु ५५४९९। सम्बन्धित वाट असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु</td><td>५५,४९९</td></tr>
<tr><td>६४.३</td><td></td><td></td><td>उक्त शिक्षालयमा चालु खर्च शिर्षकवाट समेत कर्मचारी तलव बिद्युत महसुल फर्निचर लगायतमा रु १०२९९००२। खर्च लेखेको छ ।उपमहानगरपालिकाले सम्बन्धन प्राप्त गरी ठूलो लगानी गरेको उक्त शिक्षालय संचालनमा नगरपालिकको नियन्त्रण र प्राप्त हुने आम्दानी नगरपालकाको संचित कोषमा दाखिला हुने संयन्त्र विकास गरेको देखिएन । यसतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>भिमसेन शहरी स्वास्थ्य केन्द्र तला थप र कम्पाउण्ड वाल निर्माण ठे न २६-२०७७।७८ रोल्पा जलजला कन्स्ट्रक्सनः</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.१	४४	२०७८-३-२७	**अस्पताल भवन निर्माण कार्यः** लागत अनुमान मु अ करसमेत रु १,३०,४९,५०३।३९ भएको अस्पताल भवन तला थप तथा कम्पाउण्डवाल निर्माण कार्यको सबभन्दा घटी कबोल गर्ने जलजला कन्स्ट्रक्सनको मु अ कर बाहेकको कबोल अंक रु १,१६,१७,९६७।७ स्वीकृत गरि २०७८।१२।२१ सम्ममा सम्पन्न गर्ने गरि २०७७।१२।२२ मा सम्झौता गरेकोमा यो बर्ष दोश्रो रनिङ्ग वीलसम्मको रु ३७,६०,२९७।- खर्च गरेको देखियो । यसमा देहायका व्यहोराहरु देखिएका छन् ।	
६५.२			**लागत अनुमान टुक्रयाएर ठेक्का बन्दोवस्तः** लागत अनुमान मु अ करसमेत रु १,३०,४९,५०३।३९ भएको अस्पताल भवन तला थप तथा कम्पाउण्डवाल निर्माण कार्यको सबभन्दा घटी कबोल गर्ने जलजला कन्स्ट्रक्सनको मु अ कर बाहेकको कबोल अंक रु १,१६,१७,९६७।७ स्वीकृत गरि २०७८।।१२।२१ सम्ममा सम्पन्न गर्ने गरि २०७७।१२।२२ मा सम्झौता गरेकोमा यो बर्ष दोश्रो रनिङ्ग वीलसम्मको रु ३७,६०,२९७।- खर्च गरेको देखियो । सोहि अस्पताल भवन निर्माण कार्य ठे न १२-२०७६।७७ बाट भवन निर्माणमा गत वर्ष मु अ करसमेत रु १,२९,९३,३५१।९२८ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी एम के विल्डर्सलाई गतवर्ष रु १५,६०,५४५।- र यो वर्ष रु ८०,५६,०८६।- समेत रु ९६,१६,६३१।- भुक्तानी दिएको छ । त्यस्तै दरभाउपत्रको माध्यमबाट आल्म्युनियम पार्टिसनमा रु ४९५९७५।- र शौचालय तथा सेनेटरीकार्यमा रु ४९८५६९ खर्च गरेको देखियो । अतः एउट भवन निर्माण कार्यको एकमुष्ट लागत अनुमान तयार गरि ठेक्का बन्दोवस्त गर्नु पर्नेमा कार्यालयले टुक्रा पारेर लागत अनुमान गरि ठेक्का बन्दोवस्त गरेको देखियो । यसम सुधार गरिनु पर्दछ ।	
६५.३			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । · **क)** खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने · **ख)** सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने · **ग)** सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने · **घ)** निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य · **ङ)** बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने · **च)** सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
६५.४	६४	२०७८-३-२७	**बीमा खर्चको प्रमाणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्त खर्च पुष्टि गर्ने वील भरपाई तथा खर्च प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रोल्पा निर्माण सेवालाई अस्पताल भवन निर्माणकार्यको विमा शुल्क रु १ लाख भुक्तानी दिएकोमा व्यवसायीले बिमा शुल्क बुझाएको प्रमाण नभएकोले प्रमाण पेश गर्नु पर्ने रु	१००,०००
६५.५	४८	२०७८-३-२०	**विद्युत तथा पानी महशुल बढी भुक्तानीः** कार्यालयले घरधनी श्री लहरे आचार्यको घर २०७७।९।२९ को निर्णयले २०७७।४।१ देखि लागु हुने गरी मासिक रु ११ हजारमा भाडामा लिइ ६ महिनाको घरभाडा रु ६६ हजार, विद्युत महशुल तथा पानी महशुल रु १२,२४०/- समेत रु ७८,२४०/- खर्च लेखेको देखियो । घरधनी संगको सम्झौताको दफा ३ मा खानेपानी विद्युत टेलिफोन उपलब्ध गराउनु पर्ने र सो सम्बन्धी महशुलहरुको एक तिहाई कार्यालयले भुक्तानि गर्ने उल्लेख छ । कार्यालयले ६ महिनाको विल अनुसार उल्लिखित महशुल रु १२,२४०/- भएकोले सोको एक तिहाइले हुने रु ४,०८०।- मात्र घरधनिलाई दिनुपर्नेमा १२,२४०/- नै भुक्तानी गरेकोले रु ८,१६०।- बढी भुक्तानी गरेको देखियो । उक्त रकम घरधनीबाट असुल गर्नु पर्ने रु	८,१६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६	१२२	२०७७-७-२७	**राजापुर सुकुम्वासी टोल थारुगाउँ दलितवस्ती हुँदै एयरपोर्ट सम्म सडक कालोपत्रे** **क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ क मा निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । राजापुर सुकुम्वासी टोल थारुगाउँ दलितवस्ती हुँदै एयरपोर्ट सम्म सडक कालोपत्रे निर्माण कार्यको लागि आ व २०७६।११।१८ मा लोकमणी विल्डर्सले कवोल गरेको रु. २१,१७,९६०।- मा २०७७।२।८ मा सम्पन्न गर्नेगरी सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौता उल्लेखित अवधि भित्र कार्यसम्पन्न नगरी मिति २०७७।६।२१ दर्ता नं ३६५५ मिति २०७७।६।२१ मा अन्तिम भुक्तानीको लागि निवेदन दिएको तथा व्यवसायीले २०७७।३।१२ मा म्याद थपको लागि निवेदन दिएपनि म्याद थपको निर्णय भएको छैन ।म्याद थप नभएकोमा अन्तिम भुक्तानी दिंदा नियमानुसार हर्जना कट्टी गरी अन्तिम भुक्तानी दिनुपर्नेमा नगरी भौ नं १२२- ०७७।७।२७ बाट रु १४१५३०५। भुक्तानी दिएकोले नियमानुसार १३८ दिनको रु १४६१३९। हर्जना असूल हुनुपर्ने रु	१४६,१३९
६७			**मेयर सुरक्षित आवास कार्यक्रम ठे. नं. १५-०७६।७७** संघिय शसर्त कार्यक्रमवाट खर्च व्यहोर्ने र ३१४० बण्डल खरिद गर्ने गरी गतवर्ष ठेक्का व्यवस्थापन भएको र २०७७ असार मसान्त सम्ममा सामान आपूर्ति गर्ने गरी २०७७ बैसाखमा ३१ मा प्रतिमा सप्लायर्ससंग सम्झौता भएको थियो ।सप्लायर्सले सम्झौता अवधि भित्र सवै परिमाण आपूर्ति नगरी यसवर्ष ५५५ बण्डल आपूर्ति गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:	
६७.१			**लागत अनुमान र सामान आपूर्ति**- लागत अनुमान तयार गर्दा जिल्ला दररेटको आधारमा तयार गर्नुपर्दछ । आव २०७६।७७ मा मूअकर बाहेक प्रति वण्डल रु ६९००। जिल्ला दर रहेको जस्तापाताको लागत अनुमान तयार गर्दा ७०५०। राखि लागत अनुमान तयार गरेको छ । जिल्ला दररेट भन्दा बढीको लागत दर राखि ठेक्का व्यवस्थापन गरेको उचित देखिएन । साथै ३१४० बण्डल आपूर्ति गर्ने गरी ठेक्का व्यवस्थापन गरेकोमा यस वर्ष ५५५ बण्डल प्राप्त भई भौ नं ८४८-०७७।९।२९ बाट कर्मचारी तालिम, विविध, सभा सञ्चालन र अन्य सामाजिक सहायता शिर्षकबाट रु ४२९५३५०। खर्च लेखेको छ । गत वर्ष प्राप्त जस्तापाताको अद्यावधिक अभिलेख नराखेको कारण सम्झौता अनुसारको सवै जस्तापाता प्राप्त भयो भनि आश्वस्त हुन सकिएन ।	
६७.२			**निर्णयमा ढिलाई** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा एनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अविधभित्र पुरा गर्न नसकिने भएमा कारण खुलाई सम्झौताको म्याद सकिनु भन्दा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिने र सार्वजनिक निकायले आवश्यक जाँचवुझ गरी तोकिएको पदाधिकारीले म्याद थप गरिदिन सक्ने व्यवस्था छ । सप्लायर्सले तोकिएको अवधि भित्र सामाग्री आपूर्ति गर्न नसकि २०७७।३।१३ मा म्याद थपको लागि निवेदन दिएकोमा कार्यालयले आवश्यक जाँचवुझ गरी समयमै निर्णय दिनुपर्नेमा २०७७।६।२१ मा मात्र निर्णय गरेको देखियो । कार्यालयले गर्ने निर्णय समयमै हुनुपर्दछ ।	
६७.३			**बितरण** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा खरिद प्रतिस्पर्धा समित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने र खरिद नियमावलीको नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा सम्बन्धी व्यबस्था छ । विगत बर्षमा ठेक्का व्यवस्था भई यसवर्ष समेत जस्तापाता आपूर्ति भएकोमा कार्यालयले यसवर्ष पनि पटक पटक सिधै खरिद गरेको छ । जिन्सी शाखावाट प्राप्त अभिलेख अनुसार यसवर्ष रु २१४१२६१८। मूल्यको ६,८,९,१० र १२ फुटे २१९५६ जस्तापाता बिभिन्न व्यक्ति र संस्थालाई वितरण गरेको विववरण प्राप्त भएको छ । मागमा आधारित हुने यस किसिमको वितरणमुखी कार्य गर्दा खरका छाना भएका विपन्न परिवारहरुवाट माग संकलन तथा यथार्थता जाँच गरी परिमाण निर्धारण गरेर मात्र खरिद गर्नुपर्नेमा सो वेगर खरिद गरेको, वितरणको कार्यविधि तयार नगरेको, खरिद भएको जस्ता ककसलाई वितरण गरे सोको अनुगमन मूल्यांकन नभएको, जस्तापाता पाउने व्यक्तिले सो भन्दा पहिले प्राप्त गरे नगरेको र वितरण गरेको जस्ता जडान भएको प्राविधक मूल्याङ्कन नगरेको, अन्य निकायले पनि विपन्न आवास कार्यक्रममा घर निर्माण गर्ने गरेको देखिंदा जस्तापाता प्राप्त गर्ने व्यक्तिले सो लाभ प्राप्त गरे नगरेको यकिन गर्न अन्तर निकाय विच समन्वय गर्नुपर्नेमा सो समेत नगरी रु.२१४१२६१८।-मूल्यको जस्तापाता खर्च लेखेकोले विपन्न परिवारले जडान गरेको प्राविधिक प्रतिवेदन पेश गर्नु पर्ने रु	२१,४१२,६१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**तुलसीपुर पूर्वाधार विकास प्राधिकरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) अनुसार उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्रेभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालिन विकास योजना बनाई लागु गर्नुपर्ने र उपदफा ६ मा योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान आयोजनाको प्राथमिकिकरण योजना कार्यान्वियन तालिका र अनुगमन तथा मूल्योँकन योजना समेत तयार गरी सभावाट स्वीकृत गराई कार्यान्वियन गरिनु पर्दछ । तुलसीपुर पूर्वाधार विकास प्राधिकरणको लागि सभाले यसवर्ष रु १५ करोड अवण्डा विनियोजन गरेकोमा सुत्र सफ्टवेयरमा रु १३८००००००। विनियोजन देखाई रु ११७८१४६१४।खर्च भएको विवरण पेश भएको । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्	
६८.१			उपमहानगर पालिकाले २०७६।३।१० मा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरी असार २६ मा रु २ अर्व ३४ करोड ६७ लाख ६४ हजारको व्यय अनुमान पारित गरेकोमा तुलसीपुर पूर्वाधार विकास प्राधिकरणको लागि यसवर्ष रु. १५ करोड विनियोजन गरेकोमा आवधिक, बार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालिन विकास योजना तयार नगरेको तथा आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वियन तालिका र अनुगमन तथा मूल्याँकन योजना समेत तयार गरेको छैन । प्राधिकरण अन्तर्गत संचालन हुने योजना छनौट गरी सभाबाट स्वीकृत गराई कार्यान्वियन गर्नुपर्नेमा पूर्वाधार विकास प्राधिकरण सञ्चालक समितिको बैभिन्न मितिमा वैठक बसी योजना कार्यान्वयन गर्ने निर्णय गरेको छ । प्राधिकरण अन्तर्गत संचालन भएका योजनाहरुको खर्चको अलग्गै हिसाव र प्रगति तयार गर्नुपर्नेमा उपमहानगरपालिका पूँजीगत शिर्षकवाटै खर्च गरी एकमुष्ट हिसाव राखेको र प्राधिकरणले योजनाको प्रगति तयार नगरेकोले प्राधिकरणबाट भए गरेको खर्च र उपलव्धि यकिन गर्न सकिएन ।	
६८.२			ऐनको पालना - तुलसीपुर पूर्वाधार विकास प्राधिकरण गठन तथा संचालन गर्न बनेको ऐन २०७६ को दफा ६ मा उपमहनगरपालिका क्षेत्रभित्रका सडक ढल वा खानेपानी वा विद्युत विस्तार उर्जा पार्क मेट्रो यातायात पर्यटन वा सिंचाई व्यवस्थित शहरीकरण लगायतका क्षेत्र मध्ये चालु आव मा कुनै एक वा बहुक्षेत्रमा गुरु योजना वा विस्तृत परियोजना प्रतिवेदन वा विशेष योजनाका आधारमा नगर सभावाट पारित भई तोकिएको भौतिक क्षेत्रको विकासलाई प्राधिकरण मार्फत प्रभावकारी समन्वय श्रात साधनको मितव्ययी परिचालन नीतिगत सहजता विवाद वा अवरोध रहित बनाई सिमित समयभित्र प्रभावकारी तवरवाट देखिने वा महसुस गरिने गरी उच्चतम भौतिक विकास गर्ने उद्वेश्य रहेको छ । कार्यालयले ऐनको उद्वेश्य विपरित यसवर्ष रु ११७८१४६१४।खर्च गरेकोमा सभावाट स्वीकृती नगरी योजना कार्यान्वियनको अतिरिक्त गाडीभाडा, कार्यालयमा रहेको बिभिन्न सवारी साधन मर्मत, ईन्धन, ह्युम पाईप खरिद, ग्राभेल खरिद, भत्ता लगायतमा खर्च गरेको छ । निर्माण सम्बन्धी कार्य गर्दा पनि निम्नानुसारका १७ योजनामा रु ५ लाख भन्दा घटीको लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्रवाट खरिद गरी रु ७७,७१,८४३। भुक्तानी दिएकोले सार्वजनिक खरिद ऐनको दफा ८(२) बमोजिम र प्राधिकरण ऐन विपरित देखिएको रु	७,७७१,८४३

सि.नं.	योजनाको नाम	वडा नं	लागत अनुमान (मु.अ.कर सहित)	सम्झौता रकम (मु.अ.कर सहित)	भुक्तानि रकम मु.अ.कर सहित)	भुक्तानि पाउने फमको नाम
१	दोभान टोलमा ढुगाको गारो निर्माण ।	६	४९७४१०	४९६७८८	४९६२७६	Parmod Nirman Sewa Hekuli 2 Dang
२	कमलपोखरी पाइप कल्भर्ट निर्माण	६	३८१५४८	३८१४७४	३८७०९१	Bikash & Bishal Nirman Sewa Tulsipur 10 Dang
३	मिलन टोल कल्भर्ट निर्माण	६	४७८७८६	४७६६९३	४६७७८१	Suwakoti Construction Tulsipur 10 Dang
४	दमारगांउ सडकमा गारो निर्माण	३	४९४५८९	४९३३५४	४९१५८४	B & B Nirman Sewa Tulsipur 3 Dang
						Sukreswari Nirman Sewa Tulsipur 6

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
			५	भि.आई पि टोल सेप्टिक टैंक निर्माण	६	२८८३८१	२८६४३९	२७१९२३	Dang	
			६	भट्टे नाला निर्माण	३	४९४७९६	४९०६६२	४९१६६४	Durga Construction Tulsipur 4 Dang	
			७	पर्सेनी कुमाल गाउ सडक कालोपत्रे	७	४९५६१७	४९४६१०	४९४६१०	ओशाश निर्माण सेवा घोराही १४	
			८	जनसक्रिय टोल विकास संस्था अन्तरगत डुडनेर टिकरी जाने सडकमा कल्भट निर्माण	८	४९९९७०	४९९९६७	४९९९६७	शारदा निर्माण सेवा एण्ड सप्लायर्स,तु	
			९	दोघरे प्रतापकोट जोडने बाटो महालक्ष्मी टोल विकास सगरमाथा बोर्डिग स्कुल नजिक खण्डमा रहेको कल्भट	९	४९७४२७	४९७१८३	४९७१८३	एस.सि. निर्माण सेवा	
			१०	मेटो अस्पिटलमा अल्मुनियम पारटेशन गर्ने काम	८	४९६१३३	४९५९७५	४९५९७५	Western Develoment Construction Pvt.Ltd. Badimalika -8 Bajura	
			११	Manikapur Road Culvert Construction Work	२	४४२२९८	४३९०४२	४३८६६३	K.R.K Construction Tulsipur, Dang	
			१२	VIP tole Road Pipe Culvert & Drain Construction Work	६	४४१४८८	४३७१३४	४३६७५७	Himalaya Construction Tulsipur,dang	
			१३	Parseni Budhagaun Road Pipe Culvert Construction Work	७	४४०९४९	४३७७६३	४३८६५८	Smiriti Bishal Construction Rangsi-09,Rolpa	
			१४	Janata Primary School Maintenance Work	३	४४२१४६	४३८३०६	४३९८३५	Lankini Nirman Sewa Tribeni-08,shreechawar,salyan	
			१५	चाहाना टोल र दिप ज्योती टोलको विचमा पर्ने ज्योती चौधरीको घर अगाडी कल्भट निर्माण	८	४४१७३३	४३७५३४	४३५०२७	Shree Krishna Nirman Sewa ,Shantinagar-02, dang	
			१६	भट्टे नाला निर्माण	३	४९४७९६	४९०६६२	४९१६६४	Durga Construction Tulsipur 4 Dang	
			१७	दोघरे प्रतापकोट जोडने बाटो महालक्ष्मी टोल विकास सगरमाथा बोर्डिग स्कुल नजिक खण्डमा रहेको कल्भट	९	४९७४२७	४९७१८३	४९७१८३	एस.सि. निर्माण सेवा	
				जम्मा				७७७१८४३		
६९			**प्राकृतिक श्रोत विक्रिको राजश्व सन्चितकोष दाखिलाः**							९,०४७,८५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			राजश्व बाँडफाँट सन्चित कोष दाखिलाः नेपाल सरकार (मन्त्रीपरिषद्) द्वारा जारी ढूँङ्गा,गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा १४ को राजश्व बाँडफाँट सम्बन्धी व्यवस्थामा गाउँपालिका वा नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्रि एवं अनुमति वा नविकरण शुल्क वा करबाट संकलित राजश्व मध्ये ६० प्रतिशत रकम सम्बन्धीत गाउँपालिका वा नगरपालिकाको स्थानीय सन्चित कोषमा र ४० प्रतिशत रकम सम्बन्धीत प्रदेश सन्चित कोषमा जम्मा हुने गरि बाँडफाँट गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष रु २,२६,१९,६२५/- संकलन गरेकोमा ६० प्रतिशतले रु १,३५,७१,७७५/- स्थानीय सन्चित कोषमा दाखिला गरी ४० प्रतिशतले रु ९०,४७,८५०/- प्रदेश सन्चित कोषमा दाखला गर्नु पर्नेमा दाखिला गरेको देखिएन । अतः उक्त रकम प्रदेश सन्चित कोषमा दाखिला गर्नुपर्ने रु	

सि न	निर्माण आयोजनाको नाम	व्यवसायीको नाम	परिमाण	राजश्व रु
१	विजौरी स्यालापानी सडक	खड्का कृष्ण/वाइवा/लामा जेभी	३००० घ मी	८४७६८०
२	वखरीय फालिटारा सडक	जलजला निर्माण सेवा	१५०० घ मी	४२३८४०
३	लुक्लिपुर डाँडाखर्क सडक	विजेश्वरी निर्माण सेवा	९०० घ मी	२५४३०४
४	सघन शहरी भवन निर्माण	लोकमणी विल्डर्स	१५०० घ मी	४२३८४०
५	कुइरेपानी सडक योजना	रोल्पा स्वच्छन्द निर्माण सेवा	१५०० घ मी	४२३८४०
६	विजौरी स्यालापानी सडक	खड्का कृष्ण/वाइवा/तिरुपाते जेभी	२००० घ मी	५६५१२०
	ठेक्का नम्वर			
७	५-२०७७।७८	स्मृति विशाल कन्स्ट्रकसन	२००० घ मी	१२२५६००
८	६-२०७७।७८	उज्वल वर्षा निर्माण सेवा	१६००० घ मी	६३६३२००
९	८-२०७७।७८	सानदार निर्माण सेवा	10000घ मी	८१२५६००
१०	९-२०७७।७८	उज्वल वर्षा निर्माण सेवा	६000घ मी	२३००००१
११	१-२०७७।७८ कवाडि जीवजन्तु कर	अक्सि विल्डर्स	0	१६६६६००
	जम्मा			२२६१९६२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०			**शिक्षा कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०.१			**क)शिक्षक दरवन्दी –** शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. 12 अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । कार्यालयले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ। **ख)शिक्षक अनुदान –**शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं १.१.३.४ अनुसार स्थानीय तहले केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, 2076 अनुसार शिक्षक दरबन्दी अद्यावधिक गरी कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक भर्ना/ नियुक्ति गरी पालिका निर्शत खर्च खाता वित्तीय समानिकरणबाट रु.३१,८१,६००। समेत वालविकास शिक्षक तलब र टिच फर नेपालसंगको सहकार्यमा रु. ४८,५५,५१५। भुक्तानी गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुमा दरबन्दी अनुसार सःशर्त अनुदान तर्फबाट शिक्षक तलब भत्तामा रु.२७,००,६९,६५३। खर्च भएको छ। विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका विद्यालयहरुमा शिक्षक तलब भत्ता निकासा दिएको उचित देखिएन। विद्यालयको कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्दछ । **ग) अनुदानको अनुगमन-** कार्यालयले आफुले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुदान रकमको अनुगमन गर्नुपर्दछ । कार्यालयले पुस्तकालय निर्माण,विज्ञान प्रयोगशाला निर्माण,शिक्षण सिकाइमा सुचना प्रविधी लगायतका विभिन्न शिर्षकमा मा.वि बालापुर लगायत १८ विद्यालयहरुलाई रु.१,१३,५०,०००। अनुदान दिएकोमा विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमबाट गरेको कामको प्रगति विवरण, जिन्सी दाखिला प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन। अनुदान रकमबाट भए गरेको कामको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा कार्यक्रम निर्देशिका बमोजिक कार्य भयो भएन विश्वस्त सकिएन । तसर्थ अनुदान रकमको अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।	
७०.२			**शिक्षण सहजिकरण** कोभिड-१९ को कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको क्रियाकलाप नं.१.५ अनुसार स्थानीय तहले विद्यालयमा स्वास्थ्य सुरक्षा सामग्री व्यवस्थापन गर्न पूर्व प्राथमिक कक्षा देखी कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.२००। को दरले हुन आउने रकम विद्यालयलाई अनुदान दिने उल्लेख छ। गो.भौ.नं.२१६-2078/३/२० कार्यालयले कोभिडको कारण विद्यालयहरु बन्द भएको अवस्थामा प्रति विद्यार्थी रु.२००। को दरले ८२ विद्यालयलाई रु.३८,९९,८००। निकासा खर्च लेखेको छ। भौतिक रुपमा पठन पाठन नभएको अवस्थामा प्रदान गरिएको रकमको उपयोग सम्बन्धमा कार्यालयले अनुगमन गरेको छैन। निकासा रकमको सदुपयोग सम्बन्धमा विद्यालयहरुको अनुगमन गरी खर्च रकम फरफारक गर्नुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०.३</td><td></td><td></td><td>कार्यालयले Teach for Nepal संग सम्झौता गरी शुन्य दरबन्दी भएका विद्यालयहरुको लागि भनी रु.४८,५५,५१५। खर्च लेखेको अवस्थामा पुन वडा कार्यालयहरुले विद्यालयका निजि शिक्षक व्यवस्थापन भनी निम्नानुसारका विद्यालयहरुलाई रु.३७५०००। अनुदान दिएको छ। Teach for Nepal सँग सम्झौता भएको अवस्थामा पुन निजि शिक्षक व्यवस्थापन भनी वडा कार्यालयबाट भएको यस प्रकारको खर्च उचित नदेखिएको रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>श्री महेश्वरी विद्यालय</td><td>७५०००</td></tr>
<tr><td>श्री आधारभुत विद्यालय</td><td>७५०००</td></tr>
<tr><td>श्री वाल जनकल्यान प्रा.वि.</td><td>७५०००</td></tr>
<tr><td>श्री वाल चेतना आधारभुत वि.</td><td>७५०००</td></tr>
<tr><td>श्री भद्रकाली प्रा.वि.</td><td>७५०००</td></tr>
</table>
</td><td>३७५,०००</td></tr>
<tr><td>७०.४</td><td></td><td></td><td>दिवा खाजा :- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम प्राप्त भएका स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा १ देखि ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी दैनिक रू.१५। का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर अनुदान दिने र दिवा खाजा उपलव्ध गराएका विद्यालयहरुले विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या एकिन गरी प्रथम चौमासिकमा निकासा भएको रकमको सदुपयोग भएको सुनिश्चतता गरेर मात्र थप अनुदान दिने उल्लेख छ । यस वर्ष पालिकाले दिवा खाजामा रकम रु. १,४५,५१,२४५। निकासा पठाएको छ । निकासा दिएको रकम मध्ये प्राप्त विवरण अनुसार अनुसुची २ मा उल्लेख भए अनुसारका ७५ विद्यालयहरुमा दिवा खाजा बापत रु. १,०९,८१,५९९।- मात्र खर्च भई रु.४७,१६,८५७।- मौज्दात रहेकोले सो रकम असूल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु.</td><td>४,७१६,८५१</td></tr>
<tr><td>७०.५</td><td></td><td></td><td>अनुगमन भत्ता- भ्रमण खर्च नियमावली, २०६४ बमोजिम २० कि.मि. भित्र र एकै दिन फर्किन सकिने स्थानमा भ्रमण जादाँ २५ प्रतिशत खाजा खर्च दिने व्यवस्था छ। साथै प्रदेश सरकारद्वारा जारी सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम अनुगमन भत्ता खर्च लेख्न मिल्ने व्यवस्था छैन। कार्यालयले कोभिड १९ को जोखिम रहेको बेलामा वैकल्पिक शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन टोल टोलमा सिकाई केन्द्र स्थापना गरी सिकाई सहजिकरण गरेको भनी पदाधिकारी तथा कर्मचारीहरुलाई संघिय सरकार हस्तान्तरित कार्यक्रमबाट अनुगमन भत्ता भुक्तानी गरेको छ । योजना अनुगमन गर्दा अनुगमन गरिएका योजनाको बस्तुस्थीती, कमि कमजोरी, सुधारको लागि दिएका निर्देशनहरु समेत देखिने गरी प्रतिवेदन तयार गर्ने र सोको आधारमा अनुगमन भत्ता खर्च लेख्नुपर्नेमा सो बेगर बैकल्पिक सिकाई अनुगमन गरेको भनी गोश्वारा भौचर नं.२७१-२०७८।३।२२ बाट १६ जनालाई अनुगमन भत्ता खर्च बापत रु.११९०००। लेखेको नियम सम्मत नदेखिएको रु.</td><td>११९,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०.६			शहिद स्मृति आवासिय मा.वि लाइ कार्यालयले यस बर्ष विद्यालय सञ्चालन अनुदान बापत त्रैमासिकमा रु.९७५८५००। को दरले बार्षिक रु.३९०३४००। अनुदान निकासा गरेको छ। अनुदान निकासा गर्दा प्रत्येक त्रैमासिकमा खर्चको प्रमाणित विल भर्पाइ प्राप्त गरी खर्च अनुमोदन गराइ अनुदान निकासा गर्नुपर्नेमा सो गरेको छैन। अनुदानको अनुगमन हुनुपर्दछ।अनुदान रकमबाट भए गरेको कामको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा कार्यक्रम निर्देशिका बमोजिक कार्य भयो भएन विश्वस्त सकिएन । तसर्थ अनुदान रकमको अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।	
७१			**कृषि तथा पशु कार्यक्रम**	
७१.१			**क) बोयर बोका खरिद** कार्यालयले पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कार्यालयले यस बर्ष शान्तिनगर बोर बाख्रा पालन फर्मबाट रु.२१७८७५। मा ४ बोयर बोका सोझै खरिद गरी वितरण गरेकोमा खरिद गरेको बोयरको स्वास्थ्य परिक्षण, विमा र जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट समावेश छैन । यसबाट तोकिए बमोजिमको जातिय शुद्धता भएको स्वस्थ्य बोयर खरिद भयो भनी आश्वस्त हुन सकिएन। संघिय सरकारबाट सञ्चालन हुने पशु विकास कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन हुने गरेकोमा शत प्रतिशत अनुदानमा वोयर खरिद गरी वितरण गरेको छ। वितरण गरीएका बोयरहरु निश्चित अवधि सम्म बोका वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। यस प्रकारका वितरण मुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ। **ख) भेटेनरी औषधि खरिद** – कार्यालयले यसबर्ष रु.१४,००,०००।- को भेटेनरी औषधि कर्मचारी तथा विभिन्न फर्महरुबाट पटक पटक गरी सोझै खरिद गरेको छ । खरिद गरेका उक्त औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको, औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन नगरेको तथा वितरणको भरपाई अद्यावधिक नराखेको कारण औषधिको गुणस्तर र कृषकहरुले प्राप्त गरेको सम्बन्धमा एकिन गर्न सकिएन । यसमा सुधार हुनुपर्दछ । **ग) घाँस विउ वितरण**– घाँसको विउ खरिद गर्दा सम्बन्धित बर्ष पशु सेवा विभागले निर्धारित गरेको मुल्य (दर) र श्रोत केन्द्रबाट खरिद गरिनु पर्दछ । कार्यालयले यस बर्ष बर्षिम सिड ३० क्वीन्टल रु.९०००००। मा सुपरनेपियर ४३००० रु.२१५०००, किम्बु बेर्ना ६००० रु.३००००।, मेन्डुला ३०००। रु.४५०००। र डिस्मोडियम ३००० रु.३०००० समेत रु.१२,२२,०००। मा खरिद गरी बितरण गरेको छ। वितरणमा समानुपातिक नभएको र कतिपय विउ बेर्ना हस्ते भनी बुझिलिएको पाइयो। यसरी बुझेकोमा सम्बन्धित कृषकले पाए भनी आश्वस्त हुन सकिएन। कार्यालयले कृषकको माग, पशुपालक कृषकको जनसंख्या र पशुसंख्या पहिचान गरी घाँसयोग्य जमिनको क्षेत्रफल अनुसार खरिद गरी सोही अनुपातमा वितरण गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले यस प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१.२</td><td></td><td></td><td>अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायअनुसार रू.३००७५०७। अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकीन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१९११-२०७८/३/११</td><td>पृथ्वी एग्रोभेट बाट विषादी खरिद गरी वितरण</td><td>२०००००</td></tr>
<tr><td>२०५३-२०७८/३/१६</td><td>विटि एग्रोभेटबाट विषादि खरिद गरी वितरण</td><td>१२३७६०</td></tr>
<tr><td>४४८-२०७७/८/१२</td><td>विभिन्न ३ एग्रोभेट बाट१९९२० किलो गहुँ खरिद गरी वितरण</td><td>४९८०००</td></tr>
<tr><td>२१९१-२०७८/३/२१</td><td>बेमौसमी खेतीमा प्रविधी अनुदान</td><td>५७५६९९</td></tr>
<tr><td></td><td>श्रीमाँ बैष्णवी मेटल स्टोरबाट प्लाष्टिक सिट खरिद गरी वितरण</td><td>११५१३९८</td></tr>
<tr><td>६९६-२०७७/९/१२</td><td>३००० परिमाणमा च्याउको विउ वितरण</td><td>२४००००</td></tr>
<tr><td>१०४४-२०७७/१०/२६</td><td>१५०० परिमाणमा च्याउको विउ वितरण</td><td>१२००००</td></tr>
<tr><td>२०३५र २११०</td><td>८ मौरीको घार वितरण</td><td>९८६५०</td></tr>
<tr><td></td><td></td><td>३००७५०७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१.३</td><td></td><td></td><td>नर्म्स भन्दा बढी भुक्तानी :- लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद 2 बुदा नं ४.4 अनुसार सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति प्रशिक्षक भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापत अधिकृतस्तरको प्रशिक्षणमा प्रति कक्षा रु.1000। र सहायक कर्मचारीहरुको हकमा प्रति कक्षा रु.८०० को दरले भुक्तानी पाउने उल्लेख छ । कार्यालयले सञ्चालन गरेको बाख्रापालन तालिम कार्यक्रममा नर्म्स भन्दा बढी भुक्तानी दिएको छ। निर्देशिकामा व्यवस्था भए भन्दा रु.५९५० बढि भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>दिन</th><th>नियमानुसार पाउने</th><th>भुक्तानी दर</th><th>फरक</th><th>जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>मनोज वली</td><td>३</td><td>८५०</td><td>१७००</td><td>८५०</td><td>२५५०</td><td rowspan="2">बाख्रापालन तालिम</td></tr>
<tr><td>निम कुमार आचार्य</td><td>४</td><td>८५०</td><td>१७००</td><td>८५०</td><td>३४००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>५९५०</td><td></td></tr>
</table></td><td>५,९५०</td></tr>
<tr><td>७१.४</td><td>2400</td><td></td><td>कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च लेख्नुपर्दछ। यस बर्ष कार्यालयले लागत साझेदारीमा बाख्रा खरिद कार्यक्रममा संघिय शशर्त कार्यक्रमबाट रु.९५३०००।(४७.६५%) र स्थानीय सरकारबाट रु.१०४७०००।(५२.३५%) व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गरेको छ। सो कार्यक्रममा पेश भएका प्रस्तावहरु मध्येबाट कार्यालयले अभिधारा व्यवसायिक फर्मलाई छनौट गरी कार्यक्रम सञ्चालन गरेको छ। बाख्रा पालनको लागि कार्यालयले शान्तिनगर बोर बाख्रा पालन फर्मबाट १२५ पाठी र ४ बोयर बोका रु.९५६५००। मा र तुल्सिपुर बाख्रा पालन फर्म बाट १२५ पाठी र ६ बोयर रु.८१८७००। समेत रु.१७७५२००।मा बाख्रा खरिद गरेकोमा खरिद भएका बाख्राहरुको स्वास्थ्य परिक्षण र विमा गरेको छैन भने नश्ल सुधारको लागि खरिद भएका बोयर बोकाहरुको जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट संलग्न गरेको गरेको छैन।समपुरक कार्यक्रम अन्तर्गत कार्यालयले भएको कार्यबाट आनुपातिक खर्च गर्नुपर्नेमा सो नगरी संघीय शशर्त अनुदानबाट बढी खर्च लेखेको छ। सम्झौता अनुसार संघिय शशर्त अनुदानबाट रु.८४४२१५। मात्र खर्च लेख्नुपर्नेमा रु.९५३०००। खर्च लेखेकोले रु.१०८७८५। संघिय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.</td><td>१०८,७८५</td></tr>
<tr><td>७१.५</td><td></td><td></td><td>कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट खर्च लेख्नुपर्दछ। यस बर्ष कार्यालयले लागत साझेदारीमा बंगुर प्रवर्द्धन कार्यक्रममा संघिय शशर्त कार्यक्रमबाट रु.१० लाख(५०%) र स्थानीय सरकारबाट रु.१० लाख।(५०%) व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गरेको छ। सो कार्यक्रममा पेश भएका प्रस्तावहरु मध्येबाट कार्यालयले तुल्सीपुर बंगुर प्रवर्द्धन मुल समितिलाई छनौट गरी कार्यक्रम सञ्चालन गरेको छ। कार्यालयले विभिन्न फर्महरुबाट २५० बंगुर पाठा पाठी रु.१२५००००। मा खरिद गरेकोमा खरिद भएका बंगुरहरुको स्वास्थ्य परिक्षण र विमा गरेको छैन। समपुरक कार्यक्रम अन्तर्गत कार्यालयले भएको कार्यबाट आनुपातिक खर्च गर्नुपर्नेमा सो नगरी संघीय शशर्त अनुदानबाट १० लाख खर्च लेखेको छ। सम्झौता अनुसार संघिय शशर्त अनुदानबाट रु.५०००००। मात्र खर्च लेख्नुपर्नेमा बढी खर्च लेखेको रु.५००००० संघिय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.</td><td>५००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७१.६	2471	२०७८-३-३०	कृषि शाखाको बार्षिक स्वीकृत कार्यक्रम ५० प्रतिशत अनुदानमा व्यवसाय यान्त्रिकिकरण एवम् बजार प्रवर्द्धन कार्यक्रम सञ्चालनमा कार्यालयले लुम्बिनी एग्रो हबबाट माछा जाल, विद्युतिय ग्राण्डर, चाप कटर, लगायतका सामाग्री रु.९७७५०८। मा खरिद गरी कृषकहरुलाई वितरण गरेको छ। ५० प्रतिशत अनुदानमा सञ्चालित कार्यक्रम अनुसार कार्यालय अंश रु.४८८७५४। र कार्यक्रम सञ्चालन खर्च रु.१५५२४०। समेत रु.६४३९९४। खर्च लेख्नुपर्नेमा रु.६९३१६०। खर्च लेखेकोले रु.४९१६६। बढी व्ययभार परेको रु.	४९,१६६
७२			**स्वास्थ्य कार्यक्रम**	
७२.१			कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन ।	
७२.२			औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले सिलबन्दी दरभाउ मार्फत रु.१२,७५,११४।, र सोझै खरिद मार्फत रु.४,२२,२२८ ।- समेत रु.१६,९७,३४२।- को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ; • खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ । यस सम्बन्धमा गत विगतमा औल्याएतापनि सुधार भएको छैन। औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
७२.३			**सुत्केरी पोषण भत्ता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट मितव्ययी, प्रभावकारी र औचित्यको आधारमा खर्च गर्नुपर्ने र दफा २४(३) अनुसार योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ। कार्यालयले सुत्केरी स्याहार पोषण भत्ता वितरण कार्यविधी बनाई यो बर्ष रु.३१६७६००। सुत्केरी भत्ता वितरण गरेको छ। संघिय सरकार अन्तर्गतका कार्यक्रमहरुमा सुत्केरी प्रोत्साहन स्वरुप यातायात सुविधा र चारभेट बापत भत्ता वितरण गर्ने कार्यक्रम रहेकोमा कार्यालयले कार्यक्रममा दोहोरोपना हुने र चालु निशर्त खातामा व्ययभार पर्ने गरी सुत्केरी पोषण भत्ता कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम छनौट गर्ने र कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
७३			**आन्तरिक लेखापरीक्षण**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३.१			**छात्रवृत्ति प्रदानः–** कार्यालयले गरिव र जेहन्दार विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रमका लागि छात्रवृत्ति छनौटको आधार र मापदण्ड तयार गर्नुपर्दछ। तयार भएको मापदण्ड र कार्यविधि बमोजिम छनौट भएका विद्यार्थीहरुलाई न्यूनतम प्रक्रिया पुरा गरी छात्रवृति बापतको रकम भुक्तानी गर्नुपर्नेमा कार्यालयले छात्रवृत्ति छनौटको आधार तयार गरेको छैन। कार्यालयले वडा समितिको निर्णयका आधारमा तुलसीपुर उपमहानगरपालिकाले नै सञ्चालन गरेको तुलसीपुर वहुप्राविधिक शिक्षालय मा अध्ययन गर्ने ४ विद्यार्थिहरुलाई शत प्रतिशत छात्रवृत्तिका लागि छनौट गरी तुल्सीपुर बहुप्राविधिक शिक्षालयलाई प्रति विद्यार्थी रु.४०,०००। को दरले रु.१६००००। भुक्तानी गरेको छ। वडा कार्यालय र शिक्षालय विच भएको सम्झौता अनुसार विद्यार्थीले विचैमा अध्ययन अध्ययापन छोडे पनि सो विद्यार्थीको लागत बापत दोस्रो वर्ष ३०,००० प्रति विद्यार्थी र तेस्रो वर्ष पनि ३०,००० प्रति विद्यार्थी गरी आउदो २ वर्षमा प्रति वर्ष १२०,००० का दर ले भुक्तानी दिनुपर्ने सम्झौता गरेको छ । विद्यार्थीले विचैमा अध्ययन अध्यापन गर्न छाडे पनि वडा कार्यालयले शुल्क तिर्नु पर्ने गरी सम्झौता गर्नु नियम नदेखीएको रु.	१६०,०००
७३.२			**कार्यसम्पन्न र नापि पेश हुनुपर्ने** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने लेखा राख्नुपर्ने व्यवस्था छ। वडा नं.२ वडा कार्यालयले तकियापुर खानेपानी मर्मतको लागि तकियापुर खानेपानी सरसफाई उपभोक्ता समितिलाई रु.२५०,०००। भुक्तानी गरेकोमा सोको नापि र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन। उपभोक्ता समितिलाई भुक्तानी गरेको खर्चको पुष्टाई हुने नापि तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	२५०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्ने अधिकारीले प्रमाणितबाट स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका विद्यालयहरुलाई भवन निर्माणको लागि रु.२,५५,००,०००। रकम निकासा गरेकोमा विद्यालयको बैङ्क खातामा रकम जम्मा गरी तत्पश्चात बैङ्क खाता रोक्का गरेको छ । खर्चसँग सम्बन्धित भवन निर्माणको रनिङ विल/फाइनल विल, कार्यसम्पन्न प्रतिवेदन भौचरसँग संलग्न गरेको छैन। यसबाट बजेट फ्रिज नगर्ने उद्देश्यबाट बजेट खर्च लेखेको देखियो निर्माण सँग सम्बन्धित नापि तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निर्माण कार्य</th><th>रकम</th></tr>
<tr><td>गुरुजजुर मा.वि रक्षाचौर</td><td>भवन निर्माण</td><td>१००००००००</td></tr>
<tr><td>मा.वि तुलसीपुर सेन्टर</td><td>भवन निर्माण</td><td>३६००००००</td></tr>
<tr><td>श्री अम्वेश्वरी मा.वि अम्वापुर</td><td>भवन निर्माण</td><td>३६००००००</td></tr>
<tr><td>श्री दिपेन्द्र मा.वि मानपुर</td><td>भवन निर्माण</td><td>३६००००००</td></tr>
<tr><td>श्री आ.वि कटाहा</td><td>भवन निर्माण</td><td>१८००००००</td></tr>
<tr><td>श्री बालमितेरी मा.वि भोजपुर</td><td>शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td>श्री अमर मा.वि उरहरी</td><td>शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td>श्री मा.वि बालापुर</td><td>विद्यालय प्रवलिकरण</td><td>१५००००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५५००००००</td></tr>
</table></td><td>२५,५००,०००</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>कर्मचारी र संगठन संरचना</td><td></td></tr>
<tr><td>७५.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ख (२) अनुसार स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराउनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष उपमहानगरपालिका तर्फका २७३ कर्मचारीको बार्षिक तलब रु.१२,३२,६५,५८४। तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गर्नुपर्ने सम्बन्धमा गत विगतमा समेत औल्याउदै आएकोमा यसमा सुधार भएको छैन। यसबाट कार्यालयले खर्च लेखेको ग्रेड रकमको सम्बन्धमा एकिन हुन सकिएन। आन्तरिक लेखापरीक्षण शाखा गठन भई पदपुर्ति समेत भएको अवस्थामा स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरी ग्रेड रकम अनुसार तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५.२			कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६८ कर्मचारीहरु करारमा राखी रु.२,७६,५०,८७९। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १२ पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.६९,०५,७६९।- भुक्तानी गरेकोले बढी व्ययभार परेको रु.	६,९०५,७६९
७५.३			कर्मचारी प्रोत्साहन भत्ता : निजामती सेवा ऐन, २०४९ को दफा २८(क) अनुसार निजामती कर्मचारीको कार्यसम्पादन, कार्य परिणाम र प्राप्त नतिजाको आधारमा निजलाई प्रोत्साहन गर्न एक कार्यसम्पादन प्रोत्साहन कोषको व्यवस्था गर्न सकिने व्यवस्था गरेको छ । त्यस्तै अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७५ को परिच्छेद सात को बुदा नं. ७.१.४ अनुसार अतिरिक्त समयमा गरिने काम र स्रोतबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराउनुपर्ने र यस प्रयोजनका लागि विद्युतिय हाजिर प्रणाली अनिवार्य रुपमा लागु भएको हुनुपर्ने उल्लेख छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रु.३,४२,५६०। प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	३४२,५६०
७५.४			**कर्मचारी कल्याणकोष** -स्थानीय स्वायत्त शासन नियमावली, २०६५ को नियम २६५ बमोजिम स्थानीय निकायका कर्मचारीहरुलाई उपदान दिने प्रयोजनको लागि अवकाश कोषमा प्रत्येक बर्ष एक महिना बराबरको तलब जम्मा गर्नुपर्ने उल्लेख छ। कार्यालयले स्थानीय तर्फका ६० कर्मचारीहरुको मासिक तलब बराबरको रकम रु.१८३२३६२। बराबरको रकम कल्याणकारी कोषमा जम्मा गरी सोही कोषबाट अवकाश कर्मचारीको लागि उपदान खर्च भुक्तानी गर्नुपर्नेमा समानीकरण चालु शिर्षकबाट रु.७२०००००। अवकाश खर्च भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था अनुरुप अवकाश कोषलाई मजबुत बनाइ सोही कोषबाट खर्च लेख्नुपर्दछ।	
७५.५			**कर्मचारी दरबन्दी** -सबै स्थानीय तहहरुको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।४।६ को संगठन संरचना र दरबन्दी स्वीकृत सम्बन्धी पत्र अनुसार स्थानीय तहको कार्य प्रकृति, सेवा प्रवाह एवम् विकास व्यवस्थापनको आवश्यकता, भौगोलिक स्थिती, सेवा पुर्‍याउनुपर्ने जनसंख्या समेतका आधारमा स्थायी संगठन संरचना र दरबन्दी निर्धारण गर्नुपर्ने उल्लेख छ। मन्त्रालयको मिति उल्लेख नभएको पत्रबाट यस कार्यालयको लागि विभिन्न पदमा २३० कर्मचारीको दरबन्दी रहने गरी दरबन्दी स्वीकृत भएको छ । आर्थिक प्रशासन शाखाबाट तलब खर्च लेखेका कर्मचारीहरुको विवरण अनुसार कार्यालयमा विभिन्न पदहरुमा ३७४ जना कर्मचारीहरु रहेको विवरण प्राप्त भएको छ। कार्यालयले आवश्यक दरबन्दी निर्धारण गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा दरबन्दीको पूनरावलोकन गर्नुपर्दछ।	
७६			**पदाधिकारी सेवा सुविधा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६.१			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्न नसकिने काममा भएको फुटकर खर्चको हकमा खर्च गर्ने अधिकारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा स्वीकृत गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ५ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा २ हजार रुपैंया सम्म र सो भन्दा कमको यातायात खर्च, ढुवानी खर्च र त्यस्तै विल भरपाइ पेश हुन नसक्ने स-साना काममा भएको फुटकर खर्च भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.६९,१२,०००।-, टेलिफोन तथा मोवाइल रु.३८,९४,०००। पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.३०,५४,०००।-, समन्वय तथा सहजीकरणमा रु.५७,८४,०००।- अतिथि सत्कारमा रु. १८,८४,०००।- खानेपानी विजुली सरसफाईमा रु.२,६४,०००।- , र चाडवाड खर्च रु.११,६५,०००। समेत रु.२,२९,५७,०००।- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन। अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
७६.२			**सवारी साधन सुविधा** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले सवारी सुविधा उपलब्ध गराउने र उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले यातायात भत्ता पाउने ब्यवस्था छ । कार्यालयको जिन्सी खाता परिक्षण गर्दा सवारी सधान प्रयोग गरिरहेका पालिकाका निम्न वडा अध्यक्षहरुले यातायात खर्च पाउनकै लागि कार्यालयको सवारी साधन फिर्ता गरेका छन् । पदाधिकारीहरुले सवारी साधन फिर्ता गरेतापनि वडा सचिवहरुलाई बुझन लगाई निजहरु स्वयंले प्रयोग गर्ने गरेको बुझियो । कार्यालयले पदाधिकारीका लागि खरिद भएका मोटर साईकलहरु फिर्ता गरेको आधारमा यस बर्ष यातायात साधन प्रयोग नगर्ने १६ वडा अध्यक्षलाई मासिक रु.१२०००। को दरले रु.२३,०४,०००। यातायात भत्ता दिएको छ। अतः कार्यालयमा सवारी साधन हुँदाहुँदै साविकमा सरकारी सवारी साधन प्रयोग गर्न नचाहेर प्रयोग नगरेका तथा सवारी साधन फिर्ता गरेका पदाधिकारीहरुको यातायात खर्च छानविन गरि असूल गर्नुपर्ने र यस प्रकारको खर्च नियन्त्रण गरिनु पर्दछ।	

क्र.स	**पदाधिकारीहरुको नाम**	**पद**	**वडा नं**	**सवारीको किसिम**	**मूल्य**	**सवारी खरिद मिति**	**सवारी वूभेको मिति**	**सवारी फिर्ता गरेको मिति**	**फिर्ता गर्नूका कारण**
१	लक्ष्मण भण्डारी	वडा अध्यक्ष	१	मोटरसाइकल	२२२१५०	२०७५।९।२७	२०७५।९।२७	२०७७।६।१५	यातायात खर्च लिएकोले
२	राजु आचार्य	वडा अध्यक्ष	२	मोटरसाइकल	२२२१५०	२०७५।९।२७	२०७५।९।२७	२०७७।६।१५	यातायात खर्च लिएकोले
३	विर बहादुर वि.क	वडा अध्यक्ष	३	मोटरसाइकल	२२२१५०	२०७५।९।२७	२०७५।९।२७	२०७७।६।१५	यातायात खर्च लिएकोले
४	बालकृष्ण राना	वडा अध्यक्ष	४	मोटरसाइकल	२२२१५०	२०७५।९।२७	२०७५।९।२७	२०७७।६।१५	यातायात खर्च लिएकोले
५	विरेन्द्र कुमार शाह	वडा अध्यक्ष	५	मोटरसाइकल	२२२१५०	२०७५।९।२७	२०७५।९।२७	२०७७।६।१५	यातायात खर्च लिएकोले
६	टोप बहादुर के.सी	वडा अध्यक्ष	७	मोटरसाइकल	१८७२७२	२०७५।९।२७	२०७५।९।२७	२०७७।६।१५	यातायात खर्च लिएकोले
७	बेद बहादुर के.सी	वडा अध्यक्ष	८	मोटरसाइकल	२२२१५०	२०७५।९।२७	२०७५।९।२७	२०७७।६।१५	यातायात खर्च लिएकोले

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>घनश्याम ढकाल</td><td>वडा अध्यक्ष</td><td>९</td><td>मोटरसाइकल</td><td>१८७२७२</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>९</td><td>कुमार लामिछाने</td><td>वडा अध्यक्ष</td><td>१०</td><td>मोटरसाइकल</td><td>२२२१५०</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>१०</td><td>चित्र बहादुर वली</td><td>वडा अध्यक्ष</td><td>११</td><td>मोटरसाइकल</td><td>१८७२७२</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>११</td><td>सुर्य बहादुर के.सी</td><td>वडा अध्यक्ष</td><td>१२</td><td>मोटरसाइकल</td><td>१८७२७२</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>१२</td><td>प्रशु नारायण चौधरी</td><td>वडा अध्यक्ष</td><td>१४</td><td>मोटरसाइकल</td><td>२२२१५०</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>१३</td><td>लक्ष्मण चौधरी</td><td>वडा अध्यक्ष</td><td>१५</td><td>मोटरसाइकल</td><td>१८७२७२</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>१४</td><td>भुप बहादुर के.सी</td><td>वडा अध्यक्ष</td><td>१६</td><td>मोटरसाइकल</td><td>१८७२७२</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>१५</td><td>थलराज पुरी</td><td>वडा अध्यक्ष</td><td>१७</td><td>मोटरसाइकल</td><td>२२२१५०</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
<tr><td>१६</td><td>राम बहादुर योगी</td><td>वडा अध्यक्ष</td><td>१९</td><td>मोटरसाइकल</td><td>१८७२७२</td><td>२०७५।९।२७</td><td>२०७५।९।२७</td><td>२०७७।६।१५</td><td>यातायात खर्च लिएकोले</td></tr>
</table>
ईन्धन सुविधा- लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसुची आ अनुसार उपमहानगरपालिका प्रमुख र उपप्रमुखलाई मासिक १२० लिटर इन्धन सुविधा उपलव्ध गराउने उल्लेख छ। उपमहानगरपालिका प्रमुख र उपप्रमुखले ऐनमा व्यवस्था भए भन्दा ५६९० लिटर डिजेल बढी खर्च लेखेकोले बार्षिक औषत मूल्यको आधारमा रु.९६.६२५ को दरले रु.५४९७९६। बढी व्ययभार पारेको छ। ऐनले निर्धारण गरेको सिमा भित्र रहि इन्धन खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।
</td><td></td></tr>
<tr><td>७६.३</td><td></td><td></td><td>उप मेयर आवास सुविधा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ बमोजिम पदाधिकारीहरुलाई आवास सुविधा उपलव्ध गराउन मिल्ने देखिदैन। कार्यालयले उपप्रमुखलाई आवास सुविधा बापत मासिक रु.११०००। मा करकट्टी गरी बार्षिक रु.११८८००। र पानी बिजुली बापत बार्षिक रु.१७३१६। समेत रु.१,३६,११६। खर्च भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.</td><td>१३६,११६</td></tr>
<tr><td>७६.४</td><td></td><td></td><td>सल्लाहकार – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । नगर प्रमुखको कानुनी सल्लाहकार पदमा बामदेव शर्मालाई नियुक्त गरी बार्षिक रु.३०००००।- स्वकिय सचिव पदमा धर्मराज वलीलाई नियुक्त गरी बार्षिक रु.३३८४००। र प्रेस सल्लाहकार पदमा ओपेन्द्र बस्नेत समेतलाई नियुक्त गरी रु.७१३४००। खर्च लेखेकोले बढि व्ययभार परेको रु.</td><td>७१३,४००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६.५	2269	२०७८-३-२४	**न्यायिक समिति बैठक भत्ता** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यीता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ खर्चको मापदण्ड सम्बन्धी व्यवस्थाको बुदाँ नं.१ङ बमोजिम कानुन बमोजिम गठित समितिको बैठकमा समितिको सदस्य संख्या बाहेक सहायक कर्मचारी, सहयोगी कर्मचारी र विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यहरु राख्न सक्ने व्यवस्था छ। न्यायिक समितिको बैठक भत्ता भुक्तानीको परीक्षण गर्दा सदस्य संख्या र आमन्त्रित सदस्यको रुपमा राख्न पाउने संख्या भन्दा बढी संख्यामा कर्मचारी तथा पदाधिकारीहरुलाई संलग्न गराई बैठक भत्ता भुक्तानी गरेको छ। ऐनमा व्यवस्था भए भन्दा बढी सदस्य राखी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.	६२,०५०

पदाधिकारीको नाम	**दिन**	**दर**	**जम्मा**	**कैफियत**
सुशिला शाह	१५	८५०	१२७५०	न्यायीक समिति भत्ता
शोभा गौतम	१२	८५०	१०२००	
सलिना कार्की	१३	८५०	११०५०	
हुम बहादुर वि.क	१०	८५०	८५००	
माया श्रेष्ठ	७	८५०	५९५०	
धर्मराज ओली	६	८५०	५१००	
विष्णु कुमारी आचार्य	३	८५०	२५५०	
सविन के.सी	५	८५०	४२५०	
टोप बहादुर डाँगी	२	८५०	१७००	
जम्मा			६२०५०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७७			बेरुजु अनुगमन र संपरीक्षण क)अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण गराएको छैन ।गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । रु. हजारमा	

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B
३३६७९७	०	३३६७९७

ख) अद्यावधिक वेरुजु - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ

रु.हजारमा

गत वर्ष सम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
३३६७९७	०		०	